
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १५ | २०७७, मङ्सिर १-१५ | पूर्णाङ्क ६८१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ५ | इजलास नं. ९ | ९ |
| इजलास नं. १ | ३ | इजलास नं. १० | ६ |
| इजलास नं. २ | २ | इजलास नं. ११ | १ |
| इजलास नं. ३ | १ | इजलास नं. १२ | ४ |
| इजलास नं. ४ | १० | इजलास नं. १३ | ४ |
| इजलास नं. ५ | ४ | इजलास नं. १४ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १५ | ४ |
| इजलास नं. ७ | २ | एक न्यायाधीशको इजलास | २ |
| इजलास नं. ८ | ७ | | |
| जम्मा | ३८ | जम्मा | ३२ |

**कूल जम्मा ३८ + ३२ = ७०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, मङ्सिर – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ६** |
| १. | उत्प्रेषण | पिताम्बर थापा वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | परिवर्तित नाम दोरेन लामा वि. काठमाडौं जिल्ला अदालतसमेत | ३ |
| ३. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. बहुरी खाँसमेत | ३ |
| ४. | चोरी | नेपाल सरकार वि. काले सुनिल भन्ने विनोद खानासेती सिरालसमेत | ४ |
| ५. | जबरजस्ती करणी | नेपाल सरकार वि. बलविर सिंजाली मगर | ५ |
| **इजलास नं. १** | | | **६ – ८** |
| ६. | उत्प्रेषण | यक्षध्वज कार्की वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहचलसमेत | ६ |
| ७. | जुवा | नेपाल सरकार वि. कृष्ण अधिकारीसमेत | ७ |
| **इजलास नं. २** | | | **८ – ९** |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रक्तिम भन्ने नरेन्द्र शाही | ८ |
| ९. | हातहतियार खरखजाना | नेपाल सरकार वि. मुकेशकुमार यादव | ९ |
| **इजलास नं. ३** | | | **९ – १०** |
| १०. | बन्दी प्रत्यक्षीकरण | साइमन तामाङ वि. बारा जिल्ला अदालत, कलैया बारासमेत | ९ |
| **इजलास नं. ४** | | | **१० – २४** |
| ११. | उत्प्रेषण / परमादेश | पूर्ण विश्वकर्मा स्थापित वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | १० |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामसेवक राय यादव | १४ |
| १३. | जबरजस्ती करणी | देवकुमार सदा वि. नेपाल सरकार | १५ |
| १४. | कर्तव्य ज्यान | रतिमान रोकाया वि. नेपाल सरकार | १६ |
| १५. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. लेप्साङ लामा | १७ |
| १६. | बन्दी प्रत्यक्षीकरण | युवप्रसाद न्यौपाने वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | १९ |
| १७. | जबरजस्ती करणी | नेपाल सरकार वि. गोपी सर्राफसमेत | २० |
| १८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. घनश्याम आचार्य | २३ |
| **इजलास नं. ५** | | | **२४ - २७** |
| १९. | निषेधाज्ञा | शारदा हलुवाई वि. भुटन भन्ने मनोज साह | २४ |

| | | | |
|---|---|---|---|
| २०. | निषेधाज्ञा | बासु कार्कीसमेत वि. मकवानपुर जिल्ला अदालतसमेत | २५ |
| २१. | बिना इजाजत वन पैदावार ओसारपसार गरेको | नेपाल सरकार वि. भीमबहादुर खड्कासमेत | २६ |
| २२. | ठगी | नेपाल सरकार वि. पुष्पा खड्का (कार्की) समेत | २६ |
| **इजलास नं. ६** | | | **२७ – ३२** |
| २३. | हातहतियार खरखजाना | नेपाल सरकार वि. सुनबहादुर गोलेसमेत | २७ |
| २४. | फैसला बदर | केशलक्ष्मी तुलाधरसमेत वि. मनोरमा देवी तुलाधर | २९ |
| २५. | मोटर बिमा | युगेशभक्त वादे श्रेष्ठ वि. प्रकाश किरण बम | ३० |
| २६. | जरिवानाको कारबाही बदर | अनिल हाडा वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत | ३१ |
| **इजलास नं. ७** | | | **३२ – ३३** |
| २७. | मोही नामसारी | शेख तैयव वि. विन्देश्वरप्रसाद यादव | ३२ |
| २८. | अवैध वन पैदावार ओसार पसार | मोहन नेपाली वि. नेपाल सरकार | ३२ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ८** | | | **३३ – ३९** |
| २९. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. प्रकाश कटुवाल क्षेत्री | ३३ |
| ३०. | मोही नामसारी | गुन्जेश्वर प्रमाणी वि. दाइवती प्रमाणी | ३५ |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलराम पोखरेल | ३५ |
| ३२. | जग्गा खिचोला चलन | कर्मलाल घिसिङ वि. सकुन्तलाकुमारी थापा | ३६ |
| ३३. | राष्ट्रिय वनको वनपैदावर साल सिसौ काठ ओसार पसार | नेपाल सरकार वि. ज्ञानबहादुर वली | ३८ |
| **इजलास नं. ९** | | | **३९ – ४६** |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गणेश सुनार | ३९ |
| ३५. | आयकर (आ.व. २०५९/६०) | आनन्दराज ढकाल वि. पद्मज्योति | ४० |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर वि.क. | ४० |
| ३७. | उत्प्रेषण | रामगोपाल साहसमेत वि. उच्च अदालत विराटनगरसमेत | ४२ |
| ३८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुखधन राई | ४२ |

| | | | |
|---|---|---|---|
| ३९. | घर बहाल भराई घर खाली गराई पाउँ | लक्ष्मी कायस्थ वि. रामकाजी कायस्थ | ४३ |
| ४०. | उत्प्रेषण | विनायकराज पाण्डे वि. श्रम अदालतसमेत | ४४ |
| **इजलास नं. १०** | | | **४६ – ५०** |
| ४१. | उत्प्रेषण / परमादेश | कपिलमणि पोखरेल वि. सामान्य प्रशासन मन्त्रालयसमेत | ४६ |
| ४२. | उत्प्रेषण / परमादेश | इन्द्रप्रसाद न्यौपानेसमेत वि. शिक्षा मन्त्रालयसमेत | ४६ |
| ४३. | लागु औषध कोकिन | मर्सी भनिने के मर्सी वि. नेपाल सरकार | ४७ |
| ४४. | छुट जग्गा दर्ता नामसारी दा.खा. | फूल कुमैर पासवान वि. जगनारायण यादव | ४८ |
| ४५. | उत्प्रेषण | पवित्रा खिर्सिना वि. उच्च अदालत विराटनगरसमेत | ४८ |
| ४६. | उत्प्रेषण | बौएलाल मण्डलसमेत वि. गोविन्दप्रसाद ढुंगेलसमेत | ४९ |
| **इजलास नं. ११** | | | **५० – ५१** |
| ४७. | बन्दी प्रत्यक्षीकरण | निहाल सिंह बुढाथोकी वि. सिन्धुली जिल्ला अदालत, सिन्धुलीसमेत | ५० |
| **इजलास नं. १२** | | | **५१ – ५५** |
| ४८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामेश्वर दाससमेत | ५१ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | जङ्गबहादुर भण्डारीसमेत वि. गृह मन्त्रालयसमेत | ५२ |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हिमप्रसाद शर्मा | ५३ |
| ५१. | बन्दी प्रत्यक्षीकरण | डम्बरबहादुर थापा मगर वि. उदयपुर जिल्ला अदालतसमेत | ५४ |
| **इजलास नं. १३** | | | **५५ – ६१** |
| ५२. | जग्गा खिचोला मेटाई घर हटाई भत्काई चलनसमेत पाऊँ | भगतदास श्रेष्ठ वि. सिमला गुरूङ (तामाङ) | ५५ |
| ५३. | कर्तव्य ज्यान | माधव लोनिया चौहान वि. नेपाल सरकार | ५७ |
| ५४. | बन्दी प्रत्यक्षीकरण | मनु के.सी. वि. जिल्ला प्रहरी कार्यालय, बाग्लुङसमेत | ५८ |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रकाश मल्लसमेत | ५९ |
| **इजलास नं.१४** | | | **६१ - ६३** |
| ५६. | रोक्का बदर | आलोककुमार शर्मा वि. करूणा खड्गी | ६१ |

| | | | |
|---|---|---|---|
| ५७. | उत्प्रेषण / परमादेश | उद्धवप्रसाद आचार्य वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | ६२ |
| **इजलास नं.१५** | | | **६३ - ६६** |
| ५८. | ज्यान मार्ने उद्योग र डाँका | नेपाल सरकार वि. विक्रम तामाङसमेत | ६३ |
| ५९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमलेशकुमार यादव | ६५ |
| ६०. | उत्प्रेषण | जीतकुमारी लिम्बू वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ६५ |

| | | | |
|---|---|---|---|
| **एक न्यायाधीशको इजलास** | | | **६६ - ६८** |
| ६१. | उत्प्रेषण / परमादेश | नीता हमाल राणा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ६६ |
| ६२. | उत्प्रेषण / परमादेश | नानीकाजी मगर वि. रामकाजी मगरसमेत | ६७ |

## संयुक्त इजलास

**१**

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** *०७३-WO-१२३२, उत्प्रेषण, पिताम्बर थापा वि. उच्च अदालत तुलसीपुर, बुटवल इजलाससमेत*

अंश मुद्दा दायर भएपछि वा मानो छुट्टिएको मिति कायम भइसकेपछि जिल्ला अदालत नियमावली, २०४९ को नियम ७८ख (१) बमोजिम अंशियारको घटबढ जस्ता अन्यथाको अवस्थामा बाहेक सगोलको पारिवारिक सम्पत्ति बन्डा हुने निश्चितता हुन जाने नै हुन्छ । अर्थात् मानो छुट्टिएको मिति निश्चित हुनु भनेको सगोलको पारिवारिक हैसियत वा कर्तव्य समाप्त हुने ।

पतिपत्नी बाबुआमा छोराछोरीको सगोलको पारिवारिक हैसियत (status) मा रहनुपर्ने केही आपसमा हुने व्यवहारगत सीमिततामा परिवर्तन हुने हुँदा त्यस्ता अंशियार सदस्य सगोलको पारिवारिक हैसियतबाट एकापसमा करार (Contract) वा व्यवहार गर्न सक्ने परिवर्तित अवस्थामा पुग्ने हुदा अंशियारले अंशियारलाई समेत लिखत गरी दिन नसक्ने हुँदैन । अर्थात् मानो छुट्टिएको मिति निश्चित भएपश्चात् वा अंश मुद्दा अन्तिम भएपश्चात् एक अंशियारले अर्को अंशियारलाई शेषपछिको बकसपत्र गरिदिएको कार्य वा त्यस्तो लिखतलाई एकासगोलको अंशियारले एकासगोलको अंशियारलाई सगोलको सम्पत्ति हस्तान्तरण गरेको अर्थ गर्न मिल्ने नदेखिने ।

अंश मुद्दा दायर गरिसके वा मानो छुट्टिएको मिति कायम भएपछि फैसला वा फैसला कार्यान्वयन नहुँदै आफ्नो अंशभागमा पर्न आउने सम्पत्ति शेषपछिको बकसपत्र गरिदिन नपाउने गरी कुनै दातालाई कानूनले रोक नलगाएको अवस्थामा दानबकसको १ नं. तथा अंश बन्डाको १९(४) नं. अनुसार आफ्नो अंशभागमा पर्ने सम्पत्ति निजले शेषपछिको लिखत गरिदिन पाउने नै देखिँदा आमा नन्दमाया थापाले निजको छोरा पिताम्बर थापालाई मिति २०६८।६।२६ मा गरिदिएको शेषपछिको बकसपत्र उचित हस्तान्तरण पुष्टि भए सम्बद्ध कानूनी व्यवस्था र लिखत उत्पत्तिको आधारमा वैधता प्राप्त गर्ने नै देखिएकोले कानूनसङ्गत मान्नुपर्ने ।

वृद्ध अवस्थाको नन्दकुमारीको बन्डा नहुँदै मरेमा सुकुम थापासमेतका अन्य अंशियारालाई बन्डा लाग्ने अवस्थालाई रोक्ने उद्देश्यले वा मनपरेको पत्नी छोराछोरीलाई दिने उद्देश्य वा सुकुम थापासमेतले नन्दकुमारी र यी निवेदक पिताम्बर थापालाई अंश मुद्दा दिएको कारणले त्यस्ता मुद्दा दिने अंशियारलाई कम अंश परोस् भन्ने धारण बनाई व्यवहार गर्नु उचित मान्न सकिँदैन । त्यस्तो पैतृक सम्पत्तिको रूपमा रहेको सम्पत्ति नै अंश मुद्दा परी मानो छुट्टिएको मिति कायम भएपछि वा बन्डा नछुट्टिँदैको अवस्थामा हुने कुनै लिखत व्यवहार अनुचित व्यवहार नभई सामान्य र उचित व्यवहार नै हो भनी पुष्टि गर्ने भार पनि त्यस्ता लिखत गर्ने पक्षमा नै रहने ।

पैतृक सम्पत्ति यी निवेदक जिम्मा रहेको र त्यस्तो सम्पत्ति विपक्षीहरूले लिए पाएको नदेखिएको अवस्थामा सोही सम्पत्तिबाट नै नन्दकुमारीको हेरचाह भइरहेको स्थितिमा निवेदकले मात्र रेखदेख गरेको भनी मान्न नमिल्ने र त्यस प्रकारको सम्पत्तिको स्रोत एउटै, एउटै बाबुका सन्तान छोराछोरी श्रीमतीहरूका बिच अंश गर्दा प्राविधिक रूपमा पिताम्बरले प्राप्त गरेको एकलौटी गर्दा अन्तत: पैतृक सम्पत्तिमाथि विभेद हुने देखिएको छ । निवेदकले निजी आर्जनको दाबी लिए पनि प्राप्त सम्पत्ति पुर्ख्यौली तथा विपक्षीलाई समेत अंश भाग लाग्न सक्ने प्रकृतिको सम्पत्ति नै आमाबाट पिताम्बर थापाले शेषपछिको बकस गरिलिएको देखिएको छ । अंश मुद्दा फैसला भए पनि अंश छुट्टिभिन्न वा बन्डा मुचुल्का भई फैसला कार्यान्वयन

भइसकेको नदेखिएकोले पारिवारिक सद्भाव र अन्तर्निभरता यथावत् कायम राख्न र पति पीताले सबै पत्नी छोराछोरी प्रति समान व्यवहार गरेको देखिनुपर्ने अवस्थाको कर्तव्यसमेत यी निवेदकको रहेकोमा उल्लिखित अवस्था परिस्थितिलाई नजर अन्दाज गर्न नसकिने।

मुल अंशियारा नन्दकुमारीको मृत्यु भएकोले अंशियार संख्यामा घटीबढी भइरहेको देखिएको छ। आमा नन्दमायाबाट अष्टलोह शे.व. को लिखतको कारण पिताम्बर थापा निज नन्दकुमारी थापाको अंशको एकलौटी हकदार देखिन आए पनि पिताम्बर थापाका सुकुम थापा, चित्रकुमारी र रक्षा थापा गरी तीनवटा पत्नी रहेकोमा मन परेको पत्नी रक्षा थापा र निजको छोरा अमरदीप थापालाई पोस्ने उद्देश्यले आमाछोरा मिली उल्लिखित शेषपछिको बकसपत्रको लिखत गरेका हुन् भनी लिखित जवाफमा उल्लेख गरेकोमा निवेदकले कुनै प्रतिक्रिया खण्डन नगरेको र यिनै निवेदक र विपक्षी भई अंश मुद्दा चलेको देखिँदा यी निवेदक र विपक्षीको आपसी मनोमालिन्यको प्रभाव उक्त लिखत हुँदा नपरेको भन्न सकिने अवस्था नदेखिने।

निवेदक तथा विपक्षी सुकुम थापासमेत बिचको अंश भागलाई प्रभावित तुल्याउन निवेदक पिताम्बर थापा र निजको आमा नन्दमायाको आपसी सहमतिले नन्दमायाको वृद्धावस्था र जिल्ला अदालत नियमावली, २०४९ को नियम ७८ख (१) समेतको कानूनी व्यवस्थालाई विचार गरेर नै दाबीको लिखत भएको मान्न सकिने आधारसमेत पुष्टि भइरहेको छ। जिल्ला अदालत नियमावली, २०४९ को नियम ७८ख(१)(२) समेतको कानूनी व्यवस्थालाई निस्प्रभावित तुल्याउने, अंशियारले पाउने अंशमा घटिबढी पर्ने गरी वृद्ध अवस्थाका बाबुआमालाई प्रभावित तुल्याई निवेदकसमेतले लिखत व्यवहार गरेको देखिन आएको छ। यसरी अंशियारलाई अंशमा घटिबढी पार्ने, मन परेको स्वास्नी छोराछोरीलाई दिने गरी प्रवृत्त धारणा राख्ने, बन्डाको परिणामलाई सोचविचार गरी कुनै नियतले लिखत व्यवहार गर्नेसमेतका कार्य वा लिखत व्यवहार न्यायको मार्गका अवरोध वा चुनौती मान्नु पर्ने हुँदा उचित र समन्यायपूर्ण मान्न नसकिने।

न्यायको मार्गमा चुनौती दिने वा अनुचित व्यवहार देखिई निवेदकसमेतको व्यवहार सन्दर्भ र परिणामको दृष्टिकोणबाट समेत न्यायोचित नदेखिएकोले मुद्दा चल्दैको अवस्थामा भएको समग्र व्यवहारलाई विचार नगरी अंशियारले अंशियारलाई आफनो अंश भाग दिएको भन्ने आधारमा मात्र पाउनेको ठहर गर्नु न्यायोचित र विवेकसम्मत हुने नदेखिनुको अलवा घरको मुख्य भई काम गर्नेको अनुचित व्यवहारबाट आश्रित परिवार वा अंशियारलाई मर्का पर्ने देखिएको छ। विवेचित अवस्था परिस्थिति तथा सगोल सम्पत्तिबाट आमालाई हेरचाह भइरहेको परिस्थितिमा पैतृक सम्पत्ति नै आमाबाट आफूले मात्र शेषपछिको बकस पाएको भनी छोराछोरी पत्नीलाई बाहेक गर्ने गरी भएको विपक्षीको काम कारबाही उचित व्यवहार र सामान्य तवरको निजी आर्जनको पुष्ट्याइँ हुन नसकेकोले यस्तो विशेष (Particular) अवस्थामा माथि विवेचित सामान्य अवस्थामा प्रतिपादित सिद्धान्त (ने.का.प.२०४५, नि.नं.३५५० र ने.का.प.२०६६, नि.नं.८११०) आकर्षित हुन सक्ने नदेखिने।

अनुचित व्यवहारलाई रोकी पारिवारिक सद्भाव र अन्तर्निभरता कायम राख्न पतिपिताले पैतृक सम्पत्तिबाटै बकसपत्रलगायतबाट प्राप्त गरेको सम्पत्तिसमेत बन्डा नहुँदैको अवस्थामा स्वास्नी छोराछोरीको हकमा समेत बन्डा लाग्ने नै ठहर गर्नु कानून र न्यायसङ्गत हुने देखिएकोले नन्द मायाबाट पिताम्बर थापाले पाएको हक हिस्साको सम्पत्तिबाट समेत सुकुम, चित्रकुमारीसमेतका पिताम्बर थापाका पत्नी छोरा छोरीहरूले समेत बन्डा भाग लाग्ने गरी बन्डा मुचुल्का गर्नुपर्नेमा सो नगरी गरेको बन्डा मुचुल्का

कानून र न्यायसम्मत नदेखिँदा बदर गर्ने ठहराएको सुरू जिल्ला अदालतको मिति २०७३।११।६ र उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१।२१ को आदेश कानून र न्यायसम्मत नै देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिरहनुपर्ने देखिन नआउने।

तसर्थ, अंश मुद्दा परेपछि पैतृक सम्पत्ति नै अनुचित हस्तान्तरण गरी लिएको देखिएकोले दिने आमा नन्दमाया लिने पिताम्बर थापा भई पारित शेषपछिको बकसपत्रको लिखत भएको र नन्दमायाको अंशभाग पिताम्बर थापाको एकलौटी पाएको भन्ने आधारले मात्र निज पिताम्बर थापाको एकलौटी कायम भई बन्डा नलाग्ने भन्ने नदेखिँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७४ साल पौष ३ गते रोज २ शुभम्।

२

**स.का.मु. प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री हरिकृष्ण कार्की,** *०७३-WH-००७५, बन्दीप्रत्यक्षीकरण, परिवर्तित नाम दोरेन लामा वि. काठमाडौं जिल्ला अदालतसमेत*

कुनैपनि प्रमाण दाखिला भएपछि त्यस्तो प्रमाणको प्रामाणिक गाम्भीर्य सम्बन्धमा अदालतले बुझ्न सक्ने नै हुँदा मुद्दा कारबाहीको सिलसिलामा परीक्षण नगरी प्रतिवदीबाट पेस भएकै आधारमा त्यस्तो प्रमाणको कार्यान्वयन भएन भन्न मिल्ने नदेखिने।

अदालतमा विचाराधीन मुद्दाको सन्दर्भमा भएको आदेशानुसार थुनामा रहेका यी निवेदकलाई गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिएको र निवेदनमा उल्लेख भएबमोजिम बालबालिकाको हकमा कठोर आदेश भएको भन्न मिल्ने देखिँदैन। प्रमाण परीक्षणको क्रममा निवेदकको मागको सम्बोधन विचाराधीन मुद्दाबाट हुने नै हुँदा हाल निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरण आदेश जारी हुनुपर्ने औचित्य देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदक काठमाडौं जिल्ला अदालतमा विचाराधीन मुद्दाका प्रतिवादी परिवर्तित नाम दोरेन लामाको जन्ममिति हेर्दा मिति २०५९।७।१ को देखिन्छ सो मितिबाट निवेदक साबालक भन्ने नदेखिँदा नाबालकलाई कुनैपनि वयस्क व्यक्तिसँगै थुना वा कैदमा राख्न नमिल्ने सिद्धान्तलाई यस अदालतबाट आत्मसात् गरिरहेको परिप्रेक्ष्यमा निजको सर्वोत्तम हितको लागि थुनामा रहेको कार्यालयबाट नजिकको पायक पर्ने बालसुधार गृहमा पठाउने व्यवस्था गर्नु भनी भएका आदेशानुसार आजै छुट्टै पत्रबाट लेखी पठाइसकेको देखिँदा केही गरिरहनु नपर्ने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७४ साल जेठ ३० गते रोज ३ शुभम्।

३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७१-CR-१६१८, लागु औषध (ब्राउन सुगर)*, *नेपाल सरकार वि. बहुरी खाँसमेत*

प्रतिवादी बहुरी खाँको कसुरमा इन्कारी बयान रहेकोमा सोलाई पुष्टि गर्ने गरी वादी पक्षका साक्षी प्रतिवेदकहरूले अदालतसमक्ष बकपत्र गर्न सकेको नदेखिएको र कसुर ठहर भएका प्रतिवादी सहिजात खाँले समेत अन्य प्रतिवादीहरूको लागु औषध खरिद बिक्री कार्यमा संलग्नता रहेको भनी अन्य प्रतिवादीउपर पोलसम्म गर्न सकेको नदेखिएको अवस्थामा प्रतिवादी बहुरी खाँको सलबाट बरामद भएको भनिएको लागु औषधको प्लास्टिक प्रतिवादी सहिजात खाँले कतिबेला राखिदिएको हो सो बरामदी लागु औषध लुकाउने कार्यमा यी प्रतिवादीको संलग्नता थियो थिएन भन्ने कुराको वस्तुनिष्ठ रुपमा प्रमाणित हुन नसकेको देखिँदा केवल शंकाको आधारमा फौजदारी कसुरमा सजाय गर्नु न्यायको सिद्धान्तविपरीत हुने हुँदा प्रतिवादी

बहुरी खाँलाई सफाइ दिने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी मिनबहादुर राना भाटले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा आफू ४ वर्ष विदेश बसी फर्की आएको र साथीहरूको सङ्गतमा परी लागु औषध सेवन गर्ने गरेको र पक्राउ परेको दिन प्रतिवादी सहजात खाँसँग लागु औषध खरिद गर्न गएको समयमा पक्राउ परेको हो भनी सेवन गर्ने कुरामा साबित भई बयान गरेको र निजले खरिद बिक्री गरिरहेको भन्ने कुराको वादी पक्षबाट प्रमाणित गर्न नसकेको अवस्थामा सेवन गर्ने प्रयोजनका लागि लागु औषध खरिद गर्न गएको भन्ने प्रमाणित हुन आएको अवस्थामा निजलाई सेवनतर्फ कसुर ठहर गरी सजाय गरेको फैसलासमेतलाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, प्रतिवादी बहुरी खाँले लागु औषधको खरिद बिक्री गर्न लागेको कुरा वादी पक्षले शंकारहित प्रमाणद्वारा पुष्टि गरेको नदेखिँदा निजलाई सफाइ दिने गरी र प्रतिवादी मिनबहादुर रानाभाटले लागु औषध सेवन गर्नका लागि किन्दै गरेको अवस्थामा पक्राउ परेको पुष्टि भएको देखिएका आधारमा प्रतिवादी बहुरी खाँलाई सफाइ दिने र प्रतिवादी मिनबहादुर रानाभाटलाई लागु औषध सेवनतर्फ सजाय गर्ने गरी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।११।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम् ।

**४**

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CR-०४८८, चोरी, नेपाल सरकार वि. काले सुनिल भन्ने विनोद खानासेती सिरालसमेत*

प्रतिवादी हरिश्चन्द्र थापाले अदालतसमक्ष बयान गर्दा चोरी गरेको स्वीकार गरेको गहनामध्ये सुनको सिक्री, झुम्का र औंठी मात्र बरामद भएको र केही गहना बिक्री गरेको र खरिद गर्ने भनिएका सहप्रतिवादी विनोद खानासेतीले बयान गर्दा प्रतिवादी हरिश्चन्द्रले आफ्नो गहना हो भनी बिक्री गर्न ल्याएका गहना खरिद गरी उक्त गहना गलाई अर्को गहना बनाई बिक्री गरिसकेको छु । चोरीको भन्ने थाहा भएन भनी बयान गरेबाट यी प्रतिवादी हरिश्चन्द्र थापाले चोरी गरेको स्वीकार गरी अदालतसमक्ष बयान गरेको मूल्य रू.२,६९,५००।- बराबरको चोरीको बिगो ठहर गरेको हदसम्म फैसला मिलेकै देखिन आयो । जाहेरवालाले खुलाएको ४,६९,५००।- बराबरको गहना प्रतिवादीले चोरी गरेको भनी वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा बरामद नै हुन नसकेको र चोरी भएको पुष्टि गर्ने थप प्रमाण वादी पक्षबाट पेस हुन आएको नदेखिएको अवस्थामा जाहेरी दरखास्तमा उल्लिखित बिगो नै कायम गर्नुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी हिरालक्ष्मी बज्राचार्यको पसलमा बन्धकी राख्न लगेको प्रतिवादी हरिश्चन्द्र थापाले १ महिनामा फिर्ता गर्ने गरी गहना राखी पटकपटक रू.५१,०००।- लिएको कागजसमेत प्रतिवादी हिरालक्ष्मीबाट पेस भएको र बन्धकी राखिएको गहना सोही अवस्थामा बरामद भएको र प्रतिवादी विनोद खानासेतीले प्रतिवादी हरिश्चन्द्रले आफ्नै गहना भनी बिक्री गरेको अवस्थामा मुलुकी ऐन, चोरीको महलको २४ नं. बमोजिम ***चोरीको माल भनी नजानी लिएको भए जरिवाना कैद हुँदैन*** भन्ने कानूनी व्यवस्था रहेको देखिँदा प्रतिवादीले गहना किन्दा उक्त बिक्री गर्न ल्याएको गहना प्रतिवादी हरिश्चन्द्रको भन्ने जानी खरिद गरेको भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको अवस्थामा प्रतिवादी विनोद खानासेती र प्रतिवादी हिरालक्ष्मी बज्राचार्यलाई समेत कसुर ठहर गर्नुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी निकेन हरिश्चन्द्र भन्ने हरिश्चन्द्र

थापाले अदालतसमक्ष बयान गर्दा सुनको चुरा २ थान, पिँजडा टप १ जोर, बेरूवा औंठी १, सिक्री १, सुनको लकेट, सुनको क्रिष्टल माला, मंगलसुत्रसमेत गरी जम्मा मूल्य रू.२,८९,४६०।- भन्दा बढी पर्दैन सोबाहेक अन्य सामान आफूले चोरी नगरेको भनी रू.२,८९,४६०।- बराबरको सुनका गहना चोरी गरेकोमा कसुर स्वीकार गरी अदालतसमक्ष बयान गरेको समेतका आधारमा बरामद बिगोसम्म कसुर ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेकै देखिने।

चोरी भएको गहनामा सुनको सिक्री, पिँजडा भएको टप १ जोर, सुनको औंठी १ सम्म बरामद भएको र उक्त बरामद भएका गहना रू.५१,०००।- मा बन्धकी राखेको भन्ने देखिँदा जाहेरवालाको चोरी भएको प्रतिवादीले स्वीकार गरेको रू.२,८९,४६०।- गहनामध्ये केही गहना मात्र बरामद भई बरामद भएका गहना जाहेरवालाले सनाखत गरी मिति २०६८।१०।२९ मा फिर्ता बुझी लिएको मिसिल संलग्न भरपाई कागजातबाट देखिँदा जाहेरवालाले भरपाई गरी लिएका सुनका गहनाको जम्मा मूल्य रू.९३,९६०।- रहेको र कसुर ठहर भई बिगो कायम भएको रू. २,८९,४६०।- मा नपुग बरामद हुन नसकेको गहनाको मूल्य रू.१,८५,५००।- जाहेरवालालाई भराई दिनुपर्नेमा सुरू र पुनरावेदन अदालतसमेतबाट कसुर ठहर गरी नपुग भएको जाहेरवालाको बिगो भराइदिने सम्बन्धमा केही पनि नबोलेको सो हदसम्मको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म केही उल्टी भई चोरी भई बरामद हुन नसकेको जाहेरवालाको जम्मा बिगो रू. १,८५,५००।- प्रतिवादी हरिश्चन्द्र थापाबाट जाहेरवालाले भराई दिनु पर्ने देखिन आउने।

तसर्थः उल्लिखित आधार र कारणबाट मिति २०६९।०५।०५ मा सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।७।१८ मा भएको फैसला केही उल्टी भई बरामद हुन नसकेको बिगो रू.१,८५,५००।- प्रतिवादी निकेन थापा भन्ने हरिश्चन्द्र थापाबाट जाहेरवालाले भरिपाउने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CR-०४९०, जबरजस्ती करणी, नेपाल सरकार वि. बलविर सिंजाली मगर*

करणी भए नभएको यकिन गर्ने ल्याव टेष्टको सुविधा नभएको अवस्थामा यौन सम्पर्क भएको यकिन गर्ने आधार नहुँदा उक्त परीक्षण पत्रलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिली प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने तथ्य स्थापित हुने प्रमाणको अभावमा अनुमानको भरमा प्रतिवादीले जबरजस्ती करणी पीडितउपर गरेको भन्न मिल्ने नदेखिने।

जबरजस्ती करणीको वारदातमा प्रतिवादीबाहेक सो घटनामा देख्ने, भोग्ने भनेको पीडित महिला नै हुने कुरामा विवाद हुँदैन। घटनाको प्रकृतिले प्रत्यक्षदर्शी व्यक्तिको खोजी गर्नु पनि स्वाभाविक हुँदैन। यस्तोमा पीडित महिलाको भनाइले महत्त्वपूर्ण प्रमाणको स्थान ग्रहण गर्ने अवस्था रहने।

घटना प्रकृति, पीडित तथा प्रतिवादीको शारीरिक अवस्थालगायत अन्य प्रमाण हेर्दा पीडितले मौकामा लगाएको कपडा परीक्षण भएकोमा वीर्यलगायतका प्रमाण लाग्ने अन्य वस्तु फेला पर्दैन । मौकामा भएको परीक्षणमा योनिमा वीर्य देखिँदैन । प्रतिवादीको लिङ्ग परीक्षणबाट त्यहाँ योनिरस फेला परेको छैन । जबरजस्ती करणीको वारदात भई पीडितको योनिमा वीर्य स्खलनसमेत भए गरेको मान्न सकिने अवस्था भएन। दिउसोको समयमा पीडितको माइती घरमा प्रतिवादीबाट पीडितउपर जबरजस्ती करणीको कार्य सम्पन्न गरी भागेको भन्ने भनाइसमेत विश्वासलायक नदेखिने।

वारदातको समयमा प्रतिवादी पीडितको घरमा जानु, मौकामा घरमा अन्य व्यक्ति नहुनु, पीडित तथा पीडक दुवैको शरीरमा निलडामलगायतका चोटपटक देखिनु जस्ता प्रत्यक्ष तथा परिस्थितिजन्य प्रमाणबाट प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको उद्योगसम्मको कसुर ठहर गरी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भनी लिएको दाबी पीडितको लुगाको परीक्षण रिपोर्टलगायतको वस्तुनिष्ठ प्रमाणबाट समर्थित नहुँदा जबरजस्ती करणीको कसुरबाट प्रतिवादीलाई सफाइ दिएको पुनरावेदन अदालत बाग्लुङको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, माथि विवेचित प्रमाणसमेतबाट प्रतिवादीलाई जबरजस्ती करणीतर्फ सफाइ हुने र जबरजस्ती करणीको उद्योगसम्म ठहर गरी दुई वर्ष छ महिना कैद गरेको सुरू बाग्लुङ जिल्ला अदालतको फैसला सदर हुने ठहराई पुनरावेदन अदालत बाग्लुङबाट मिति २०७२।१।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७०-WO-०२०७, उत्प्रेषण, यक्षध्वज कार्की वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहचलसमेत*

निवदेक गोर्खा स्काई क्यानयोन जे.भी. र जिल्ला विकास समिति गौर, रौतहटबिच श्री जुद्ध मा.वि. छात्राबास भवन, क्यान्टिन र कम्पाउन्डवाल निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा मिति २०६२/०९/१८ मा सम्झौता भएको र सम्झौताबमोजिमको काम सम्पन्न गर्ने समय १८ महिना तोकिएको देखिन्छ । सम्झौताको अवधिमा काम सम्पन्न गर्न नसकी निवेदकको अनुरोधमा खरिद सम्झौताको अवधि मिति २०६४।९।१२ सम्म कायम भएको देखिने।

निवेदकले सम्झौताअनुसारको काम सम्झौता अवधिमा सम्पन्न नगरेको भन्ने आधारमा जिल्ला विकास समिति रौतहटले मिति २०६८।८।१ गते गोरखापत्र दैनिकमा ठेक्का तोड्ने र कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने र पुनः टेन्डर आह्वान गरी सम्पन्न गर्दा लाग्ने थप खर्च भराउने भनी सूचना प्रकाशित गरेको देखिन्छ । सोही विषयलाई लिएर कालोसूचीमा राख्ने भनी गरिएको निर्णय कानून प्रतिकूल भयो भन्ने निवेदकको मुख्य निवेदन जिकिर देखिने।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (१४) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले जिल्ला विकास समिति रौतहटबाट कालोसूचीमा राख्न लेखी पठाएको पत्र प्राप्त गरेको मितिले ६(छ) महिनाभित्र कारबाही गरी सक्नुपर्छ भन्ने उल्लेख भएको अवस्थामा सोही अवधिभित्र निर्णय गर्नुपर्ने हुन्छ। तर विपक्षी कार्यालयले तोकिएको समयावधिभित्र निर्णय गर्न सकेको देखिएन। कालोसूचीमा राख्न पहिलो पटक लेखिएको मिति २०६९।१०।५ को पत्र मिति २०६९।१०।२१ मा कार्यालयले प्राप्त गरेपछि सो मितिबाटै ६ महिनाको अवधि सुरू भएको मान्नु पर्ने देखियो। नियम १४१ को उपनियम (१४) मा उल्लेख भएको अवधि ६ महिना समय व्यतीत भएपछि गरेको काम कारबाही एवम् निर्णयले वैधता प्राप्त गर्न सक्ने पनि नदेखिने।

मिति २०६९।११।१ को पत्र सार्वजनिक खरिद अनुगमन कार्यालयले फ्याक्सबाट मिति २०६९।११।५ (Feb. 16, 2013) गते प्राप्त

गरेको पत्रलाई आधार मान्दा पनि ६ महिना मिति २०७०।५।४ गते पुग्दछ । तर उक्त कार्यालयबाट निर्णय मिति २०७०।५।११ गतेको भनी उल्लेख भएको पाइँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्णय कानूनले तोकेको निश्चित समयावधि समाप्त भइसकेपछि भएको भन्ने देखियो । साथै मिसिल हेर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट एक वर्षको समय अवधि तोकी कालोसूचीमा राख्न निर्णय भएकोमा सो अवधि हाल समाप्त भइसकेको अवस्था पनि देखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट रिट निवेदकले ठेक्का सम्झौताको सर्त पालना नगरेको कुरालाई आधार बनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (१४) अवधिभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निर्णय नगरी समय व्यतीत भएपछि मात्र निर्णय गरेको कुरालाई कानूनअनुरूप भन्न मिल्ने देखिएन। तर सो कालोसूचीमा राख्ने भनी तोकिएको एक वर्षको समयावधि समाप्त भइसकेकोले अब निवेदन मागअनुसारको आदेश जारी गर्नु प्रयोजनहीन हुने देखियो। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल फाल्गुन २३ गते रोज २ शुभम्।

- यसै लगाउको ०६९-RB-००४९, करारबमोजिम कामकारबाही गरिपाउँ, *यक्षध्वज कार्की वि. जिल्ला विकास समितिको कार्यालय, रौतहटसमेत* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको छ।

## २

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७२-CR-०२९२, जुवा, नेपाल सरकार वि. कृष्ण अधिकारीसमेत*

प्रतिवादीहरूमध्ये राजु कार्कीले शिव के.सी. समेतका ५ जना प्रतिवादीहरूले जुवातास खेलेका र म, विष्णु श्रेष्ठ र कृष्ण अधिकारी उक्त तास खेल हेरिरहेको अवस्थामा ३ बुक तास र नगद फेला परेको हो भनी तथा प्रतिवादी विष्णु श्रेष्ठ र कृष्ण अधिकारीले समेत सोही बेहोराको बयान गरेको देखियो। अदालतसमक्ष उपस्थित भई बयान गर्दासमेत अधिकारप्राप्त अधिकारीसमक्षकै आफूहरूले तास नखेली हेरी बसेको भनी लेखाएको बेहोरा उल्लेख गरेको देखिन्छ । प्रतिवादीमध्येका शिव के.सी. को घरमा जुवा तास खेलाएको छ। निजले यी प्रतिवादीहरू कृष्ण अधिकारी, विष्णु श्रेष्ठ र राजु कार्कीले जुवा तास खेलेको नभई हेरेको र अन्य हामी ५ जनाले खेलेका हौं भनी अदालतसमक्ष उपस्थित भई गरिदिएको बयानबाट समेत यी प्रतिवादीहरूले जुवा तास खेलेको नभई हेरेर बसेको भन्ने कुरा समर्थित भइरहेको देखिने।

जुवा ऐन, २०२० को दफा ५ को व्यवस्था हेर्दा जुवा खेल्ने प्रतिवादीहरूबाट बरामद नगद र तासलगायतका जिन्सी सामान मात्र जफत गर्नुपर्ने देखिन्छ । यी प्रतिवादीहरूले जुवा तास नखेलेको र हेरेको हो भन्ने कुरा माथि वर्णित तथ्यबाट देखिइरहेको अवस्थामा जुवा तास नखेलेका प्रतिवादीहरूका साथबाट बरामद नगद जफत नहुने ठहर भएको पुनरावेदन अदालत पाटनको फैसलामा जुवा ऐन, २०२० को दफा ५ को व्याख्यात्मक त्रुटि रहेको भन्ने यस अदालतको संयुक्त इजलाससँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणहरूबाट प्रतिवादी राजु कार्की, कृष्ण अधिकारी र विष्णु श्रेष्ठले तास खेलेका ठाउँमा हेरी बसेको अवस्था फेला परेको देखिँदा निजहरूलाई जुवा ऐन, २०२० को दफा ३(१) को कसुरमा ऐ. ऐनको दफा ४(क) बमोजिम जनही रू.५०।- का दरले जरिवाना हुने र निजहरूको साथबाट बरामद नगद जफत नगर्ने गरी मिति २०७१।१।९ मा पुनरावेदन अदालत पाटनबाट भएको फैसला

निजहरूको हकमा मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : जगदीशप्रसाद भट्ट
कम्प्युटर: चन्द्रा तिमल्सेना
इति संवत् २०७४ साल वैशाख ५ गते रोज ३ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही**, *०७१-CR-१४७३, कर्तव्य ज्यान, नेपाल सरकार वि. रक्तिम भन्ने नरेन्द्र शाही*

प्रस्तुत मुद्दामा प्रतिवादीमध्येका महेशप्रसाद जैशीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याई अ.बं.१८८ नं. बमोजिम १४ वर्ष कैद हुने गरी यस अदालतबाट मिति २०७३।२।२० मा फैसला भएको फैसलाको प्रतिलिपिबाट देखिन्छ । कसुरदार ठहर भएका प्रतिवादी महेशप्रसाद जैशीले अधिकारप्राप्त अधिकारीसमक्ष घटनामा प्रतिवादी रक्तिमको संलग्नता रहेको भने पनि अदालतसमक्षको बयानमा रक्तिम भन्ने नरेन्द्र शाहीको संलग्नताबारे खुलाएको पाइँदैन । रक्तिमलाई नचिनेको भनी व्यक्त गरेको पाइन्छ । अदालतमा आई बकपत्र गर्ने टेकबहादुर गुरूङसमेतका व्यक्तिहरूले प्रतिवादी नरेन्द्र शाहीको संलग्नताबारे किटानीसाथ भन्न सकेको पनि देखिँदैन। प्रतिवादी नरेन्द्र शाहीले अदालतमा उपस्थित भई बयान गर्दा घटना हुँदाको मिति २०६६।८।१९ मा आफू थारूवान राज्य समितिको बैठकमा अन्यत्र रहेको भनी व्यक्त गरेको पाइन्छ । सो बेहोरा खण्डित हुने प्रमाण मिसिल संलग्न रहेको नदेखिने।

वारदातको प्रकृति हेर्दा अन्दाजी १५०० जना मानिसहरूले हातहतियारसमेत लिई डिउटीमा खटिएका प्रहरी टोलीमाथि आक्रमण गर्दा प्रहरी कर्मचारी पदम सिंह ऐरको मृत्यु भएको अवस्था छ । कसुर ठहर भएका सहप्रतिवादी महेशप्रसाद जैशीले आफूले बञ्चरोले मृतकको टाउकोमा हानेको भनी मौकाको बयानमा स्वीकार गरेको देखिन्छ। मृतकलाई मार्ने कार्यमा प्रतिवादी नरेन्द्र शाहीको संलग्नता रहेको भनी अदालतको बयानमा खुलाएको अवस्था देखिँदैन । वारदातको प्रकृति हेर्दा वन अतिक्रमण हटाउन गएका प्रहरीमाथि अतिक्रमणकारीहरूले सामूहिक रूपमा घटना घटाएको अवस्था छ भने सो क्रममा एकजना प्रहरीको टाउकोमा बञ्चरोजस्तो घातक हतियार प्रहार गरी मृतकको मृत्यु भएको देखिन्छ । बञ्चरो प्रहार गर्ने प्रतिवादी महेशप्रसाद जैशीलाई अभियोग दाबीबमोजिम सजाय भइसकेको र सो वारदातमा रक्तिम भन्ने नरेन्द्र शाहीको पनि संलग्नता रहेको भन्ने सजाय मागदाबी भएकोमा यी प्रतिवादीले यो यस्तो हतियार प्रयोग गरेको भनी मिसिल संलग्न प्रमाणबाट खुल्न आएको देखिँदैन । प्रस्तुत मुद्दामा सजाय पाएका प्रतिवादी महेशप्रसाद जैशीले अदालतमा बयान गर्दा यी प्रतिवादीको वारदातमा संलग्नता थियो भनी स्पष्ट रूपमा खुलाएको देखिँदैन। ALIBI को जिकिरलाई वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गराउन सक्नु पर्दछ अन्यथा प्रमाणमा ग्रह्य हुँदैन भनी वादी नेपाल सरकारले जिकिर लिएको सम्बन्धमा हेर्दा, अभियोग दाबी गर्ने वादी पक्षले पनि आफ्नो दाबी शंकारहित तवरबाट पुष्टि गराउनु पर्दछ। प्रतिवादीमाथि अभियोग लगाउँदा जाहेरी दरखस्त र सहअभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको पोललाई आधार लिइएकोमा सो पोल गर्ने सहप्रतिवादीले अदालतमा पोल गर्न सकेको देखिँदैन । धेरैजनाको हुलमा सुकुम्बासी समितिको जिल्ला अध्यक्ष र केन्द्रीय सदस्यसमेत रहेका यी प्रतिवादीलाई पनि शंका र अनुमानको आधारमा प्रतिवादी बनाएको देखिन्छ । ज्यान जस्तो गहन अपराधमा सजाय गर्न शंकारहित तवरबाट कसुर पुष्टि भएको हुनुपर्दछ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम कसुर प्रमाणित गराउने दायित्व अभियोजन पक्षको हुन्छ । शंकाको सुविधा

अभियुक्तले पाउँछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेतका आधारमा यी प्रतिवादी रक्तिम भन्ने नरेन्द्र शाहीले कसुर गरेको भन्ने मान्न नसकिने हुँदा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार कारणबाट प्रतिवादी रक्तिम भन्ने नरेन्द्र शाहीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७१।११।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१६२६, हातहतियार खरखजाना, नेपाल सरकार वि. मुकेशकुमार यादव

बरामदी मुचुल्कामा उल्लेख भएको कटुवा पेस्तोल थान २ मुकेशकुमार यादव र शंककुमार यादवको साथबाट बरामद भएको भन्ने देखिन्छ । सो बरामदीलाई यी प्रतिवादीहरूले मौकाको बयानमा समेत स्वीकार गरेका छन्। प्रतिवादीहरू मनिषकुमार यादवको मौकाको बयान र अदालतमा समेत कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । बरामदी गोली मुकेशकुमार यादवको कोठाबाट बरामद भएको भनी सहप्रतिवादीहरूले मौकामा बयान गरेको अवस्था छ । गोली मनिषकुमार यादवको साथबाट बरामद भएको भन्ने कुरा शंकारहित तवरले पुष्टि भएको पाइँदैन । प्रतिवादीहरू अनिलकुमार यादव र अमरेन्द्रप्रसाद यादवबाट फाइटर बरामद भएको भन्ने देखिए पनि सो बरामदी सामान हातहतियार खरखजानाको परिभाषाभित्र नपरेको भन्ने आधार पुनरावेदन अदालतको फैसलामा उल्लेख भएको देखिन्छ । प्रतिवादीहरूमध्ये एइस अन्सारी पक्राउ नपरेको कारण निजको बयानसमेत हुन सकेको छैन । निजको कसुर प्रमाणित हुने तथ्य र आधार मिसिल संलग्न प्रमाणबाट नदेखिएको अवस्थामा शंकाको भरमा कसुरदार ठहर गर्न न्यायोचित हुँदैन । प्रतिवादीहरू छाप्रोमा बसिरहेको अवस्थामा सँगै पक्राउ परेको भनिए पनि मुकेशकुमार यादव र शंकरकुमार यादवको साथबाट मात्र पेस्तोल बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिएको अवस्था छ । कसुर प्रमाणित हुने प्रमाण फेला नपरेसम्म सँगै रहेको भन्ने आधारमा कसुरको प्रकृतिबाट कसुरदार ठहर गर्न मिल्ने देखिँदैन। फौजदारी कसुर प्रत्येक व्यक्तिको व्यवहारबाट प्रमाणित भएको हुनुपर्छ । तसर्थ पुनरावेदन अदालत राजविराजको फैसलामा गम्भीर त्रुटि रहेको भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट सुरू जिल्ला प्रशासन कार्यालयको फैसला केही उल्टी गरी प्रतिवादीहरू मुकेशकुमार यादव र शंकरकुमार यादवको हकमा सुरू फैसलाबमोजिम हुने र अन्य प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २७ गते रोज ३ शुभम्।

## इजलास नं. ३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-WH-०००४, बन्दीप्रत्यक्षीकरण, साइमन तामाङ वि. बारा जिल्ला अदालत, कलैया बारासमेत*

निवेदकलाई कैद ठेक्ने सम्बन्धमा दण्ड सजायको ४१ नं. को अन्तिम वाक्यांशको व्यवस्था

लागु हुने अर्थात् यी निवेदकलाई ठहरेको ठुलो हदको कैद सजाय २ वर्ष ननाघ्ने गरी कैद ठेक्नुपर्ने देखियो । यसरी कैद ठेक्दा लागु औषध मुद्दामा पक्राउ परेको मिति २०७३।३।१२ देखि २०७५।३।११ सम्म कैदबापत थुनामा बस्नुपर्ने र जरिवाना बुझाएको मिति २०७५।४।८ गते बढी थुनामा बसेको अवधि बराबरको रकम जरिवानाबाट कट्टा गरी सोही मिति २०७५।४।८ मा थुनामुक्त भइसक्नुपर्ने देखिन्छ । यसर्थ यी निवेदक मिति २०७५।४।८ भन्दा बढी कैदमा बस्नुपर्ने गरी बारा जिल्ला अदालतबाट मिति २०७४।२।२२ मा जारी गरेको कैद पुर्जीलगायतका काम कारबाही कानूनसम्मत भएको नदेखिएकोले सो कैद पुर्जी बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई थुनामुक्त गरिपाउँ भन्ने निवेदन दाबी मनासिब देखियो । बारा जिल्ला अदालतबाट जारी भएको कैद पुर्जी कानूनसम्मत रहेकोले रिट निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, यी निवेदकलाई बहुविवाह र लागु औषध मुद्दाको फैसलाले क्रमशः १ वर्ष र २ वर्ष कैद लागेकाले मुलुकी ऐन, दण्ड सजायको महलको ४१ नं. बमोजिम पक्राउ परेको मिति २०७३।३।१२ देखि ठुलो कैद हद ननाघ्ने गरी जम्मा २ वर्षको अर्थात् मिति २०७५।३।११ सम्मको कैद ठेकी जरिवाना बुझाएको मिति २०७५।४।८ गते थुनामुक्त गर्नुपर्नेमा सो मितिभन्दा पछि पनि यी निवेदक कैदमा बस्नुपर्ने गरी बारा जिल्ला अदालतबाट मिति २०७४।२।२२ मा जारी भएको कैद पुर्जी कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदकलाई मिति २०७४।४।८ देखि पछि पनि बहुविवाह मुद्दाको फैसलाअनुसार भनी थुनामा राखिएको कार्यसमेत कानूनसम्मत नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: विकास कुमार रजक

इति संवत् २०७५ साल कार्तिक १८ गते रोज १ शुभम् ।

## इजलास नं. ४

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०६८-WO-०७९३, उत्प्रेषण / परमादेश, पूर्ण विश्वकर्मा स्थापित वि. भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

प्रस्तुत विवादको कित्ता नं. २१२ को जग्गा भूमि सुधार सर्वे नापी हुँदा कायम भएको साबिक ललितपुर नगर पञ्चायत वडा नं. ५(क), कित्ता नं. १२६ को क्षेत्रफल २०५-८-०-० मध्येको जग्गा भएकोमा विवाद देखिँदैन । उक्त कित्ता नं. १२६ को जग्गाको साबिक दर्ता स्रेस्ता हेर्दा जग्गाको जोताहा तथा विरह महलमा लगनखेल उल्लेख भई जग्गाधनी महल, किसानको बेहोरा एवं कैफियतमा खाली रहेको देखिन्छ । सोपश्चात् तत्कालीन श्री ५ को सरकारको निर्णयले गठित शिक्षण संस्थाको सम्पत्ति व्यवस्था जिल्ला समिति ललितपुरको मिति २०३४।११।१२ को निर्णयले कित्ता नम्बर १२६ को कित्ताकाट भई प्रस्तुत विवादको कित्ता नम्बर २१२ र अर्को कित्ता नम्बर २१३ कायम हुन आएको देखिन्छ । जसमा कित्ता नम्बर २१२, क्षेत्रफल १४-१०-२-० को जग्गा विद्यालयले चर्चेको भनी निज विद्यालयको नाममा र कित्ता नम्बर २१३ को क्षेत्रफल १९०-१३-२-० जग्गा तत्कालीन श्री ५ को सरकारको नाममा जनिएको देखिन्छ । पछि पुनः श्री ५ को सरकारको मिति २०५०।९।८ को निर्णयबमोजिम मालपोत विभागको च.नं. ४३४०, मिति २०५०।१०।२७ को पत्रसमेतका आधारमा सरकारी सार्वजनिक तथा गुठीका जग्गाहरू तत्तत् निकायका नाममा दर्ता गर्ने भन्ने पत्राचारका आधारमा साबिक १२६ को पूरै जग्गा मिति २०५०।१०।२९ को निर्णयले तत्कालीन श्री ५ को सरकारको नाउँमा दर्ता भएको देखिन्छ । यसरी

विपक्षी विद्यालयले साबिक २०३४ सालदेखि आफ्नो निर्विवाद हक भोग कायम रहेको भनेको जग्गा साबिक कित्ता नम्बर १२६ को क्षेत्रफल २०५-८-०-० को जग्गाबाट कित्ताकाट भई कायम हुन आएकोमा विवाद देखिँदैन । उक्त कित्ताको साबिक दर्तामा लगनखेल भनी जनिएको देखियो भने पुनः साबिक कित्ता नम्बर १२६ को पूरै जग्गा २०५० सालमा तत्कालीन श्री ५ को सरकारको नाममा दर्ता भएको देखिन्छ । उक्त दर्ता हालसम्म कतैबाट बदर बातिल भएको अवस्था देखिँदैन । यसबाट विवादको कित्ता नम्बर २१२ को जग्गा तत्कालीन श्री ५ को सरकारको नाम दर्ताको जग्गासमेत रहेको भन्ने देखिन आउने ।

विवादित कित्ता नम्बर २१२ को जग्गा शिक्षण संस्था सम्पत्ति व्यवस्था जिल्ला समिति, ललितपुरको मिति २०३४।११।१२ को निर्णयले आफ्ना नाममा दर्ता रहेको हुँदा उक्त जग्गामा भवन निर्माणलगायतका कार्यका साथै जग्गाको स्वतन्त्र रूपमा भोग गर्न पाउनुपर्ने भन्ने विपक्षी विद्यालयको जिकिर रहेको पाइयो । सो सम्बन्धमा विचार गर्दा, २०२१ सालको नापीमा साबिक कित्ता नम्बर १२६ को जग्गाको जोताहा तथा विरह महलमा लगनखेल भनी उल्लेख भएको देखिन्छ भने २०३४ सालमा आएर उक्त सरकारी जग्गा कित्ताकाट भई कायमी कित्ता नम्बर २१२ र २१३ को जग्गामध्ये कि.नं. २१२ को जग्गा विद्यालयको नाममा दर्ता गरिदिने गरी निर्णय भएको देखिँदा सरकारी जग्गा विद्यालय (कानूनी व्यक्ति) का नाममा दर्ता हुन गएको देखियो । मालपोत ऐन, २०३४ को दफा २४(२) मा, "कुनै सार्वजनिक वा सरकारी जग्गा व्यक्ति विशेषको नाममा दर्ता भएमा त्यस्तो दर्ता स्वतः बदर हुन्छ । त्यस्तो जग्गाको व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा श्री ५ को सरकारले तोकेको अधिकारीले कट्टा गर्ने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । साथै यस कानूनी व्यवस्था एवं सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता गर्न नहुने सम्बन्धमा यस अदालतबाट थप विवेचना भई "मालपोत ऐन, २०३४ को दफा २४(१) ले सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन नभई दफा २४(३) मा कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने" भनी ने.का.प. २०६२, अङ्क ११, नि.नं. ७६२२ मा र "कुनै व्यक्तिले मात्र नभई सार्वजनिक रूपमा प्रयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको बाटोसमेतलाई सार्वजनिक जग्गामा समाहित गरेको परिप्रेक्ष्यमा विवादित जग्गा सबैले प्रयोग गर्ने राजमार्गको जग्गा रहेकोले त्यस्तो जग्गाको दर्ता भए पनि स्वतः बदर हुने अवस्थाको देखिन आउने" भनी ने.का.प. २०६३, अङ्क १२, नि.नं. ७७९८) मा सिद्धान्त प्रतिपादन भएको देखिन्छ । मालपोत ऐन, २०३४ को दफा २४(२) को कानूनी व्यवस्थाको मकसद पनि सार्वजनिक जग्गालाई व्यक्तिको नाममा दर्ता गर्न नपाइने र यदि कसैले त्यस्तो गरेको पाइएमा समेत स्वतः बदर हुने, व्यक्ति विशेषका नाउँमा रहेको दर्ता लगतसमेत मालपोत कार्यालय वा श्री ५ को सरकारले तोकेको अधिकारीले कट्टा गर्न सक्ने भन्ने हो । सो कानूनी व्यवस्था एवं प्रतिपादित नजिर सिद्धान्त प्रस्तुत नेपाल सरकारको नाम दर्ताको जग्गा विद्यालयको नाममा दर्ता भएको विषयको रिट निवेदनको हकमा समेत आकर्षित हुने ।

यस अदालतको मिति २०६१।१०।८ को फैसलाले आफ्ना नामको दर्ता बदर गरेको छैन भन्ने विपक्षीहरूको जिकिर रहेको अवस्थामा प्रस्तुत मुद्दाको विषयवस्तु एवं उक्त जिकिरसमेतको निराकरणका लागि यस अदालतमा परेको २०६१ सालको रिट नम्बर ३००५ को विश्लेषण पनि जरूरी देखिन आएको छ । सो सम्बन्धमा हेर्दा, सार्वजनिक दर्ताको प्रस्तुत विवादको कित्ता नम्बर २१२ को जग्गाको

संरक्षणका लागि निज रिट निवेदक संस्थाले विपक्षी विद्यालयसमेतका विरूद्ध यस अदालतसमक्ष २०६१ सालको रिट नं. ३००५ को सार्वजनिक सरोकारको विषयको प्रतिषेध मिश्रित परमादेशको रिट निवेदन दायर गरेको देखिन्छ । उक्त रिटमा यस अदालतबाट "विवादित पोखरी कित्ता नम्बर १२६ को क्षे.फ. २०५-८-०-० भित्रै परेको र २०५० सालमा उक्त पूरै जग्गा नेपाल सरकारको नाममा दर्ता भएकोमा विवाद नदेखिएको, सोउपर विपक्षी विद्यालयले आपत्ति जनाएको नपाइएको र श्री ५ को सरकारको नाउँमा दर्ता भएको जग्गामा परापूर्व कालदेखि गरिँदै आएका धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पानीको स्रोतको उपभोग निवेदकहरूले समेत गर्न पाउने भनी विवादित कित्ता नम्बरको जग्गा सार्वजनिक उपयोगको ठहर गरी विपक्षी विद्यालयले गर्न लागेको भवन निर्माणसम्बन्धी नक्सा पास मुचुल्का उत्प्रेषणको आदेशले बदर हुने तथा निर्माणाधीन भवन नबनाउनु भनी विपक्षी विद्यालयको नाममा प्रतिषेध र सो क्षेत्रमा भवनलगायत कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गराएर मात्र गर्नुपर्ने हो, होइन ? समय समयमा निरीक्षण गरी उचित प्रबन्ध गर्नु, गराउनु भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेतका विपक्षीका नाममा मिति २०६१।१०।८ मा परमादेशको आदेशसमेत जारी भएको देखिन्छ। साथै उक्त फैसलाले मालपोत ऐन, २०३४ को दफा २४(२) को कानूनी व्यवस्थाको विश्लेषणसमेत फैसलामा उल्लेखन गरेको पाइन्छ। यसरी विवादित कित्ता नम्बर २१२ को जग्गा तत्कालीन श्री ५ को सरकारको नाम दर्ताको कायम गर्ने गरी भएको यस अदालतको उक्त मिति २०६१।१०।८ को फैसलाउपर निज विपक्षीहरूको कुनै चुनौती रहे भएको अवस्था नहुँदा उक्त निर्णय अन्तिम भएर बसेको देखियो । यस स्थितिमा फैसला अन्तिमताको सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षित हुने।

२०५० सालभन्दा पछि विद्यालयको नाउँको उक्त कित्ता नम्बर २१२ को जग्गाको विषयलाई यस नमुना मच्छिन्द्र आवासीय मा.वि. का तर्फबाट रोल्यान्ड डि.टि.लेप्चा निवेदक र विपक्षी निज नमुना मच्छिन्द्र मा.वि. भएको निषेधाज्ञा मुद्दामा यस अदालतबाट २०६२।१२।२० मा भएको फैसला र डि.वि.थापा वादी र यस विद्यालयसमेत प्रतिवादी भएको जग्गा खिचोला मेटाई पाउँ भन्ने मुद्दामा समेत सुरू ललितपुर जिल्ला अदालतबाट भएको २०६२।८।७ को फैसलाले पनि कित्ता नम्बर २१२ को जग्गा विपक्षी नमुना मच्छिन्द्र मा.वि.को हो भन्ने कुरालाई स्थापित गरेकोले उक्त जग्गामा आफ्नो निर्विवाद हकभोग हुनुपर्दछ भन्ने विद्यालयको जिकिर रहेको देखिन्छ । सो सम्बन्धमा हेर्दा, एकातिर निषेधाज्ञाको निवेदनबाट हक, बेहकसम्बन्धी विवादको निरूपण गर्न मिल्ने नै हुँदैन भने उक्त २०५७ सालको दे.पु.नं. ८८७८ नम्बरको निषेधाज्ञा मुद्दामा निर्णय गर्दा, प्रस्तुत विवादको सम्बन्धको सरोकारसमेत रहेको देखिँदैन। साथै वादी नमुना मच्छिन्द्र आवासीय मा.वि र प्रतिवादी नमुना मच्छिन्द्र माध्यमिक विद्यालयसमेत भई ललितपुर जिल्ला अदालतमा चलेको २०६० सालको दे.मि. नं ४८।८४९ को मुद्दामा विपक्षीले उल्लेख गरेजस्तो प्रस्तुत विवादको कित्ता नम्बर २१२ को जग्गाको स्वामित्वबारेमा निर्णय गरेको देखिँदैन। यस स्थितिमा प्रस्तुत रिट निवेदनका सन्दर्भमा विपक्षीको निवेदन जिकिरसँग सहमत हुन नसकिने।

वातावरणको संरक्षण आज सर्वव्यापी महसुस गरिएको विषय हो भने वातावरण जगेर्ना गर्नु हरेक मानवको अपरिहार्य कर्तव्य बनेको छ । मानव समुदायको सर्वोत्तम हित र मानव सभ्यताको दिगो विकासको लागि वातावरण संरक्षण एक प्रमुख एजेन्डा रहेको छ । त्यसैगरी विकासका कार्यहरू सञ्चालन गर्दा वातावरणीय पक्षको संरक्षण र सम्बर्द्धन गरिनुपर्ने भन्ने दिगो विकासको अवधारणा विश्वव्यापी रूपमा स्वीकारिएको छ। वर्तमान विश्वमा वातावरणको प्रत्यक्ष

सम्बन्ध अन्ततः मानव जातिको समग्र समुन्नति र वैभवसँग जोडिएको हुन्छ । अतः वातावरण र मानव जीवनबिच अन्योन्याश्रित सम्बन्ध रहनेमा दुईमत छैन । मानव अस्तित्वको लागि स्वच्छ र स्वस्थ वातावरण अपरिहार्य हुने कुरालाई हृदयङ्गम गरी स्वच्छ वातावरणको हकलाई नेपालको संविधानले आधारभूत र नैसर्गिक अधिकारको रूपमा स्थापितसमेत गरेको नदेखिने।

वातावरणीय विषयसमेत सम्मिलित प्रस्तुत रिट निवेदनमा सप्तपाताल पोखरी, ऐतिहासिक, पुरातात्विक विषयनिश्रित अशोक स्तुप रहेको नेपाल सरकारको नाम दर्ताको प्रस्तुत विवादको जग्गाको धार्मिक, साँस्कृतिक, ऐतिहासिक र वातावरणीय दृष्टिबाट समेत महत्त्वपूर्ण रहेको भन्नेमा विवाद गर्नुपर्ने स्थिति देखिएन यसको जगेर्ना गर्नु सबैको सामूहिक दायित्व पनि हो । यस सम्बन्धमा यस अदालतबाट “मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी आएको हुने, परम्परादेखि चली आएका प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार (right to life) कै रूपमा रहने, धार्मिक, साँस्कृतिक सम्पदाले इतिहास बोलिरहेको हुने, धर्म, सम्पदा, सभ्यताको संरक्षणबाट समाज अझ परिष्कृत हुन जाने, यसले समाजलाई संयमित एवं मर्यादित बनाउन मद्दत गर्ने” भनी स्वामी सम्बुद्धसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत भएको ने.का.प २०७४, अङ्क ९, नि.नं. ९८२५ को मुद्दामा सिद्धान्त प्रतिपादन भइसकेको छ । यसरी सप्तपाताल पोखरी पनि धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं वातावरणीय महत्त्वको स्थल रहेको देखिएको स्थितिमा सप्तपाताल पोखरीको संरक्षण, सम्बर्द्धनको विषय जोडिएको प्रस्तुत रिट निवेदनमा पनि उल्लिखित सिद्धान्तसमेत आकर्षित हुने।

विवादित कित्ता नं. २१२ को जग्गा मिति २०५०।१०।२९ को निर्णयबाट तत्कालीन श्री ५ को सरकारको नाम दर्ताको भई सार्वजनिक जग्गा रहे भएको देखिएको, उक्त दर्ता हालसम्म कायम रहेको, उक्त जग्गामा वातावरणीय महत्त्वको सप्तपाताल पोखरीसमेत रही उक्त सार्वजनिक जग्गा धार्मिक, साँस्कृतिक प्रयोजनको लागिसमेत प्रयोग भएको देखिएको स्थितिमा विवादित कित्ता नं. २१२ को जग्गा विद्यालयको स्वामित्वको हुँदा उक्त जग्गामा आफूले आवश्यकतानुसार भवन निर्माण गर्न पाउनुपर्ने भन्ने बेहोराको विपक्षी विद्यालयका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित विवेचित आधार कारणहरूबाट साबिक कित्ता नम्बर १२६ बाट कित्ताकाट भई कायम हुन आएको कित्ता नम्बर २१२ को क्षेत्रफल १४-१०-२-० जग्गा मिति २०५०।१०।२९ मा नै तत्कालीन श्री ५ को सरकारको नाउँमा दर्ता भएको देखिएको, उक्त निर्णय हालसम्म बदर भएको नदेखिएको र उक्त जग्गामा सार्वजनिक उपयोगको धार्मिक, सांस्कृतिक एवं वातावरणीय महत्त्वको सप्तपाताल पोखरी रहेको भन्ने देखिएको, सो पोखरीको जग्गामा विपक्षी विद्यालयले अतिक्रमण हुने गरी भवन निर्माण गर्न लागेको सम्बन्धमा यस अदालतमा परेको २०६१ सालको रिट नम्बर ३००५ मा यस अदालतबाट आधार, कारणको विश्लेषण गरी प्रस्तुत विवादको जग्गा २०५० सालमा नै तत्कालीन श्री ५ को सरकारको नाममा रहेकोले उक्त स्थानमा विद्यालयलाई भवन निर्माण नगर्नु, नगराउनु भनी प्रतिषेधको आदेश र उक्त जग्गाको संरक्षण गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा मिति २०६१।१०।८ मा परमादेशको आदेशसमेत जारी भएको र उक्त आदेश अन्तिम भई बसेको देखिएको स्थितिमा कित्ता नम्बर २१२ को क्षेत्रफल १४-१०-२-० जग्गालाई विद्यालयको नाममा दर्ता गर्ने गरी भएको विपक्षी जिल्ला शिक्षा

कार्यालयअन्तर्गतको शिक्षण संस्था सम्पत्ति व्यवस्था जिल्ला समिति, ललितपुरको मिति २०३४।११।१२ को निर्णय, सो निर्णयबमोजिम दर्ता स्रेस्ता कायम गरी दिने गरी भएको भूमि प्रशासन कार्यालय (हाल मालपोत कार्यालय) बाट भएको मिति २०३४।१२।१ को निर्णय विपक्षी भूमि सुधार तथा व्यवस्थापन विभागको मिति ०६५।१।८ को निर्देशन, सोसमेतका आधारमा भएको मिति ०६८।५।८ को मालपोत कार्यालयको निर्णय पर्चालगायतका प्रस्तुत विवादको जग्गासम्बन्धीका विपक्षीका सम्पूर्ण निर्णय, काम कारबाहीहरू र पत्राचार गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै तत्कालीन श्री ५ को सरकारको नामदर्ताको भई सार्वजनिक उपभोग रहेको देखिने प्रस्तुत कि.नं. २१२ को जग्गा सप्तपाताल पोखरी कायम गरी सोहीबमोजिम दर्ता स्रेस्तासमेत कायम गर्नु, गराउनु भनी विपक्षी मालपोत कार्यालय ललितपुरका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल आषाढ २३ गते रोज २ शुभम् ।

यसमा यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छ :

- ०६७-CI-०६६६, निषेधाज्ञा, *राधाकृष्ण महत वि. लगनखेल वातावरण सुधार संस्था लगनखेलसमेत*
- ०७५-WO-०१६९, उत्प्रेषण / प्रतिषेध, *पूर्ण विश्वकर्मा स्थापितसमेत वि. ललितपुर महानगरपालिकाको कार्यालयसमेत*

## २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CR-१८९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रामसेवक राय यादव*

प्रस्तुत मुद्दामा प्रतिवादी रामसेवक राय यादवले अदालतसमक्षको बयानमा कसुरमा पूर्णरूपमा इन्कारी बयान गरेको पाइन्छ । निजको इन्कारी बयानलाई निजका साक्षीले राम एकलाल राय यादव अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट पुष्टि गरेको अवस्था छ । अन्य अभियुक्तहरूले समेत अदालतसमक्ष बकपत्र गर्दा निज प्रतिवादीलाई पोल गरेको अवस्था नदेखिने ।

प्रस्तुत मुद्दाका अन्य अभियुक्तहरूमध्येका अवधेश भन्ने सुजितकुमार महतो कोइरीको हकमा मिति २०६८।११।२२ मा बारा जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(१) नं. बमोजिम १० वर्ष कैद हुने गरी फैसला भएको देखिन्छ भने मिति २०७०।३।२५ मा उदयशंकर महतो, हरदेव हजरा र राजाराम राउत कुर्मीले सोही अदालतबाट अभियोग दाबीबाट सफाइ पाउने गरी फैसला भएको देखिन्छ । जिल्ला अदालतबाट सजाय तथा सफाइ पाउने चारैजना अभियुक्तहरूलाई पुनरावेदन अदालतले अभियोग दाबीबाट सफाइ पाउने गरी फैसला गरेको देखिने ।

उल्लिखित अवधेश कुसवाह भन्ने सुजितकुमार महतो कोइरी, उदयशंकर महतो, हरदेव हजरा र राजाराम राउत कुर्मीले अभियोग मागदाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।४।२७ मा फैसला भइसकेपश्चात् मिति २०७२।१।१० मा यी प्रतिवादी रामसेवक राय यादव पक्राउ परेको देखिन्छ । पुनरावेदन अदालतबाट सफाइ पाउने प्रतिवादीहरू र यस मुद्दाका प्रतिवादी रामसेवक राय यादव विरूद्ध समान अभियोग मागदाबी लिइएको देखिन आयो । आरोपित कसुर पुष्टि गर्ने सबुद प्रमाणको अभाव भएको र शंकाको सुविधा प्रतिवादीहरूले पाउने हुँदा उल्लिखित प्रतिवादीहरूले सफाइ पाउने ठहर भएको देखिने ।

प्रस्तुत मुद्दाका प्रतिवादी रामसेवक राय यादवका हकमा विचार गर्दा, यिनै प्रतिवादीको संलग्नतामा मृतकको मृत्यु भएको भनी भन्न

सकिने कुनै तथ्यपरक प्रमाण मिसिल संलग्न रहेको पाइएन। निज विरूद्ध परेको किटानी जाहेरीलाई समेत पुष्टि गर्ने किसिमको कुनै प्रत्यक्ष प्रमाण मिसिल संलग्न रहेको देखिएन । यस अवस्थामा प्रतिवादी रामसेवक राय यादवलाई अभियोग दाबीबाट सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने अवस्था नरहने ।

तसर्थ, प्रतिवादी रामसेवक राय यादवले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः इशा सुवेदी

कम्प्युटर : सन्तोष अवाल

इति संवत्२०७५ साल श्रावण १४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CR-२०६४, १९६८, जबरजस्ती करणी, देवकुमार सदा वि. नेपाल सरकार, नेपाल सरकार वि. देवकुमार सदा*

पीडित एक १७ वर्षकी अविवाहित युवती रहेकी, निजको शारीरिक परीक्षण प्रतिवेदनबाट निजको शरीरका अन्य भाग एवं योनि तथा योनिद्वारमा पुरूषको लिङ्ग प्रवेशको घर्षणबाट हुन सक्ने रातोपना, निलोपना तथा अन्य सामान्य घा चोट निलडाम केही नरहेको भन्ने देखिएको र पीडितको मौकाको भनाइ र अदालतमा भएको बकपत्रमा समेत प्रतिवादीको लिङ्ग आफ्नो योनिमा प्रवेश गरे नगरेको कुरामा भिन्नता रहेको पाइएको, वारदात देख्ने प्रत्यक्षदर्शी चश्मदिद गवाहको अभाव रहेको स्थितिमा केवल पीडितको अनुसन्धानका क्रममा भएको कागज र सुनी जान्ने जाहेरवाला र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको कुरा पीडितले भनी थाहा पाएको भनी पोल गरेकै आधारमा प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकै हो भनी मान्ने मिल्ने अवस्था रहँदैन । यसरी प्रतिवादीले जबरजस्ती करणीको अपराध गरेकै हो भनी स्वतन्त्र रूपमा प्रमाणित हुन नसकिरहेको अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम प्रतिवादी देवकुमार सदालाई अभियोग दाबीबमोजिमको सजाय गर्न मिल्ने नदेखिने ।

प्रतिवादी देवकुमार सदाको पुनरावेदन जिकिरअनुसार निजले अभियोग दाबीबाट सफाइ पाउनुपर्ने हो वा होइन भन्ने सम्बन्धमा विश्लेषण गर्नुपर्ने देखियो । सो सम्बन्धमा विचार गर्दा, प्रतिवादी देवकुमार सदाले अनुसन्धानका क्रममा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा २०७१।३।१० गते राति आफू पीडितको घरमा गई खटियामा बसी गफगाफ गरिरहेको अवस्थामा मेरो श्रीमती हल्ला गर्दै आई मलाई टर्चले हानेकी र म भाग्दा पीडितलाई टर्चले हिर्काएकी हो भनी र अदालतमा बयान गर्दा पीडितसँग ३ पटक झगडा भइसकेको छ, २०७१।३।१० गते राति म मट्टितेल किनी फर्कंदा सङ्केत-१०० आफ्नो घरबाहिर उभिरहेकी थिइन् । मलाई फोनमा रिचार्ज कार्ड हाली देउन भनिन् । मेरो फोनको टर्च तिनलाई बाल्न लगाई रिचार्ज कार्डको नम्बर डायल गर्दै गर्दा मेरी श्रीमती आई मेरो पतिलाई किन भुलाएकी भनेर टर्च लाइटले ३ पटक तिनलाई कुटिन् । मैले पीडितलाई जबरजस्ती करणी गरेको छैन भन्ने बेहोरा लेखाएको पाइए तापनि निजले आफ्नो बयान बेहोराको समर्थनमा आफ्नी श्रीमतीलाई साक्षीको रूपमा प्रस्तुत गरी बकपत्र गराउन सकेको नपाइने ।

प्रतिवादीले मौकाको बयानमा उल्लेख गरेअनुसार पीडितलाई केही गर्दै नगरेको भए निज प्रतिवादीकी श्रीमतीले प्रतिवादीलाई टर्च लाइटले हिर्काउने कुरा स्वाभाविक नरहेको र निज प्रतिवादीकै जग्गामा घर बनाई बसेकी अविवाहित पीडितले प्रतिवादी आफ्नो घरमा राति आई डर त्रास देखाई

लिङ्ग निकाली आफ्नो शरीरमाथि चढी तलमाथि गरेको भनी बकपत्रमा पोल गर्नुपर्ने स्थितिसमेत नदेखिँदा प्रतिवादी देवकुमार सदाले पीडित संकेत-१०० लाई जबरजस्ती करणी गर्नका लागि प्रयाससम्म गरेको भन्ने कुरा प्रमाणित हुने ।

तसर्थ, विवेचित आधार, प्रमाण र कारणबाट प्रतिवादी देवकुमार सदाले पीडितलाई जबरजस्ती करणी उद्योगसम्म गरेको ठहऱ्याई निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ५ नं. अनुसार ३(४) नं. बमोजिम हुने सजायको आधा सजाय २ वर्ष ६ महिना कैद गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इशा सुवेदी

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७५ साल श्रावण १४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१४०६, ०७३-RC-०१२९, कर्तव्य ज्यान, *रतिमान रोकाया वि. नेपाल सरकार, नेपाल सरकार वि. रतिमान रोकाया*

प्रतिवादी रतिमान रोकायालाई मागबमोजिम सर्वस्वसहित जन्मकैद र थप ६ महिना कैद तथा खडका रोकायासमेतका १५ जनालाई रू.१० जरिवाना हुनेगरी भएको सुरू जुम्ला जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत जुम्लाको मिति २०७१।७।२३ को फैसलाउपर प्रतिवादी रतिमान रोकायाको यस अदालतमा पुनरावेदन परेको र निजकै हकमा साधक जाहेरसमेत भई पेस भएको देखिँदा साधकको लगत कट्टा गरिदिएको हुने ।

मृतकको मृत्यु प्रतिवादी रतिमान रोकायाकै कर्तव्यबाट भएको विषयमा विवाद नदेखिँदा सोतर्फ यहाँ थप विवेचना गर्नुपर्ने देखिएन । सो वारदात मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिमको मनसायप्रेरित हो वा ऐ. १४ नं. बमोजिमको आवेशप्रेरित हो भन्ने सम्बन्धमा नै यकिन गर्नुपर्ने देखिन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. मा मनसाय प्रेरित हत्याको सम्बन्धमा व्यवस्था रहेको पाइन्छ भने ऐ. १४ नं. मा आवेशप्रेरित हत्याको सम्बन्धमा व्यवस्था रहेको देखिन्छ । सो १४ नं. मा “ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकमा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा ढुङ्गा हात मुक्का इत्यादिले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ” भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत वारदातमा प्रतिवादी रतिमान रोकायाले आफ्नै कुटपिटबाट श्रीमतीको हत्या भएको कुरालाई स्वीकार गरेका छन् । निजले मृत्युको सम्बन्धमा प्रहरी तथा प्रशासन कतै खबर नगरी लासको सदगत् गरेकोले लासको अवस्थाको मुचुल्का तथा पोस्टमार्टम हुन सकेको छैन । निजले अदालतसमक्षको बयानमा आवेशमा आई दाउराले एकपटक मात्र हिर्काएको हुँ भनी बयान गरे पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६९।१२।२३ गते दिउसो मृतक मेरो श्रीमती सीता कठायत (बुढा) ले माइती घर जान्छु भनी मलाई भनेकी थिइन् । आज नजाउ दुई चार दिनपछि दुवैजना जाउँला भन्दा नमानी जिद्धी गरी घरदेखि तल पुगिन् । मैले सो ठाउँबाट फर्काई हामी सुत्ने कोठाभित्र लगी आवेशमा आई सोही कोठामा रहेको खस्रुको दाउराले दुई तीन चोटी ढाडमा हानेँ । निज भुइँमा लडिसकेपछि फलामको कोदालोले टाउकोमा एकपटक हानेको हुँ । सोही ठाउँमा सास गई घटनास्थलमै मृत्यु भएको हो । प्रहरीमा खबर नगरी गाउँलेलाई भनी लास जलाएको हो भनी बयान गरेको पाइन्छ । लासको पोस्टमार्टम नगरी जलाएकोले प्रतिवादीले पुनरावेदन पत्रमा आफूले दाउराले एकपटक मात्र हानेको भनी जिकिर लिए पनि लासको परीक्षण हुन नसकेबाट निजले अधिकारप्राप्त अधिकारीसमक्ष

कोदालोले हानेको भनी गरेको बयान अन्यथा नदेखिँदा निजको अदालतसमक्षको बयान र पुनरावेदन पत्रमा लिएको जिकिरको बेहोरालाई विश्वास गर्न सकिने आधार देखिन आएन । आवेशप्रेरित हत्यासम्बन्धी उल्लिखित कानूनी व्यवस्थालाई हेर्दा, जोखिमी हतियारको प्रयोग भएको अवस्थामा ज्यानसम्बन्धीको १४ नं. आकर्षित नहुने र प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान खण्डित नभएको र कानूनले जोखिमी हतियार प्रयोग भएको अवस्थालाई मनसाय यकिन गर्ने आधार मानेकोले प्रस्तुत वारदातलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको वारदात कायम गर्न मिल्ने नदेखिने।

अतः उल्लिखित आधार, कारणबाट प्रतिवादी रतिमान रोकायालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुर कायम गरी सजाय भएको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत जुम्लाको मिति २०७१।७।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रस्तुत मुद्दामा प्रतिवादीको आफ्नै पत्नीलाई मार्नुपर्नेसम्मको रिसइवी वा मनसाय देखिँदैन । माइती घर जान्छु भनी पत्नीले भनेको र लोग्ने प्रतिवादीले सो कुरा नमानी हान्दा पत्नीको मृत्यु भएको देखिन्छ। यस घटनाअघि श्रीमान् श्रीमतीको सम्बन्धमा जटिल प्रकारको सम्बन्धको अवस्था रहेको भन्ने कुरा पनि अनुसन्धानबाट खुल्दैन । प्रतिवादीले भएको घटनाको तथ्य स्पष्ट राखी न्यायिक प्रक्रियामा सहयोग गरेको अवस्था पनि देखिएको छ । यस अवस्थामा निजलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएको र १२ वर्ष मात्र कैद गर्दासमेत ऐनको मकसद पूरा हुने भएकोले निज प्रतिवादी रतिमान रोकायालाई साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १२(बाह्र) वर्ष मात्र कैद सजाय हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल फागुन २१ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CR-१६२९, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. लेप्साङ लामा*

टाँसी लामाको घरमा लगाएको ताल्चा प्रतिवादी लेप्साङ लामासमेतले काटी दिएकोमा खामसुङ लामाले उक्त घरमा लगाएको ताल्चा कसलाई सोधी काटेको हो भनी सोधपुछ गर्दा पीडित पक्ष र प्रतिवादीबिच विवाद हुँदा प्रतिवादीले खामसुङ लामालाई प्रहार गरी ज्यान मार्ने उद्योग गरेको भनी अभियोग पेस भएकोमा बुझिएका नोबाबु शेर्पा, फुर्पा शेर्पा र निमा शेर्पाले पीडितलाई प्रतिवादीले कुटपिट गरी ज्यान मार्ने उद्योग गरेका हुन् भनी लेखाई दिएको देखिन्छ। प्रतिवादी लेप्साङ लामाले आफूले कुटपिट नगरेको भनी अदालतमा बयान गरेको भए पनि अधिकारप्राप्त अधिकारीसमक्ष पीडितलाई प्रहार गरेको कुरा स्वीकार गरेको देखिन्छ। प्रतिवादीको शरीरमा पनि घा चोट परेको देखिएको र पीडितको टाउकोलगायतका शरीरको भागमा चोट देखिएकोले प्रतिवादी र पीडितको बिचमा कुटपिट झगडा भएको भन्ने कुरा पुष्टि भएको छ। झगडाको सुरूवात टाँसी लामाको घरमा लगाएको ताल्चा यी प्रतिवादीसहित भई काटिदिएको विषयलाई लिएर भएको देखिन्छ । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट पहिला ताल्चा काटेको विषयलाई लिएर पीडित पक्ष नै प्रतिवादीको घरमा गई ढुङ्गा मुढा गरी घर परिवारसमेतलाई आक्रमण गरेकोले बचाउनको लागि खुकुरी प्रहार गरेको कारण खामसुङ लामा घाइते भएको भनी लेखाएको पाइन्छ । प्रतिवादीले पहिले नै योजना बनाई पीडित रहेबसेको ठाउँमा गई प्रहार गरेको भन्ने नदेखिने।

ज्यानसम्बन्धी अपराधमा कर्तव्य ज्यान र ज्यान मार्ने उद्योगको बिचमा अपराध स्थापित गर्ने तत्त्वहरू आपराधिक मनसाय (Mens Rea), आपराधिक कार्य (Actus Reus) र वैध प्रतिरक्षाको

अभाव (Absense of Valid Defense) को दृष्टिकोणबाट कुनै भिन्नता रहेको हुँदैन । केवल परिणामको दृष्टिले अपराधले पूर्णता पाउन मात्र बाँकी रहेको हुन्छ । अपराध गर्ने उद्योगको प्रश्न केवल मनसायपूर्वक गरिएको आपराधिक कार्यमा मात्र सान्दर्भिक हुन्छ । मनसायपूर्वक गरिएको कार्यमा मनसाय, तयारी, उद्योग र पूर्ण अपराधका चार चरणहरूमध्ये मनसाय र तयारीसम्मको चरणमा त्यस्तो अपराध गर्न खोज्ने व्यक्तिले अपराध घटाउनको लागि कुनै कार्य नगर्ने हुँदा उद्योगको प्रश्न आउँदैन । जब मनसाय र तयारीको चरण पूरा गरी मनसायलाई कार्यरूप दिन सारवान् रूपमा कुनै आपराधिक कार्य गरेको हुन्छ तर कुनै कारणले निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रूपमा लिइन्छ । यस्तो अपराधको अपूर्ण कार्य गर्नको लागि मनसाय तत्त्वको उपस्थिति अनिवार्य नै मानिने ।

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. ले ज्यान मार्ने उद्योगलाई अपराधको रूपमा परिभाषित गरी ऐ. १५ नं. मा सजायको व्यवस्था गरेको सन्दर्भमा ज्यान मार्ने उद्योगको अपराधमा कर्तव्य ज्यानको लागि आवश्यक तत्त्वको विद्यमानता हुनुपर्छ तर पीडितको मृत्यु भएको हुनु हुँदैन । प्रतिवादीले ज्यान मार्ने मनसाय राखेर पीडितमाथि कुनै किसिमको प्रहार वा अन्य कुनै प्रकारको आपराधिक कार्य गर्दछ र उसलाई वैध प्रतिरक्षा उपलब्ध छैन भने त्यस्तो प्रतिवादीले ज्यान मार्ने उद्योगको अपराध गरेको मानिन्छ । ज्यान मार्ने मनसाय र कार्य स्थापित हुन तेस्रो पक्षको उपस्थितिबाट ज्यान मर्न नपाएको वा अन्य कुनै कारणबाट ज्यान नमरेको भए पनि कर्तव्य ज्यानको लागि आवश्यक पर्ने सबै तत्त्वहरूको विद्यमानता छ भने ज्यान मार्ने उद्योगको वारदात स्थापित हुन सक्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादीको ज्यान मार्ने मनसाय थियो वा थिएन र ज्यान मार्नेसम्मको कार्य गऱ्यो वा गरेन भन्ने सम्बन्धमा नै हेर्नुपर्ने हुन्छ । प्रतिवादीले घरको दाबी गर्ने व्यक्ति बस्न पाउने अपेक्षामा घरमा लगाएको ताल्चा काट्न लागेको समयमा पीडित पक्षबाट अवरोध पैदा हुँदा वारदात घटेको देखिन्छ । पीडित पक्ष नै प्रतिवादीको घरमा गई अवरोध र विरोध गरेपछि नै दुई पक्षबिच कुटपिट र हानाहानको स्थिति भएको भन्ने देखिन्छ । यी प्रतिवादीको ज्यान मार्नेसम्मको पूर्वयोजना रहेको भन्ने देखिँदैन । तत्काल उठेको रिसले ज्यान मार्ने मनसाय उत्पन्न भएको भन्नलाई निजले प्रहार गरेको चोट उपचार गर्दा निको भएको अवस्था देखिएको छ । प्रतिवादीले प्रहार गरेको चोट कसैले रोकेको कारण अर्थात् तेस्रो पक्षको उपस्थितिबाटै ज्यान मर्नबाट जोगिएको भन्ने पनि मिसिलबाट देखिँदैन । यस अवस्थामा निजले मार्ने मनसायले नै पीडितलाई प्रहार गरेको भन्ने देखिन आउँदैन । प्रतिवादीमा पीडितलाई मार्नेसम्मको योजना, तयारी, रिसिइवी वा कार्य रहेको भन्ने स्थापित नभएको अवस्था हुँदा प्रतिवादीको पीडितलाई मार्नेसम्मको मनसाय रहेको भन्ने देखिन नआउने ।

अतः विवेचित आधार कारणबाट प्रस्तुत मुद्दाको वारदात कुटपिटसम्मको देखिँदा सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला उल्टी गरी ज्यान मार्ने उद्योगतर्फको दाबी पुग्न नसकी प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने र वारदातको प्रकृतिसमेतलाई कुटपिटमा दृष्टिगत गरी साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला व्यक्तिले सकार गर्न आए वादी पक्ष कायम गरी यसै मुद्दाबाट कारबाही किनारा गर्ने गरी प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : अनुपमा पन्त
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७५ साल फागुन २१ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७५-WH-०१३६, बन्दीप्रत्यक्षीकरण, युवप्रसाद न्यौपाने वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

निवेदकले आफूलाई गैरकानूनी रूपमा पक्राउ गरी थुनामा राखिएको भन्नेलगायतका दाबी लिई प्रस्तुत रिट निवेदन दायर गरेको भए पनि निवेदक विरूद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(१) समेतका आधारमा काठमाडौं जिल्ला अदालतमा जाहेरी परेको, उक्त जाहेरीउपर काठमाडौं जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १४(६) बमोजिम म्याद थप भएको तथा साधिकार निकायबाट अनुसन्धान प्रयोजनार्थ बयान गराइएको अवस्थामा निवेदकले भनेजस्तो गैरकानूनी कार्य भएको वा गैरकानूनी तवरले थुनामा राखिएको भन्ने देखिन नआउने।

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन कुनै पनि व्यक्ति वा संस्थाले अख्तियारीविना कसैलाई थुनामा राखेको, अधिकार क्षेत्रात्मक त्रुटि रहेको, थुनामा राख्दा अपनाउनुपर्ने अनिवार्य कार्यविधि पूरा नगरेको, थुनामा राख्नुपर्ने कानूनी कारण नरहेको वा प्रवृत्त भावनाले थुनामा राखेको जस्ता परिस्थितिहरू विद्यमान हुनु जरूरी हुने।

निवेदकले विदेशी नागरिकसँगको मिलेमतोमा जाहेरवाला मेरे कार्कीलगायतको इमेल आइ.डी. लगायत बैंक एकाउन्ट ह्याक गरी जाहेरवालाको हिमालयन बैंकमा रहेको खाता नम्बरमा प्राप्त हुनुपर्ने रकम आफ्नो एभरेष्ट बैंकको खाता नम्बर ०१२००१०२०००४३५ मा ट्रान्सफर गराएको भन्ने विषयमा किटानी जाहेरी परेको छ । यसै निवेदनको प्रमाणस्वरूप प्राप्त हुन आएको मेरे कार्कीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै निवेदक स्नेहा श्रेष्ठ भई काठमाडौं जिल्ला अदालतमा दायर भएको ठगी मुद्दामा अनुसन्धान अधिकारीसमक्ष भएको बयानका क्रममा निवेदकले जाहेरवालाको रकम आफ्नो खातामा आएको कुरा स्वीकारी हाल खाता रोक्का रहेको र खाता सञ्चालन हुनासाथ रकम फिर्ता गरिदिने भनी सहमति जनाएको भनी स्वयम्ले उल्लेख गरेको अवस्था छ । निवेदककै भनाइबाट पनि जाहेरवालाले प्राप्त गर्ने रकम अवैध ढङ्गले आफ्नो खातामा आएको कुरा निजले स्वीकार गरेको तर उक्त रकम जाहेरवालाले फिर्ता पाएको भनी निजले जिकिर लिन सकेको अवस्था छैन । अमृत दाहालको जाहेरीले दायर भएको ठगी मुद्दामा थुनछेक आदेश भई सो आदेशबाट माग भएको धरौटीबापत जेथा जमानी राखी तारिखमा छुटेपछि मात्र यी निवेदक विरूद्ध मेरे कार्की जाहेरवाला भएको अर्को ठगी मुद्दा दायर हुन आएको देखिन्छ। निवेदकले आफू थुनामा रहँदाको बखतमा आफ्नो खातामा रकम जम्मा हुन आएकोले म निर्दोष छु भन्ने जिकिर लिए पनि बैंक खाता ह्याकिङ गर्ने गिरोहका सदस्यले निवेदकले नै उपलब्ध गराएको निजकै एकाउन्ट नं. प्रयोग गरिरहेको अवस्था छ भने खाता नं. उपलब्ध गराउनेलगायतका कार्य निज थुनामा पर्नुअघि नै निवेदकले सम्पन्न गरेको अवस्था छ । साथै यी दुई जाहेरवालाको मात्र नभई मिङमार लामा र टोपबहादुर लामाको समेत बैंक एकाउन्ट ह्याक गरी निजहरूको खाताबाट रकमान्तर गरेको भन्ने कुरा प्रमाणको मिसिलमा यिनै निवेदकले गरेको बयानबाट देखिन आउने।

निवेदकले दाबी गरेजस्तो एउटै कसुरमा पटकपटक निवेदकलाई पक्राउ गरी थुनामा राखिएको नभई निवेदकले फरकफरक समयमा गरेका कसुरउपर निज विरूद्ध फरक समयमा फरकफरक जाहेरी परेका र पछिल्लो जाहेरीउपर अनुसन्धानलगायतको कार्य हुनै नपाएको अवस्थामा सोही जाहेरीका आधारमा अनुसन्धान प्रयोजनार्थ अदालतबाट म्याद थप भई थुनामा राखिएको भन्ने कुरामा विवाद नरहने।

उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा यी

निवेदकले जाहेरवाला मेरे कार्कीउपर निजको एकाउन्ट ह्याक गरी ठगी गरे नगरेको भन्ने विषयमा प्रमाणको ठगी मुद्दामा अन्तिम निर्णय हुँदाका बखत निर्क्योल हुने नै हुँदा प्रस्तुत बन्दी प्रत्यक्षीकरणको हकमा निवेदकले जाहेरवाला मेरे कार्कीको बैंक एकाउन्ट ह्याक गरी आफ्नो खातामा रकमान्तर गरे नगरेको भन्ने विषयमा निवेदकलाई पक्राउ गरी निजउपर अनुसन्धान गर्नुपर्ने प्रसस्त आधारहरू विद्यमान रहेका र सोही आधारमा अनुसन्धान प्रयोजनार्थ नियमानुसार पक्राउ पुर्जी जारी गरी निजलाई पक्राउ गरी सक्षम अदालतबाट म्याद थप अनुमति लिने, साधिकार निकायबाट बयान गराउनेलगायतका कार्य भए गरेको देखिँदा निवेदकको संविधान प्रदत्त मौलिक हकमा आघात पुगेको तथा निजको व्यक्तिगत स्वतन्त्रताको हनन् भएको भन्ने नदेखिने।

अत: उपर्युक्त विवेचित तथ्य एवं प्रमाणसमेतका आधारमा यी निवेदक विरूद्ध ठगीसम्बन्धी अलगअलग कसुरमा जाहेरी पनि परेको र निजलाई पक्राउ गरी अनुसन्धान गर्न जरूरी देखिएको तथा यस विषयमा यसअघि कुनै अनुसन्धान पनि नभएको तथा निजलाई पक्राउ गर्दा, म्याद थप गर्दा वा थुनामा राख्दा पनि कानूनविपरीतका कुनै पनि कार्य नगरी कानूनद्वारा निर्दिष्ट प्रक्रिया पूरा गरेर नै थुनामा राखिएको तथा अधिकार क्षेत्रात्मक त्रुटि एवं प्रवृत्त भावना लिएको भन्ने जस्ता कुनै पनि आधार नभएको र निज विरूद्ध ठगी मुद्दाको अभियोग पत्रसमेत दायर भइसकेको देखिँदा निवेदन मागबमोजिम प्रस्तुत निवेदनमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल

इति संवत् २०७६ साल बैशाख ९ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CR-०६९०, ०७११, ०७९८, १०३५, १११०, २१५९, २१६०, जबरजस्ती करणी, नेपाल सरकार वि. गोपी सर्राफसमेत, होमबहादुर स्याङ्गतान वि. नेपाल सरकार, लक्ष्मण खत्री वि. नेपाल सरकार, करण भन्ने कान्छाराम स्याङ्गतान वि. नेपाल सरकार, गोपी सर्राफ वि. नेपाल सरकार, श्रीहरि अर्याल वि. नेपाल सरकार, सुयस ढकाल वि. नेपाल सरकार*

प्रतिवादीहरू कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, गोपी सर्राफ, सुयस ढकाल, श्रीहरि अर्यालसमेतले अदालतमा बयान गर्दा कसुर गरेमा इन्कारी भए तापनि मौकामा बयान गर्दा पीडित भीमफेदी (क) लाई आफूहरूले सामूहिक रूपमा पालैपालो जबरजस्ती करणी गरेकोमा साबित हुँदै अन्य प्रतिवादीहरूले समेत जबरजस्ती करणी गरेको हो भनी एकआपसमा पोल गरेको देखिन्छ। त्यसैगरी अर्का प्रतिवादी लक्ष्मण खत्रीले मौकामा र अदालतमा बयान गर्दा पीडित भीमफेदी (क) लाई जबरजस्ती करणी गरेकोमा साबित रहेको पाइन्छ। जबरजस्ती करणी भएको भनिएको घटनास्थलमा कन्डमको खोलसमेत फेला परेको भन्ने देखिन्छ। जाहेरवाली भीमफेदी (क) ले निजलाई नारायणी होटेलमा लगी कोठामा राखी पहिला लक्ष्मण खत्रीले जबरजस्ती करणी गरेको र त्यसपछि पालैपालो अरूले जबरजस्ती करणी गरेको साथै पुन: गोल्डक्वाइन रेष्टुरेन्टमा लगी गोपी सर्राफसमेतका प्रतिवादीहरूले जबरजस्ती करणी गरेका हुन् भनी अदालतमा आई पीडित जाहेरवालीले बकपत्र गरिदिएको पाइन्छ। मिति २०७०।३।८ गते मलाई नारायणी होटल र गोल्ड क्वाइन रेष्टुरेन्टमा लगी पालैपालो जबरजस्ती करणी गर्ने व्यक्ति यिनै हुन् भनी प्रतिवादीहरूलाई चिनी पीडित भीमफेदी (क) ले सनाखत गरिदिएको देखिन्छ। भीमफेदी (घ) ले प्रतिवादीहरूले आफू र साथी भीमफेदी (क) लाई नारायणी होटलमा लगेको र आफूलाई जबरजस्ती गर्न खोज्दा भागी आएको भनी बकपत्र गरिदिएको

पाइन्छ । प्रतिवादीहरू सुयस ढकाल, श्रीहरि अर्याल, लक्ष्मण खत्री, विकास स्याङ्तान होमबहादुर स्याङ्तानसमेतको शरीरमा चिथोरिएको निलडाम रहेको साथै पीडित भीमफेदी (क) को देब्रे स्तनमाथि निलडाम र दुधको मुन्टामा समेत घाउ रहेको तथा Hymen Rapture देखिएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिँदा निज प्रतिवादीहरू लक्ष्मण खत्री, कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, सुयस ढकाल, श्रीहरि अर्याल र गोपी सर्राफसमेतले पीडित भीमफेदी (क) लाई नारायणी होटल र गोल्डक्वान रेस्टुरेन्टमा पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने देखिने ।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडित भीमफेदी (क) लाई अत्यधिक मात्रामा मदिरा सेवन गराई लगेको, निज पीडित रक्सीको नसा लागी अर्धचेतन अवस्थामा रहेको भन्ने कुरा मिसिल संलग्न कागजबाट देखिन्छ । निज पीडितलाई प्रतिवादीहरूले पालैपालो एक ठाउँमा जबरजस्ती करणी गरिसकेपछि फेरी अर्को ठाउँमा लगी पीडितको शारीरिक अवस्थाको फाइदा उठाई आफ्नो कब्जामा राखी बाध्य बनाई, प्रतिकार गर्न नसक्ने स्थितिमा पुऱ्याई प्रतिवादीहरू लक्ष्मण खत्री, कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, सुयस ढकाल, श्रीहरि अर्याल र गोपी सर्राफसमेतले पीडित परिवर्तित नाम भीमफेदी (क) लाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको देखिने ।

प्रतिवादी गोपी सर्राफले मौकामा र अदालतसमक्ष बयान गर्दा भीमफेदी (घ) लाई जबरजस्ती करणीको उद्योग गरेको कसुरमा इन्कार रहेको पाइन्छ । मिति २०७०।३।८ मा म, भीमफेदी (क), विकास स्याङ्तान र होमबहादुर स्याङ्तान सँगै फिल्म हेरी फर्कंदा मार्फा होटलमा खाजा खाई लक्ष्मण खत्रीसमेतले नारायणी होटलमा लगेकोमा मैले होमबहादुरलाई कोठामा पुऱ्याइदिनु भन्दा निजले गोपी सर्राफलाई गाडी लिई आउन फोन गरेपछि निजले बा. ७ च ८१५२ नं. को कार लिई आई सो कारमा राखी कोठामा पुऱ्याई गोपी सर्राफसमेत कोठामा पसी मलाई अनैतिक कार्य गर्न खोजेपछि म कोठाबाट बाहिर निस्केको थिएँ । त्यसपछि सोही कारमा साथी भीमफेदी (क) लाई लिन जाने भनी पुनः आई गोल्डक्वाइन होटलमा पुऱ्याई निज गोपी सर्राफले कोठामा लगी अनैतिक कार्य गर्न खोजेपछि चुकुल खोली निस्की बाहिर आएँ भनी भीमफेदी (घ) ले मौकामा कागज गरेको देखिन्छ । सोबाहेक प्रतिवादी गोपी सर्राफले भीमफेदी (घ) लाई जबरजस्ती करणीको उद्योग गरेको भन्ने पीडितको भनाइलाई समर्थन गर्ने अन्य सबुद प्रमाण वादी पक्षबाट पेस गर्न सकेको मिसिलबाट नदेखिएको हुँदा शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सिद्धान्तको आधारमा यी प्रतिवादी गोपी सर्राफले पीडित भीमफेदी (घ) लाई जबरजस्ती करणीको उद्योग गरेको कसुर ठहर गर्न मिल्ने देखिन नआउने ।

प्रतिवादी जीवन थिङ लामालाई जबरजस्ती करणीको मतियार कायम गरेको मिलेन भन्ने वादी नेपाल सरकारको दोस्रो पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी जीवन थिङ लामाले मिति २०७०।३।८ गते राति म गोल्डक्वाइन रेस्टुरेन्टमा सुतिरहेको अवस्थामा होटल साहु गोपी सर्राफ र वरूण चौलागाईसमेतले ल्याएका केटीलाई गोपी सर्राफले निजको कोठासम्म पुऱ्याइदेउ भनेको हुँदा वरूण चौलागाईले चलाएको मोटरसाइकलको बिचमा राखी मैले समाई मानसचोकसम्म ल्याई छाडिदिएको भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । त्यसैगरी बुझिएका रोहन घलानले मौकामा कागज गर्दा बरूण र गोपीले ल्याएको केटीलाई गोल्डक्वाइन होटलबाट जीवन र अर्को १ जनाले बाइकमा हाली लिई गएका थिए भन्ने लेखाई दिएको पाइने ।

पीडित जाहेरवाली भीमफेदी (क) ले अदालतमा आई बकपत्र गर्दा आफूलाई जबरजस्ती

करणी गर्ने योजना बनाउनेमा होमबहादुर स्याङ्तान र विकास स्याङ्तान हुन् । लक्ष्मण खत्रीसमेतका प्रतिवादीहरूले मलाई जबरजस्ती करणी गरेका हुन् । प्रतिवादी जीवन थिङ र बरूण चौलागाईको गल्ती भनेको गोल्डक्वाइन रेस्टुरन्टबाट विकासको कोठासम्म पुऱ्याइदिनु हो भन्ने लेखाएको देखिँदा यी प्रतिवादीले अपराध घटाउन अन्य प्रतिवादीहरूलाई साथ दिई सहयोग गरेको देखिन्छ । यी प्रतिवादीले वारदात स्थलमा उपस्थित भई अन्य प्रतिवादीहरूलाई आरोपित कसुर घटाउन साथ दिएको, सँगै गई मद्दत पुऱ्याएको, बल दिएको र घटनाका बारेमा कहीँकतै खबर नगरेको, अपराध हुन नदिन कुनै भूमिका निर्वाह नगरेको भन्ने देखिन्छ । यी प्रतिवादीले जबरजस्ती करणी गर्ने विकास स्याङ्तानसमेतका व्यक्तिहरूलाई अपराध घटेपश्चात् निजको कोठासम्म पुऱ्याई अपराध घटाउन सहयोग मद्दत पुऱ्याएको देखिँदा निज प्रतिवादी जीवन थिङले पीडित भीमफेदी (क) लाई जबरजस्ती करणी नगरी अन्य प्रतिवादीहरूलाई अपराध घटाउन सहयोग गरी मतियारको कार्य गरेको देखिन आउने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा भएको कानूनी व्यवस्था हेर्दा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ भन्ने र ऐ.४ नं.मा जबरजस्ती करणी गर्ने भएको कुरा जानी थाहा पाई हुल गरी सँग लागि जाने, समाउने गर्न नहुने भन्ने उल्लेख भएको पाइन्छ। सो कानूनी व्यवस्थाको विपरीत प्रतिवादीहरू लक्ष्मण खत्री, कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, सुयस ढकाल, श्रीहरि अर्याल र गोपी सर्राफसमेतले पीडित भीमफेदी (क) लाई एक ठाउँमा सामूहिक रूपमा जबरजस्ती करणी गरिसकेपछि पुन: अर्को ठाउँमा लगि सामूहिक जबरजस्ती करणी गरेको र प्रतिवादी जीवन थिङ लामाले अन्य प्रतिवादीहरूलाई जबरजस्ती करणीको कसुर गर्न सहयोग मद्दत पुऱ्याएको देखिँदा निज प्रतिवादीहरू लक्ष्मण खत्री, कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, सुयस ढकाल, श्रीहरि अर्याल र गोपी सर्राफसमेतले आरोपित कसुर गरेको र प्रतिवादीमध्येका जीवन थिङ लामालाई कसुरको मतियार ठहर गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।३।१५ मा भएको फैसला मनासिब देखिने।

तसर्थ उल्लिखित आधार प्रमाणसमेतबाट मिति २०७०।३।८ मा पीडित भीमफेदी (क) लाई प्रतिवादीहरू लक्ष्मण खत्री, विकास र करण भन्ने कान्छाराम स्याङ्तान, होमबहादुर स्याङ्तान, श्रीहरि अर्याल, सुयस ढकाल, गोपी सर्राफसमेतले नारायणी होटल र गोल्डक्वाइन रेस्टुरेन्टमा लगी पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य प्रतिवादीहरूको बयान, पीडित जाहेरवालीको जाहेरी, सनाखत कागज एवम् अदालतमा आई गरेको बकपत्र, बुझिएका मानिसहरूले गरेको बकपत्र, पीडितको शारीरिक परीक्षण प्रतिवेदनसमेतबाट स्थापित भएको देखिँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ वर्ष कैद र सामूहिक जबरजस्ती करणी गरेतर्फ सोही महलको ३(क) नं. बमोजिम थप ५ वर्ष कैद गरी जनही जम्मा १० (दश) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. अनुसार प्रतिवादीहरूबाट जनही रू.५०,०००।- का दरले जम्मा रू.३,००,०००।- (तीन लाख रूपैयाँ) पीडितलाई क्षतिपूर्ति भराइदिने गरी र प्रतिवादी गोपी सर्राफले पीडित भीमफेदी (घ) लाई जबरजस्ती करणीको उद्योग गरेको अभियोग दाबीबाट सफाई पाउने साथै अर्का प्रतिवादी जीवन थिङ लामालाई सोही महलको ४ नं. को कसुरमा ३ (तीन) वर्ष कैद सजाय हुने गरी सुरु मकवानपुर जिल्ला अदालतबाट मिति २०७१।१।४ र मिति २०७१।७।२६ मा भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट

मिति २०७२।३।१५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल साउन २७ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-००५२, कर्तव्य ज्यान, नेपाल सरकार वि. घनश्याम आचार्य*

प्रतिवादी र मृतक एकै कम्पनीमा काम गर्ने एकै घरमा डेरा गरी बस्ने साथीहरू रहेको र दुवै मिलीजुली बस्दै आइरहेको भन्ने प्रतिवादीको बयानबाट खुल्दछ । प्रतिवादी र मृतकबिच पहिलेदेखिको झै-झगडा तथा रिसइवी रहे भएको देखिँदैन । सोही घरमा डेरा गरी बस्ने अन्य व्यक्तिहरूले समेत यी दुईबिच पहिलेदेखि नै झगडा रिसइवी केही थियो भनी लेखाएको देखिँदैन । प्रतिवादी र मृतकबिच अन्य कुनै व्यवहारले मार्नुपर्नेसम्मको कारण सिर्जना गरेको भन्ने देखिन नआएको हुँदा प्रतिवादी र मृतकबिच मृतकले प्रतिवादीको श्रीमती मधु आचार्यलाई समातेको र सो अवस्थामा प्रतिवादीले देख्दा यी प्रतिवादी आक्रोशमा आई रक्सी खाई श्रीमतीलाई समेत कुटपिट गरी मृतकसँग झगडा गर्न गएको र कुटपिट गर्दा सोही कुटपिटका कारणले मृतकको मृत्यु भएको देखिन आउने।

घटनाक्रमको अन्य पक्षहरूलाई हेर्दा प्रतिवादीले मृतकलाई कुनै धारिलो वा घातक वस्तु वा हतियारले प्रहार गरेको देखिँदैन। पूर्वरिसइवी र मनसाय राखी हत्या गर्न खोज्नेले सामान्यतः लुकीछिपी तथा अन्य व्यक्तिले थाहा नपाउने तरिकाले प्रहार गर्ने, सबुद प्रमाण मेटाउन खोज्ने तथा घटना वारदातपश्चात् फरार हुने जस्ता कार्य गर्ने गर्दछन्। प्रतिवादीले घरमा अन्य कोठाहरूमा मानिसहरू रहे भएको अवस्थामा झगडा कुटपिट गरेका छन् । मृतकको मृत्युपश्चात् पनि निज मृतकको लास छेउ उभिरहेका थिए भनी बकपत्र गर्नेले खुलाएका छन् । कुनै घातक वस्तु वा हतियारको प्रयोगसमेत गरेको अवस्था देखिन आएको छैन । सो अवस्था हुँदा घटना कुनै पूर्वरिसइवीका कारण नियोजित रूपमा मनसायपूर्वक घटाइएको नभई श्रीमतीलाई अभद्र व्यवहार गरेको रिसमा कुटपिट गर्दा हुन पुगेको देखिँदा तत्कालको आवेशमा कुटपिट गर्दा मृतकको मृत्यु हुन पुगेको अवस्था पुष्टि हुन आउने।

मनसायपूर्वकको हत्यामा मार्नुपर्नेसम्मको कारण र जिउ मार्नका लागि रहेको नियत वा मनस्थिति (cause and motif of murder) प्रस्ट रूपमा देखिनुपर्दछ भने आवेश प्रेरित हत्यामा मृतकको कुनै कार्य वा व्यवहारले प्रतिवादीले आफ्नो नियन्त्रण गुमाउने अवस्था सिर्जना भई तत्कालको आवेशमा कुटपिट गर्ने वा हिर्काउने गर्दा घटना घटेको अवस्था हुन्छ । यही तत्त्वले नै कुनै पनि हत्या मनसायपूर्वक घटाइएको हो वा तत्कालको आवेशमा भएको घटना हो भनी छुट्याउने।

प्रचलित कानूनी व्यवस्थालाई हेर्ने हो भने पनि उल्लिखित दुई प्रकृतिका कसुरमा भएको भिन्नतालाई बोध गर्न सकिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) र १४ नं. ले गरेको कसुर कायम तथा सजायको व्यवस्थालाई हेर्दासमेत सो कुरा प्रस्ट हुन्छ। ऐ. १३(३) नं. ले "लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने व्यवस्था गरेको देखिन्छ भने

१४ नं. ले "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादि हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने व्यवस्था गरेको देखिन्छ । उल्लिखित १३ (३) नं. ले मनसायपूर्वक घटाइएको कार्यलाई र १४ नं. ले तत्कालको आवेशमा भएको कार्यलाई उल्लेख गरेका छन् भने यी दुईबिचको भिन्नतालाई समेत प्रस्ट पारेको देखिने ।

मृतकको मृत्यु प्रतिवादीकै कुटपिटबाट भएको र उक्त कुरालाई प्रतिवादीले पूर्णरूपमा स्वीकार गरेको देखिन्छ । प्रतिवादी र मृतकबिच पूर्वरिसइवि तथा झगडा भएको नदेखिएको, आफ्नो श्रीमतीलाई समातेको देखेको अवस्थामा तत्कालको आवेशमा प्रतिवादी मृतकसँग झगडा गर्न गएको अवस्थामा कुटपिट हुँदा मृतकको मृत्यु हुन पुगेको देखिएको हुँदा प्रतिवादीको कार्यलाई पूर्वरिसइविका कारण सोचीसम्झी जानी बुझी मृतकको ज्यान लिने मनसाय राखी वा मनस्थिति बनाई निजलाई मारेको भनी मान्न सकिएन । प्रतिवादीले पहिलेदेखि मृतकले श्रीमतीलाई जिस्क्याएको कारणले पूर्वमनसाय बनाई कर्तव्य गरेको देखिन्छ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको भए तापनि वारदात भएको दिन झगडा वा कुटपिट मृतकको तत्कालीन व्यवहारका कारणले भएको देखिन्छ । मृतकको व्यवहारले दुईबिच पहिलादेखि नै झै-झगडा रहेको भए तापनि सोही कारणले मार्नेसम्मको पूर्वरिसइवी रहे भएको भनी मान्न सकिने अवस्था नहुने । वारदात समयमा मृतकले मधु आचार्यलाई अभद्र व्यवहार गरेकै कारणले उक्त घटना घट्न गएको हुँदा तत्कालको आवेशमा नै कसुर घटित भएको पुष्टि हुन आएको हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः प्रतिवादी घनश्याम आचार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसुरमा सोही १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७४।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७६ साल भाद्र ८ गते रोज १ शुभम् ।

## इजलास नं. ५

### १

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७३-CI-१४९१, निषेधाज्ञा, शारदा हलुवाई वि. भुटन भन्ने मनोज साह*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा, निवेदिका शारदा हलुवाईको नाउँ दर्ताको कि.नं.१६१ को ०-०-८ जग्गामा रहेको घर पर्खाल भत्की लड्ने गरी साँधमा रहेको विपक्षीको जग्गामा विपक्षीले खाडल खनाई रहेकोले सो रोक्न निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदिकाले माग गरेकोमा विपक्षीले निवेदकको घर पर्खाल भत्कने गरी कुनै खाडल खनेको छैन । २०७१ सालको चैत्र महिनामा नै जग्गा आवाद गर्न आफ्नै जग्गामा पैनी खनेको हो भनी लिखित जवाफमा उल्लेख गरेको देखिन्छ । निवेदिकाउपर विपक्षीको तर्फबाट विवादित जग्गाकै साँधमा विपक्षीले सप्तरी जिल्ला अदालतमा CP-२३७५ नं. को खिचोला मेटाई चलनसमेत चलाई पाउँ भन्ने मुद्दा दायर गरी कारबाहीमा रहेको भन्ने देखिन आएको छ । निषेधाज्ञाको आदेश जारी हुनको लागि विपक्षीले निवेदकको निर्विवाद हक स्वामित्व कायम रहेको जग्गामा अतिक्रमण गर्ने प्रवल सम्भावना रहेको हुनुपर्ने हुन्छ । निवेदनमा निवेदिकाको नामको जग्गामा खाल्टो

खनेको भन्ने नभई विपक्षीले आफ्नै जग्गामा खाल्टो खनेको भन्ने उल्लेख गरेको देखिएको छ । अर्कोतर्फ निवेदिकाले निषेधाज्ञाको आदेशबाट खाल्टो खन्ने कार्य रोकी पाउँ भनेकोमा अवहेलना मुद्दामा पेस भएको फोटोहरूबाट खाल्टो खन्ने कार्य भइसकेको भन्ने देखिन आएको छ। विपक्षीको कार्यबाट निवेदिकाको घर बसोबासमा क्षति पुग्न गएको खण्डमा सम्बद्ध कानूनको आधारमा उपचार खोज्ने कानूनी हक सुरक्षित नै रहेको र विवादित जग्गाकै साँध सिमानामा निवेदिका र विपक्षीको बिच जग्गा खिचोला मुद्दासमेत सप्तरी जिल्ला अदालतमा कारबाहीमा रहेको भन्ने देखिएकोले उक्त जग्गा खिचोला मुद्दामा असर पर्ने गरी प्रस्तुत निषेधाज्ञाको निवेदनमा निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था नभएकोले जिल्ला अदालतमा चलेको जग्गा खिचोला मुद्दामा प्रभाव पार्ने मनसायका साथ तथ्य लुकाई अदालतमा प्रवेश गरेको भन्नेसमेतको आधारमा पुनरावेदन अदालत राजविराजबाट भएको आदेश अन्यथा देखिन नआउने।

अतः माथि विवेचित आधार कारणबाट प्रस्तुत निषेधाज्ञाको निवेदन खारेज हुने ठहऱ्याई भएको पुनरावेदन अदालत राजविराजको मिति २०७३।२।२३ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

## २

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७३-CI-१६९९, निषेधाज्ञा, बासु कार्कीसमेत वि. मकवानपुर जिल्ला अदालतसमेत*

हरहिसाब गराई पाउँ भन्ने मुद्दा विचाराधीन रहेको कारणले रिट निवेदकको हकाधिकार कुण्ठित भएको छ, छैन भन्नेतर्फ हेर्दा, भक्तपुर जिल्ला अदालतमा विपक्षी मीनाकुमारी लोहनी दाहालको तर्फबाट दायर भएको चेक अनादर मुद्दामा भएको अन्तिम फैसलाबमोजिम भरी पाउने ठहर भएको बिगो भरी भराउमा चलेको कारबाहीलाई हरहिसाब गराई पाउँ भनी निवेदकको तर्फबाट परेको मुद्दाको आधारमा निषेधाज्ञाको आदेशबाट बिगो भरी पाउँको कारबाही रोकी पाउँ भन्ने माग रहेको देखियो । अदालतको अन्तिम भई बसेको फैसला कार्यान्वयन गर्ने कार्यबाट निवेदकको निर्विवाद हक प्रचलनमा आघात परेको भन्ने देखिन आएन। अर्कोतर्फ हरहिसाब गरी पाउँ भनी दिएको मुद्दाको आधारमा बिगो भरी पाउँको कारबाही रोकी पाउँ भनी दिएको निवेदन मागबमोजिम जिल्ला अदालतबाट बिगोको कारबाही रोक्न नमिल्ने भनी भएको आदेश बदर गरी पाउन उच्च अदालतमा निवेदन दिन सक्ने वैकल्पिक उपचारको कानूनी व्यवस्था अवलम्बन नगरी दायर गरेको प्रस्तुत निषेधाज्ञाको निवेदनबाट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिने।

अतः माथि उल्लिखित आधार कारणबाट निवेदकले बिगोको कारबाही मुलतबी राखी पाउन माग गरेकोमा मुलतबी राख्न नपर्ने गरी जिल्ला अदालतबाट भएको आदेशउपर मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १७ नं. अन्तर्गत पुनरावेदन तहमा निवेदन गर्ने वैकल्पिक मार्ग हुँदाहुँदै यस अदालतमा रिट निवेदन लिई आएको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले रिट निवेदन खारेज हुने ठहऱ्याई भएको मिति २०७३।१०।२६ को उच्च अदालत पाटन, हेटौंडा इजलासबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन ९ गते रोज ४ शुभम्।

## ३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७२-CR-०७५८,* बिना इजाजत

वन पैदावार ओसारपसार गरेको, *नेपाल सरकार वि. भीमबहादुर खड्कासमेत*

बरामदी काठ ओसारपसार गर्ने गराउने कार्यमा जिप दर्तावालासम्म देखिएका प्रतिवादी वीरबहादुर बोहराको संलग्नता रहेको भन्ने प्रमाणित हुन नआएकाले केवल काठ बरामद भएको जिप दर्ता रहेको नाताले मात्र निजले दाबीको कसुर गरेको ठहर गर्न न्यायोचित नदेखिने।

गाडी धनी वीरबहादुर बोहरा भए पनि सो गाडी सञ्चालन प्रतिवादी भीमबहादुर खड्काले गरी आएकोमा बरामद भएको अवैध काठ ओसारपसार गर्ने गराउने कार्यमा यी प्रतिवादीहरू भीबहादुर र वीरबहादुर बोहराको संलग्नता रहे भएको पुष्टि हुन नसकेकोले यी दुवै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने र काठ बरामद भएको से. १ च ३२५ नं. को जिप सञ्चालक भीमबहादुर खड्कालाई फिर्ता दिने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

अतः उल्लिखित कानूनी व्यवस्था, प्रतिपादित सिद्धान्तलगायत मिसिल संलग्न प्रमाणहरूसमेतबाट यी प्रतिवादीहरू भीमबहादुर खड्का र वीरबहादुर बोहराले अभियोग दाबीबाट सफाइ पाउने र जिप फिर्ता दिने ठहऱ्याएको पुनरावेदन अदालत दिपायलको मिति २०७२।३।८ को फैसला सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७४-CR-०७०७, ठगी, नेपाल सरकार वि. पुष्पा खड्का (कार्की) समेत*

प्रस्तुत मुद्दामा जाहेरवालाहरू प्रतिवादी पुष्पा खड्का कार्कीले एकल रूपमा सञ्चालन गरेको उल्लिखित कम्पनीमा उपस्थित भई सो कम्पनीले तोकेको शुल्क रकम राजिखुसीका साथ बुझाएको र आफूले बुझाएअनुरूपको रसिदसमेत लिएको भन्ने बेहोराको प्रतिवादीहरूले मौकामा र अदालतमा समेत आई गरेको बयान बेहोरालाई जाहेरवालाहरूको मौकाको जाहेरी तथा अदालतमा भएको बकपत्रबाट समेत पुष्टि भइरहेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिएको छ। उल्लिखित प्रमाणहरूबाट जाहेरवाला र प्रतिवादीहरूका बिचमा आपसी सहमतिबाट रकमको लेनदेन भएको स्पष्ट रूपमा देखिने।

ठगीको कसुर कायम हुन धोखा, गफलतमा पारी बिगो लिए खाएको भन्ने प्रमाणबाट अभियोजन गर्नेले पुष्टि गर्न सक्नुपर्ने हुन्छ। प्रतिवादीहरूले गरेको कार्यले जाहेरवालाहरूलाई धोखा, गफलतमा पारी आफ्नो हकाधिकारमा नरहेको अर्काको चलअचल धनमाललाई लिए खाएको भन्ने पनि देखिन आउँदैन। त्यसैगरी यी प्रतिवादीहरूले आफूसँग नभएको कुरा आफूसँग छ भनी जाहेरवालाहरूलाई गफलतमा पारेको वा गलत कुरालाई सद्दे हो भनेर बेइमानीका नियतले धोका दिएको वा आफ्नो हकाधिकार नभएको अर्काको धनमाल जहेरवालाहरूबाट लिए दिएको दिलाएको भन्ने पनि प्रमाणबाट पुष्टि भएको देखिँदैन। यसर्थ जाहेरवाला र प्रतिवादीहरूको बिचको व्यवहारलाई हेर्दा पनि प्रतिवादीहरूले ठगीको महलमा उल्लेख भएअनुसारको अभियोग मागदाबीबमोजिम ठगीको परिभाषाअन्तर्गतको कसुर गरेको भन्ने कुरा प्रमाणबाट पुष्टि भएको देखिनसमेत नआउने।

प्रस्तुत मुद्दामा लेनदेनको सम्बन्धमा प्रतिवादीहरूले कपटपूर्ण व्यवहार गरेको, झुक्याएको वा जालसाजीपूर्ण व्यवहार गरेको भन्नेसमेत नदेखिएको अवस्थामा फौजदारी दायित्वको सिर्जना हुन सक्ने अवस्था देखिन नआउने।

प्रस्तुत मुद्दामा जाहेरवाला र प्रतिवादीहरूले एक अर्काको आपसी सहमतिमा फर्म भर्ने, लाग्ने शुल्क, दस्तुर बुझाउने वा बुझाउन कबुल गर्ने वा एक अर्काको विश्वासमा रकमको लेनदेन गर्ने, मुद्दा चल्दाचल्दैको

अवस्थामा समेत रकमको लेनदेन गरी जाहेरवालाहरूले रकम बुझेको वा बुझाएको विषय देवानी दायित्वको विषयभित्र पर्ने।

कुनै प्रतिवादीले पुनरावेदन नगरेकै कारणले मात्र प्रतिवादी कसुरदार रहेको भनी मान्ने अवस्था नरहने।

जाहेरवाला र प्रतिवादीहरूका बिचमा भएका लेनदेन कारोबारहरू आपसी सहमतिमा भएको भन्ने देखिएको छ । प्रतिवादीले संस्थागत रूपमा जाहेरवालाहरूबाट लिएको रकम फिर्ता गर्ने क्रममा खिचिएका चेकहरू अनादर भए पनि पुनः जाहेरवाला र प्रतिवादीहरूका बिच रकम लिनुदिनु भई उल्लिखित जाहेरवालाहरूले रकम लिई पाइसकेको भन्ने देखिन आएकोले प्रतिवादीहरूले अभियोगपत्रमा लिएको ठगीको कसुर गरेको भन्ने देखिन नआएको भनी प्रतिवादीहरू पुष्पा खड्का कार्की र पाण्डवराज कार्कीलाई ठगीको महलको १, ४ नं. को कसुर कायम गरी सजाय गर्ने गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।३।२३ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७३।७।२२ को फैसला अन्यथा नदेखिने।

तसर्थः प्रतिवादीहरू पुष्पा खड्का कार्की र पाण्डवराज कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत पाटनको फैसला सदर हुने।

इजलास अधिकृत: मिनबहादुर कुँवर

इति संवत् २०७६ साल वैशाख ४ गते रोज ४ शुभम्।

## इजलास नं. ६

### १

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०६८-CR-०८०७, हातहतियार खरखजाना, नेपाल सरकार वि. सुनबहादुर गोलेसमेत*

घटना विवरणका मानिस तथा मौकामा बुझिएका मानिसहरूले लेखाएको बेहोरा र प्रतिवादीहरूले मौकामा जिल्ला प्रशासन कार्यालयमा गरेको बयान बेहोराबाट सुनबहादुर गोलेसमेतका प्रतिवादीहरू वनकुखुरा मार्न भनी गएका र प्रतिवादीहरूमध्येका सुनबहादुर गोलेले गोली चलाएको भन्ने देखिन्छ । प्रतिवादीहरूमध्ये पूर्णबहादुर गोले र सुनबहादुर गोलेबाट भरूवा बन्दुक बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादी पूर्णबहादुर गोलेले आफूबाट बरामद भएको बन्दुक आफ्नो भएको र इजाजत पत्र नभएको भनी साबित रहेबाट सो बन्दुक निजकै रहे भएको देखिन आयो। प्रतिवादी सुनबहादुर गोलेले आफूबाट बरामद भएको बन्दुक आफ्नो नभएको भनी बयान गरे पनि निजले बन्दुक चलाएकोमा साबित रहेको र निजबाटै बन्दुक बरामद भएको देखिन्छ। यद्यपि प्रतिवादी राजु घलानले बरामद भएका बन्दुकमध्ये एक थान बन्दुक मेरो भनी बयान गरे पनि निजबाट बन्दुक बरामद नभएको र निजको नामको इजाजत पत्र नरहेको अवस्था हुँदा बन्दुक जो व्यक्तिबाट बरामद भएको हो त्यसैले अवैध रूपमामा राखेको मान्नुपर्ने।

हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) मा लाइसेन्स नलिई वा लाइसेन्समा तोकिएको सर्त बन्देजमा नरही कुनै व्यक्तिले हातहतियार वा खरखजाना बनाउन, मर्मत गर्न, आफूसाथ राख्न वा अन्य स्थानमा राख्न वा राख्न लगाउन, एक रूपबाट अर्को रूपमा परिणत गर्न वा बेच्न वा बिक्रीको लागि दिन, राख्नसमेत हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यी प्रतिवादीहरूसित लाइसेन्स वा इजाजत पत्र नभएको, निजी उपयोगको निमित्त कानूनी तवरबाट राखेको पनि नदेखिएको, निज प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेबाट अवैध बन्दुक बरामद भएको, निज प्रतिवादीहरूले यसरी बन्दुक राख्नुपर्ने आधार

कारण र प्रमाणसमेत पेस गर्न नसकेको अवस्थामा यी प्रतिवादीबाट बरामद बन्दुक विना इजाजत अवैध रूपमा राखी वनकुखुरा मार्न भनी यी प्रतिवादीहरूले हातहतियार लिई गई आफूहरूले बोकेको बन्दुकबाट गोली चलाएकोसमेतको कार्य उक्त कानूनी व्यवस्थाको प्रतिकूल भएको मान्नुपर्ने देखियो । यसरी कानूनले इजाजत पत्र नभई बन्दुक जस्तो हातहतियार चलाउन वा लिई हिँड्न प्रतिबन्ध गरेको अवस्थामा प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेले इजाजत विना बन्दुक जस्तो घातक हातहतियार बोकी हिँडेको र गोली चलाई दाबीबमोजिम कसुर गरेको पुष्टि हुन आउने ।

प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेलाई अभियोग दायर हुँदाको अवस्थामा ३ वर्षदेखि ५ वर्षसम्म कैद अवधि सजाय हुने अवस्था घट्न गई ६ महिनादेखि १ वर्षसम्म कैद हुने व्यवस्था रहेको देखिन्छ । फौजदारी न्यायको मान्य सिद्धान्तअनुसार कसुर गर्दाको अवस्थामा भन्दा सजाय गर्दाको अवस्थामा घटी सजाय हुने गरी सजायको व्यवस्था परिवर्तन भएमा घटी सजायको व्यवस्था लागु हुने मान्यता रहेको छ । प्रचलित केही फौजदारी मुद्दा खारेज गर्ने र दण्ड सजाय मिनाहा दिने ऐन, २०२० को दफा ४(३) मा गरिएको व्यवस्थाअनुसार "...साबिकको मुलुकी ऐनबमोजिम भएको सजायभन्दा अनुसूचीमा उल्लेख भएको नेपाल ऐनमा कम सजाय तोकिएको रहेछ भने सो बढी भए जति सजाय स्वतः मिनाहा भएको मानिने छ भन्ने व्यवस्था गरेको पाइन्छ । त्यस्तै International Covenant on Civil and Political Rights (ICCPR) को धारा १५(१) को अन्तिम हरफमा ..."If, subsequent to the commission of the offence, provision is made by law for the imposition of a lighter penalty, the offender shall benefit thereby. भन्ने व्यवस्था गरिएको र नेपाल ICCPR को पक्ष राष्ट्र भएकोले सजाय गर्दाका बखत कम सजाय हुने गरी कानूनमा परिवर्तन भएमा घटी सजायको लाभ प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेले प्राप्त गर्ने नै देखिने ।

प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेलाई हातहतियार खरखजाना ऐन, २०१९ मा गरिएको मिति २०७२।११।१३ गतेको संशोधनपछिको दफा २०(२)(क) बमोजिम ६ महिनादेखि १ वर्षसम्म कैदको व्यवस्था आकर्षित हुने हुँदा ऐ. ऐनको दफा २०(२)(क) बमोजिम न्यूनतम ६ महिना कैद सजाय हुने ठहर्छ । उल्लिखित प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेबाट बरामद बन्दुक अवैध ठहर गरी ऐ. ऐनको दफा १६ बमोजिम जफत गरेपछि अभियोग दाबीबमोजिम कसुरदार ठहर गरी सजाय गर्नुपर्नेमा सफाइ दिने गरी भएको सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।२।४ को फैसला सो हदसम्म मिलेको नदेखिने ।

प्रतिवादीहरूमध्ये राजु घलान र दुर्गाबहादुर लोप्चनको हकमा विचार गर्दा प्रतिवादी दुर्गाबहादुर लोप्चन कसुरमा इन्कार रही बयान गरेका र यी प्रतिवादीबाट हातहतियार बन्दुक बरामद नभएको र निजले हतियार चलाएको भन्ने पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन । त्यसैगरी प्रतिवादीमध्येका राजु घलानले बरामद भएको बन्दुकमध्ये एउटा बन्दुक आफ्नो भएको भनी बयान गरे पनि निजबाट बरामद नभएको, निजको देखिने इजाजतपत्रसमेतको प्रमाण नभएको र वादी पक्षका साक्षीहरूले समेत यी प्रतिवादीले हातहतियार चलाएको भन्न नसकेको अवस्थामा निजले समेत अवैध हातहतियार लिई चलाई कसुर गरेको भन्न मिल्ने नदेखिने ।

तसर्थ, विवेचित आधार प्रमाणबाट यी

प्रतिवादीहरू राजु घलान र दुर्गाबहादुर लोप्चनको हकमा सम्म सफाइ दिने गरी भएको सुरू जिल्ला प्रशासन कार्यालय रौतहटको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।२।४ को फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६७।२।४ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरू सुनबहादुर गोले र पूर्णबहादुर गोलेलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० (२)(क) बमोजिम जनही ६ (छ) महिना कैदको सजाय हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CI-०७४५, फैसला बदर, *केशलक्ष्मी तुलाधरसमेत वि. मनोरमा देवी तुलाधर*

यसमा प्रमाणको रूपमा रहेको अंश चलन (दे. दा.नं. ५८२२) मुद्दामा प्रत्यर्थी वादी मनोरमा देवीलाई प्रतिवादी बनाएको देखिँदैन। प्रत्यर्थी वादी मनोरमा देवी तुलाधरले सुरू अदालतमा अंश चलन मुद्दामा अ.बं. १३९ नं. बमोजिम बयान गर्दा आफू २०३२/३३ सालतिर नै अंश लिई छुट्टी भिन्न भइसकेको भन्ने बेहोराको बयान गरेको र यी पुनरावेदक प्रतिवादीले समेत सो तथ्य स्वीकार गरेको देखिन्छ। वादी मनोरमा भिन्न भएको देखिँदा पुनरावेदक प्रतिवादीहरू तथा प्रत्यर्थी वादीबिचमा एक अर्काको नाम दर्ताको सम्पत्तिमा अंश हक लाग्ने वा बन्डा गर्नुपर्ने अवस्था देखिँदैन। पुनरावेदकका अंशियारमध्येका सुवर्णसागरले तायदाती पेस गर्दा कि.नं. ६४ को जग्गामा आधा वादी प्रत्यर्थी मनोरमा तुलाधरको र आधा जग्गा सुवर्ण सागर, दयासागर, केशलक्ष्मीको रहेको उल्लेख गरेबाट पनि उक्त कि.नं. ६४ को जग्गामा आधा हिस्सा वादी मनोरमा तुलाधरको रहेको भन्ने तथ्य समर्थित भएको छ। वादी मनोरमा देवीको हक भोगको सम्पत्तिमा पुनरावेदक प्रतिवादीहरूको अंश हक निहित रहेको नदेखिँदा विवादित कि.नं. ६४ को पूरै जग्गा यी पुनरावेदक प्रतिवादीहरूले अंश बन्डा गरी लिन पाउने अवस्था नरहने।

काठमाडौं महानगरपालिका वडा नं.५ कि.नं.६४ को क्षे.फ.००१९२.८४ वर्ग मि. (०-६-०-०) जग्गा मिति २०४३।१०।१५ को र.नं. ४४४८ को हालैको बकसपत्रबाट वादी प्रत्यर्थी मनोरमा तुलाधर र अमृतसागर तुलाधरले बाबु बुद्धिरत्नबाट प्राप्त गरेको देखिन्छ। उक्त बकसपत्रको जग्गाको स्वामित्वतर्फ विचार गर्दा तत्कालको अवस्थामा मनोरमा तुलाधरको आधा र अमृतसागर तुलाधरको आधा हिस्सा हक रहेको देखिन्छ। निजहरू दुवैजनाको बराबर हिस्सा रहेको विवादित जग्गामा एकजना हिस्सेदार अमृतसागरको मृत्यु भएपश्चात् निजको हक हिस्सा जति निजको हकदार केशलक्ष्मी, दयासागर र सुवर्णसागरको नाउँमा नामसारी भएको देखिन्छ। यसरी पछि नामसारी गरी जग्गा प्राप्त गर्ने प्रतिवादीहरूमा अमृतसागर तुलाधरको हक हिस्सा जतिमा मात्र हक पुग्ने देखिन्छ। प्रमाणको रूपमा रहेको अंश चलन (दे. दा.नं. ५८२२) मुद्दामा पुनरावेदकका अंशियारमध्येका सुवर्णसागरले तायदाती पेस गर्दा कि.नं. ६४ को जग्गामा आधा वादी प्रत्यर्थी मनोरमा तुलाधरको र आधा जग्गा सुवर्ण सागर, दयासागर, केशलक्ष्मीको रहेको उल्लेख गरेबाट पनि उक्त कि.नं. ६४ को जग्गामा आधा हिस्सा

वादी मनोरमा तुलाधरको रहेको भन्ने तथ्य समर्थित भएको देखिने।

प्रत्यर्थी वादी मनोरमा देवी तुलाधरले सुरू अदालतमा अंश चलन मुद्दामा अ.बं.१३९ नं. बमोजिम बयान गर्दा आफू २०३२/३३ सालतिर नै अंश लिई छुट्टी भिन्न भइसकेको भन्ने बेहोराको जिकिर गरेको पाइयो। पुनरावेदक प्रतिवादीले समेत सो तथ्य स्वीकार गरेको देखिन्छ । भिन्न भइसकेको हुँदा पुनरावेदक प्रतिवादीहरू तथा प्रत्यर्थी वादीबिच एक अर्काको नाम दर्ताको सम्पत्तिमा अंश हक लाग्ने वा बन्डा गर्नुपर्ने अवस्था देखिँदैन । यस अवस्थामा वादी केशलक्ष्मी तुलाधरसमेत, प्रतिवादी सुवर्णसागर तुलाधर भएको दे.दा.नं.५८२२ को अंश मुद्दामा कि.नं.६४ को जग्गामध्ये आधा भागमा मात्र अंशबन्डा लाग्नेमा वादी मनोरमाको समेत आधा हक हिस्साको कि.नं.६४ को सम्पूर्ण जग्गालाई नै ४ भाग लगाउने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला त्रुटिपूर्ण देखिँदा सो फैसला केही उल्टी गरी कि.नं.६४ को आधा जग्गामा वादीको हक हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिब देखिने।

तसर्थ विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।११।१२ मा वादी दाबी नपुग्ने ठहऱ्याई भएको फैसला केही उल्टी भई कि.नं.६४ को आधा जग्गा वादीको हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७०।७।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

इति संवत् २०७४ साल चैत्र १३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०६९-RB-००५७, मोटर बिमा, युगेशभक्त वादे श्रेष्ठ वि. प्रकाश किरण बम*

प्रस्तुत मुद्दामा बिमा गराइएको यात्रु बस (मोटर) दुर्घटना भएको र सो दुर्घटनाको क्षतिपूर्ति पाउन मुख्य दाबी रहेको छ। सुरू निर्णय गर्ने निकाय बिमा समितिले दुर्घटना भएको बसका धनीले क्षतिपूर्तिको दाबी खारेज गर्ने गरी निर्णय गरेको देखिन्छ। सुरू निकायले निर्णय गर्दा क्षतिग्रस्त सवारी साधनको इन्जिन खोलिएको अवस्थामा पाइएको, मुख्य पार्टपुर्जा भल्भसेट तथा पिस्टन फेला नपरेको, क्षतिग्रस्त मोटरमा दुर्घटनाजन्य कुनै संकेत नभएको, इन्जिन नम्बर पढ्न र बुझ्न नसकिने गरी प्वालहरू पारी क्षति पुऱ्याइएको, चेसिस नं. हटाउनको लागि प्रयास गरिएको, केही भाग देख्न सकिने फोटोसमेत संलग्न रहेको, नजिकको प्रहरी स्टेसनमा दुर्घटना र घाइते व्यक्तिहरूको उल्लेख भई अभिलेख नभएको तथा दाबीकर्ताले घाइते तथा उनीहरूको उपचारको सम्बन्धमा स्पष्ट पार्न नसकेको, गाडी मर्मत गर्न मात्र कोटेसन पेस गरेकोमा उक्त कोटेसनसमेत क्षतिअनुरूप नमिलेको उल्लेख भएको दाबीकर्ताले दुर्घटनाबाट मोटर क्षतिग्रस्त भएको हो भनी पुष्टि गरेको नदेखिएको हुँदा सर्भेयरको प्रतिवेदनको आधारमा बिमालेखबमोजिम भुक्तानी गर्न नपर्ने भन्ने बिमकको भनाइलाई अन्यथा भन्न नमिल्ने।

सर्भेयरले सर्भे गरी प्रतिवेदन दिएको र सो प्रतिवेदनमा यात्रु गाडी दुर्घटना भई केही यात्रुसमेत घाइते भएकोले उपचारको लागि पठाइएको तथा दुर्घटना भएको गाडीका सम्पूर्ण पार्टपुर्जा सुरक्षित स्थानतर्फ लैजानसमेत बिमितलाई पत्र लेखेको देखिन्छ। यात्रु गाडी दुर्घटना भई क्षति भएको कुरा मिसिल संलग्न कागजातबाट स्पष्टरूपमा देखिँदादेखिँदै बिमकले लेखेको जवाफकै आधारमा बिमितको दाबी खारेज गरेको निर्णय कानूनसम्मत नदेखिने।

ना.२ ख ९७१३ को बस दुर्घटनासम्बन्धी

मिसिल साथ संलग्न तस्वीरहरूवाट बस दुर्घटना भएको देखिन्छ। इलाका प्रहरी कार्यालय, तुल्सीपुरको मिति २०६५।२।२६ को सिफारिस पत्रमा उपरोक्त बस दुर्घटना भएको र मोहनथापासमेतका ११ जना व्यक्तिहरू घाइते भएको बेहोरा उल्लेख हुनुले पनि बस दुर्घटना भएको प्रमाणित हुन्छ। सर्भेयर इ. गोपीनाथ खरेलले मिति २०६५।२।३० मा जितेन्द्रबहादुर शाहलाई लेखेको पत्रमा दुर्घटना भएको गाडी नम्बर ना.२ ख ९७१३ को गाडीलाई सुरक्षित मर्मत गर्ने स्थानमा लैजान भनिएको एवं गाडीका सम्पूर्ण पाटपुर्जा सुरक्षित ठाउँमा लैजान हुन भन्ने बेहोराले गाडी दुर्घटना भएको देखिँदा सर्भेयरको रिपोर्टको पृष्ठ २ को Extent of Damages शीर्षकअन्तर्गत गाडीमा भएको Damages को विवरण उल्लेख भएको पाइन्छ। सर्भेयरले मर्मतको लागि तयार भएको कोटेसनको फोटो गाडीमा भएको Loss सँग मेल खाँदैन भनेको र सर्भेयरले गरेको Comment सहितको रिपोर्टलाई आधारमानी बिमा समितिले मिति २०६७।९।१ मा गरेको निर्णय मिलेको नदेखिँदा उल्टी गरी निवेदकले बिमा लेखबमोजिम क्षतिपूर्ति पाउने ठहऱ्याई गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः उल्लिखित आधार प्रमाणबाट सुरूको निर्णय उल्टी गरी बिमितलाई क्षतिपूर्ति भराई दिने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०६९।०१।३१ गतेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः डिल्लीराम प्रसाई

फैसला लेखनमा सहयोग गर्ने इजलास अधिकृतः धनसिंह गिरी

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

## ४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७१-RB-०२४९, जरिवानाको कारबाही बदर, अनिल हाडा वि. नेपाल राष्ट्र बैङ्क केन्द्रीय कार्यालय, बालुवाटारसमेत*

पुनरावेदक अनिल हाडा नेपाल हाउजिङ एन्ड मर्चेन्ट फाइनान्स लि. डिल्लीबजार काठमाडौंमा महाप्रबन्धकको रूपमा कार्यरत रहेको अवस्था देखिन्छ। नेपाल राष्ट्र बैंक वित्त कम्पनी सुपरीवेक्षण विभागले च.नं. ११४३ बाट मिति २०६९।०९।२९ गते पुनरावेदकलाई अनियमित कार्य गरेको देखिएको भनी अनियमित देखिएका कार्यहरू बुँदागतरूपमा खुलाई पुनरावेदकसँग स्पष्टीकरण मागेको र यी पुनरावेदकले मिति २०६९।१०।१७ गते बुँदागतरूपमा नेपाल राष्ट्र बैंक वित्त कम्पनी सुपरीवेक्षण विभागसमक्ष स्पष्टीकरणको जवाफ पेस गरेको देखिन्छ। निज पुनरावेदकले पेस गरेको स्पष्टीकरण सन्तोषजनक नरहेको तथा यस्तो बैंकिङ अनियमिततालाई निरूत्साहित गर्न आवश्यक भएको भनी नेपाल राष्ट्र बैंकका गभर्नरसमक्ष मिति २०७०।०४।२२ गते टिप्पणी पेस भएकोमा "बैंकिङ अनियमितताको सघनतालाई हेरी निजलाई जरिवाना लगाउने र अन्य कारबाही अघि बढाउने प्रस्ताव स्वीकृत" भनी गभर्नरबाट मिति २०७०।०४।२३ गते टिप्पणी सदर निर्णय भएको देखिने।

पुनरावेदक अनिलकुमार हाडाबाट प्राप्त स्पष्टीकरण जवाफ तथ्यहीन अपूर्ण एवं सन्तोषजनकसमेत नपाइएको नेपाल राष्ट्र बैंक वित्त कम्पनी सुपरीवेक्षण विभागले यी पुनरावेदक अनिल हाडाको नाममा मिति २०७०।०४।२४ गते नगद जरिवाना गरिएको बारेको पत्र पठाएको देखियो। प्रशासनिक कार्यको सिलसिलामा पेस गरेको

टिप्पणीलाई आधारमानी टिप्पणी सदर गरेको देखिन्छ। निज पुनरावेदकलाई जरिवानाको निर्णय गर्नुपूर्व निजले पेस गरेको स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएको भन्नेसम्म उल्लेख गरिएको पाइन्छ । जरिवानाको सजाय गर्दा टिप्पणी सदर गर्ने अधिकारीले स्पष्ट रूपमा पुनरावेदकले पेस गरेको स्पष्टीकरणको जवाफमा सन्तोष नहुनुका कारण नै नखोली जरिवानाको निर्णय सदर गरेको पाइयो। उल्लिखित तथ्य तथा निर्णयको परिप्रेक्ष्यमा पुनरावेदन अदालत पाटनबाट मिति २०७१।५।४ मा भएको फैसला अन्यथा भन्न नमिल्ने।

अतः नेपाल राष्ट्र बैंकका गभर्नरले तहतहबाट उठेको टिप्पणीलाई टिप्पणी सदर गर्नुपर्ने कारण उल्लेख नगरी जरिवाना गर्नेगरी गरेको मिति २०७०।४।२३ को निर्णय मिलेको नदेखिँदा बदर गरी जो जे बुझ्नुपर्ने बुझी कानूनबमोजिम निर्णय गर्न सम्बन्धित फाइल नेपाल राष्ट्र बैंकमा पठाइदिने ठहऱ्याई भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।५।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

फैसला लेखनमा सहयोग गर्ने इजलास अधिकृतः धनसिंह गिरी

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७२-CI-०९८४, मोही नामसारी, शेख तैयव वि. विन्देश्वरप्रसाद यादव*

मोहीको हक निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, छोरा, बुहारी, नाति, नातिनी, नातिनी बुहारी, दाजु भाइ वा दिदीबहिनीहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिले पाउने देखिन्छ । उल्लिखित नाताका व्यक्तिमध्ये कसलाई मोही रोज्ने हो सो अधिकार जग्गावालालाई प्रदान गरेको देखिन्छ। दाबीको कि.नं. ६१ र कि.नं. ४०९ को जग्गाको दर्तावाला मोही शेख फरिदको मृत्युपछि जग्गावाला विन्देश्वरप्रसाद यादवले निजको छोरा शेख आविद हुसेनलाई पत्याएकोमा निजको मृत्यु भएकोले निजको छोरा प्रत्यर्थी प्रतिवादी शेख महफुजलाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोहीमा पत्याएको छु भनी भूमि सुधार कार्यालयमा निवेदन दिएको देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा उल्लिखित नाताभित्रका व्यक्ति रहेका प्रत्यर्थी प्रतिवादीलाई जग्गावालाको हैसियतले पत्याइसकेको अवस्थामा पुनरावेदनमा जिकिर लिएबमोजिम अन्य आचरणगत तथा व्यवहारगत प्रमाणहरू खोजिरहनुपर्ने औचित्यसमेत देखिँदैन। जग्गावालाले पत्याइ नसकेको अवस्थामा मात्र अन्य व्यवहारगत तथा आचरणगत प्रमाणहरूको सान्दर्भिकता रहने हुन्छ। यी पुनरावेदक वादीलाई जग्गाधनीले भूमिसुधार कार्यालयमा मोही पत्याएको कुनै कागज गरेको देखिँदैन । जग्गाधनीले प्रत्यर्थी प्रतिवादी शेख आविदलाई पत्याएको भन्ने देखिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू भूमि सुधार कार्यालय, रौतहटबाट मिति २०७१।५।४ मा भएको निर्णय सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१२।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

इति संवत् २०७५ साल असार २१ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CR-१३८८, अवैध वन पैदावार ओसार

पसार, *मोहन नेपाली वि. नेपाल सरकार*

वन ऐन, २०४९ को दफा ५०(१)(घ) र सोही ऐनको दफा ६६ लाई समग्रतामा अध्ययन गर्नुपर्ने हुन्छ। वन ऐन, २०४९ को दफा ५०(१)(घ) हेर्दा "दफा ४९ को खण्ड (घ), (ङ), (च), (छ) वा (ज) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी .....सजाय हुनेछ" भन्ने र ऐ. को दफा ६६ ले "यो ऐनबमोजिम सजाय हुने कसुर गरेको ठहरिएमा कसुरमा बरामद भएका सबै बोझबाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछन् । तर बिगो दश हजार रूपैयाँभन्दा कम्ती मोल पर्ने वन पैदावार लादी ल्याउने टेक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रूपैयाँसम्म थप सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ । यी दुई दफाहरूबिच प्रत्यक्ष अन्तरसम्बन्ध रहेको पाइन्छ । सुरू दाङ देउखुरी जिल्ला अदालतले बरामद काठको गोलियाको रू.१०,८९६।- बिगो कायम गरी बिगोको दोब्बर रू.२१,७९२।– यी प्रतिवादी मोहन नेपालीसमेतलाई दामासाहीले जरिवाना गरेको देखिन्छ । उक्त फैसलालाई यी पुनरावेदक मोहन नेपालीसमेतका प्रतिवादीहरूले चुनौती दिन सकेको अवस्था छैन। यसरी अवैध काठ ओसार पसार गरेको ठहऱ्याई यी पुनरावेदक प्रतिवादी मोहन नेपालीसमेतलाई रू.२१७९२।– जरिवाना हुने ठहऱ्याएको सुरू जिल्ला अदालतबाट भएको फैसला अन्तिम भएर रहेको छ । अभियोग मागदाबीबमोजिमको कसुरमा यी पुनरावेदक प्रतिवादी मोहन नेपालीसमेतको संलग्नता देखाई अवैध काठको बिगो रू.१०,८९६।– कायम गरी उक्त बिगो रू.१०,८९६।– को दोब्बर रू.२१,७९२।- जरिवाना हुने गरी सुरू जिल्ला अदालतबाट फैसला भएको छ। सो फैसलालाई यी पुनरावेदकसमेतले स्वीकार गरी बसेको अवस्था देखिन्छ। यसरी दश हजार रूपैयाँभन्दा बढी बिगोको वन पैदावार ओसार पसार गर्ने बोझबाहक सवारी साधन अनिवार्य रूपमा जफत हुने भन्ने वन ऐन, २०४९ को दफा ६६ प्रस्तुत मुद्दामा आकर्षित हुने नै देखिने।

अत: वन ऐन, २०४९ को दफा ६६ को परिप्रेक्ष्यमा सुरू जिल्ला अदालतले १० हजारभन्दा बढीको मोल बिगो कायम गरी सो मोल बिगोको आधारमा पुनरावेदक प्रतिवादी मोहन नेपालीसमेतलाई सजाय गरिसकेपछि यस्तो वारदातमा प्रयोग भएको सवारी साधन स्वतः नै जफत हुने देखिन्छ। तसर्थ, पुनरावेदन अदालत तुलसीपुरले सुरू जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी वारदातमा प्रयोग भएको टेक्टर जफत हुने ठहऱ्याएको मिति २०७०।३।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई

कम्प्युटर : मिनु शाही

इति संवत् २०७४ साल चैत्र १२ गते रोज २ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७०-CR-१६०१, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. प्रकाश कटुवाल क्षेत्री*

प्रतिवादी प्रकाश कटुवाल क्षत्रीले मौकामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकारीसमक्ष आरमाया प्रधान र एलमाया थारूसँग भेट भएपछि निजहरूलाई ललाई फकाई निजहरूको अभिभावकको मन्जुरी बेगर भारतमा लगी एलमायालाई पञ्जावीको घरमा र आरमायालाई जलन्धर पञ्जावीको घरमा

काममा लगाइदिएको हो। सोबापतमा भा.रू. १०/१० हजार दिने सहमति भएको हो । सो रकम खर्च गरिसकेको छु भनी मौकामा बयान गरेको देखिने।

निजले अदालतसमक्ष मोरङ हसनदह आएको समयमा जाहेरवालीसँग चिनजान भई निजसँग र एलमाया चौधरीको आमाबाबुसमेतले आफ्ना छोरीहरूलाई भारतमा लगी काममा लगाइदिनु पर्‍यो भनेकाले निजहरूको अनुरोधमा भारत चण्डिगढ लगी बच्चा हेर्ने काममा लगाइदिएको हो, बिक्री गरेको होइन, खाना र बाटो खर्च भनी पञ्जावीले रू.४,०००/- दिएको हो भनी बयान गरेको देखिन्छ । निज प्रतिवादीका साक्षी दलबहादुर पोखरेलले अदालतमा बकपत्र गर्दा प्रतिवादी नराम्रो मानिस नभएको हुँदा निजले भारतमा लगी पीडितलाई बेचबिखन गरेका होइनन् भनी बकपत्र गरेको देखिन्छ । यसरी पीडितलगायत पीडितका अभिभावकले अभिभावकको सहमति र मन्जुरीबेगर प्रतिवादीले पीडितलाई भारत लगेको हो भनी किटानी साथ उल्लेख गरेको र पीडितको अभिभावकको सल्लाह एवम् मन्जुरीले प्रतिवादीले पीडितहरूलाई लगेको भनी प्रतिवादीले वस्तुनिष्ठ ठोस प्रमाण देखाउन तथा पेस गर्न नसकेको अवस्थामा प्रतिवादीले पीडितहरूलाई अभिभावको मन्जुरी र सहमतिबेगर भारतमा काममा लगाई दिने भनी ओसारपसार गरेको भन्ने पुष्टि हुन आउने।

पीडितहरूले अनुसन्धान अधिकारी र अदालतमा प्रतिवादीले बेचेको भनी काम लगाउने घरको मालिकले भनेको भनी उल्लेख गरे पनि प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष मैले निजहरूलाई बेचबिखन गरेको होइन । दुवैलाई पञ्जावीको घरमा काम लगाइदिने भनी लगेको हो भनी उल्लेख गरेको र अदालतमा समेत पीडितहरूलाई मैले घरयासी काममा लगाउने भनी भारतमा लगी काममा लगाइदिएको हो भनी उल्लेख गरेको देखिन्छ । अभिभावको आग्रहमा पीडित एलमायालाई प्रतिवादीको छोराले फिर्ता ल्याएबाट प्रतिवादीले बिक्री गरेको थियो भनी भन्न सकिने अवस्थासमेत नदेखिने।

पीडितहरूले प्रतिवादीले यो यतिमा बिक्री गरेका हुन् भनी किटानी साथ उल्लेख नगरी आफूले तलब माग्दा दिन इन्कार गर्दै घरमालिकले भनेको भनी मात्र उल्लेख गरेको देखिन्छ। पीडितहरूलाई बेचबिखन गरेको हो भन्ने तथ्य मिसिल संलग्न अन्य प्रमाणहरूबाट खुल्दैन । प्रतिवादीले पीडितहरूलाई बेच्न मोलमोलाई गरेको र सो बेचेबापत यति पैसा लिएको भनेर पुष्टि हुन सक्ने अवस्था पनि छैन । प्रतिवादीले खाना र बाटो खर्चबापत पैसा दिएकोसम्म उल्लेख गरेको अवस्था छ । यस्तो अवस्थामा प्रतिवादीले पीडितलाई भारत लगेको भए पनि बिक्री नै गर्न भारतमा लगेको हो भनी भन्न सकिने अवस्था नदेखिने।

प्रस्तुत वारदातमा प्रतिवादीले पीडितहरूलाई भारतमा लगी घरायसी काममा लगाएको भन्ने पुष्टि भइरहेकोमा निजले पीडितहरूलाई बेचबिखन गरेको भन्ने मिसिलबाट पुष्टि हुन सक्दैन। यस्तो पीडितहरूलाई भारतसम्म पुर्‍याई घरायसी काममा लगाएको पुष्टि भइरहेको अवस्थामा अभियोग मागदाबीबमोजिम सजाय नगरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ.ऐनको दफा १५(१)(छ) बमोजिम कैद वर्ष १०(दश) हुने ठहर्‍याएको मिति २०६९।०६।११ को सुरू मोरङ जिल्ला अदालतको फैसलामा अधिकतम् सजाय गर्ने गरेको हदसम्म केही उल्टी भई प्रतिवादीलाई कैद वर्ष ७(सात) हुने ठहर्‍याएको पुनरावेदन अदालत

विराटनगरको मिति २०७०।३।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विष्णुप्रसाद आचार्य

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७२-CI-२०६९,* मोही नामसारी, *गुन्जेश्वर प्रमाणी वि. दाइवती प्रमाणी*

साबिक रूकमिणीदेवी राजपुतनीको नाममा साबिक कि.नं.२१ को जग्गाको विपक्षीको ससुरा नकछेदी प्रमाणी मोही भएकोमा २०६५ सालमा जग्गाधनी र मोहीबिच जग्गा घरसारमा नै बाँडफाँट गर्ने सहमतिअनुसार जग्गाधनी रूकमिणीदेवीबाट विपक्षीले मोहीफाँटबापत जग्गा हालको बकसपत्रबाट लिई विपक्षी दाइवतीको नाममा कित्ताकाट भई कि.नं.५९४ को ०-२-१९ $^{1}/_{2}$ दर्ता कायम भएको हो। तत्पश्चात् उक्त जग्गा दिने दाइवती प्रमाणी र लिने बुदुर यादव भई मिति २०६४/०१/१२ मा र.नं.८९७४ को पारित राजीनामाद्वारा हक हस्तान्तरण गरेको उक्त पारित राजीनामाको प्रतिलिपिबाट देखिने।

दाइवती प्रमाणीले बुदुर यादवलाई पारित गरिदिएको राजीनामा **लिखतको मोही महलमा जोताहा खाली भनी उल्लेख गरेको उक्त राजीनामा लिखतको प्रतिलिपिबाट देखिन आएको सो जग्गा नै** दिने बुदुर यादव र लिने गुन्जेश्वर प्रमाणी भई मिति २०६५/१०/१२ मा र.नं.८४४७ को पारित राजीनामाबाट खरिद गरेको देखियो। यसरी आफूले जग्गाधनी भई बिक्री गर्दाको अवस्थामा जोत खाली भनी उल्लेख गरी राजीनामा गरी दिइसकेपछि अहिले आएर सो जग्गामा म मोही भन्न प्रमाण ऐन, २०३१ को दफा ३४ मा व्यवस्थित विवन्धनको सिद्धान्तले मिल्ने देखिँदैन।

आफैँ जग्गाधनी र आफैँ मोही हुन सक्दैन। यसकारण दाबीको उक्त कि.नं.५९४ को जग्गाको मोही निज दाइवती प्रमाणी हुन नसक्ने अवस्थामा मोही नामासारी हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

अतः विवेचित आधार र कारणसमेतबाट मोही नामसारी हुने ठहऱ्याई भूमि सुधार कार्यालय, सप्तरीबाट मिति २०६९/०३/२१ मा भएको निर्णय सदर हुने ठहऱ्याई पुनरावेदन अदालत राजविराजबाट मिति २०६९/१२/२६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७३-CI-१४९२, ०७१-CI-०९४०, निषेधाज्ञा, गुन्जेश्वर प्रमाणीसमेत वि. दाइवती प्रमाणी, गुन्जेश्वर प्रमाणी वि. दाइवती प्रमाणी भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-RC-००२७, कर्तव्य ज्यान, नेपाल सरकार वि. बलराम पोखरेल*

प्रत्यर्थी प्रतिवादीउपरको किटानी जाहेरी दर्खास्त, शव परीक्षण प्रतिवेदन, घटना विवरण कागज, वस्तुस्थिति मुचुल्का एवं प्रतिवादीको अनुसन्धान तथा अदालतसमक्षको साबिती बयानसमेतका मिसिल संलग्न प्रमाणहरूबाट मृतक चन्द्रलाल भन्ने भिमलाल पोख्रेल र कृष्णकुमारी पोख्रेलको मृत्यु यी प्रत्यर्थी प्रतिवादीले इँटाले पटकपटक प्रहार गरेको कर्तव्यबाट

हुन गएको तथ्य निर्विवादित रूपमा स्थापित हुन आउने ।

प्रत्यर्थी प्रतिवादी बलराम पोख्रेलले पहिलो पटक इँटाले हानी गल्लीमा लडिसकेको भिमलाल पोख्रेललाई टाउको जस्तो मानिस मर्न सक्ने सम्भावना रहेको संवेदनशील अङ्गमा पटकपटक प्रहार गरेको र श्रीमती कृष्णकुमारी पोख्रेललाई पनि पटकपटक इँटाहरू ल्याई टाउको जस्तो मानिस मर्न सक्ने सम्भावना रहेको संवेदनशील अङ्गमा पटकपटक प्रहार गरी अब त मरे होलान् भनी छोडी जानुले प्रत्यर्थी प्रतिवादी बलराम पोख्रेलको मृतकहरूलाई मार्ने मनसाय थियो, थिएन भनी खोजी गर्नु आवश्यक नदेखिने ।

तसर्थ, विवेचित आधार, कारण र सिद्धान्तबाट यी प्रत्यर्थी प्रतिवादी बलराम पोख्रेलले टाउको जस्तो मानिस मर्न सक्ने सम्भावना रहेको संवेदनशील अङ्गमा पटकपटक प्रहार गरी मृतकहरू भिमलाल पोख्रेल र कृष्णकुमारी पोख्रेललाई कर्तव्य गरी मारेको तथ्य यी प्रत्यर्थी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र सुरू अदालतसमक्ष गरेको साबिती बयानलाई मृतकहरूको शव परीक्षण प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, जाहेरी दर्खास्त, घटना विवरण कागज एवं वस्तुस्थिति मुचुल्काका मानिसहरूको कथनसमेतबाट पुष्टि हुन आएकाले निज प्रत्यर्थी प्रतिवादी बलराम पोख्रेललाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. को कसुर अपराध कायम गरी सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई आफ्नै श्रीमती परपुरूषसँग करणी लिनुदिनु गरिरहेको अवस्थामा देख्दाको रिसको आवेगमा आई घटनास्थल नजिकमा रहेका इँटा उठाई कुटपिट गरी मृतकहरूलाई कर्तव्य गरी मारेको र घटना घटाइसकेपछि पनि नभागी आफैँले प्रहरीलाई खबर गर्न जाँदै गर्दा पक्राउ परेको अवस्था हुँदा अपराध गर्दाको अवस्था, परिस्थिति एवं प्रतिवादीले अदालतको न्यायिक प्रक्रियामा पुऱ्याएको सहजतासमेतलाई विचार गरी प्रतिवादी बलराम पोख्रेललाई सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम दश वर्ष कैद सजाय हुने गरी साधक जाहेर गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०७३।३।३० मा भएको फैसला सदर हुने ठहऱ्याई मिति २०७४।३।१९ मा उच्च अदालत तुलसीपुर, बुटबल इजलासबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवलाल पाण्डेय

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६८-CI-०६१०,* जग्गा खिचोला चलन, *कर्मलाल घिसिङ वि. सकुन्तलाकुमारी थापा*

पुनरावेदक प्रतिवादीले आफ्ना बाजे कृष्णबहादुर घिसिङ र बाबु कुलबहादुर भन्ने तुलबहादुर घिसिङ रहेको भनी जिकिर लिएको, बाजे कृष्णबहादुर घिसिङ मिति २०३५।५।३ मा र सोभन्दा १५ वर्ष अगाडि बुबा कुलबहादुर भन्ने तुलबहादुर घिसिङ मिति २०२० सालमा स्वर्गबास भएको र आमा फुलमाया र बजै स्वर्गबास भई एकमात्र नाति आफू मात्र बाँकी रहेको, आफ्नो नागरिकताको प्रमाणपत्र, बुबाको नाम कुलबहादुर भन्ने तुलबहादुर रहेको सिफारिस, जग्गाधनी दर्ता प्रमाणपुर्जा, नाता प्रमाणित प्रमाणपत्र, मोही नामसारी सम्बन्धमा मिति २०६२।८।३ को सिफारिस मुचुल्का, मिति २०४५।७।१५ गतेको साना किसान बैंकमा धितो लिँदाको धितोपत्रको

प्रमाणित नक्कल प्राप्त गरेको मेरो बाबु बाजेको तीनपुस्ते प्रमाणलाई प्रमाणमा नलिई जग्गा खरिद बिक्रीको कागज नबुझी विपक्षी वादीले यी प्रतिवादीको बाबु र बाजे फलाना हुन् भनी प्रमाण गुजार्न नसकेको अवस्थामा अनधिकृत व्यक्ति गा.वि.स. सचिवले मिति २०५४।४।१ मा दिएको सिफारिसलाई आधार मानी गलत प्रमाण नलाग्ने कथित झुट्टा प्रमाणलाई आधार मानी पुनरावेदन अदालत जनकपुरबाट फैसला भएको भनी जिकिर लिएको देखिने।

पुनरावेदक प्रतिवादी कर्मलाल घिसिङको जग्गाधनी प्रमाण पुर्जामा बाबुको नाम कुलबहादुर भनी उल्लेख भएको छ भने नागरिकताको प्रमाणपत्रमा तुलबहादुर भनी उल्लेख भएको देखिन्छ । यसरी यी पुनरावेदक प्रतिवादी कर्मलाल घिसिङको बाबुको नाम विभिन्न लिखतमा फरकफरक देखिन्छ । सुनमाया पाख्रिनको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम कृष्णबहादुर घिसिङ भनी उल्लेख भएको छ । सुनमाया पाख्रिनले मिति २०५४।३।१५ मा मोही नामसारीको लागि सिफारिस पाउँ भनी जब्दी गा.वि.स. मा दिएको निवेदनअनुसार सो गा.वि.स.को वडा नं. ६ का वडाध्यक्ष नेत्रबहादुर राउतसमेतलाई रोहवरमा राखी सर्जमिन गरी मिति २०५४।४।१ मा सिफारिस गरेको देखिन्छ । सो सिफारिसमा कृष्णबहादुर घिसिङ र निजको श्रीमती मनमाया घिसिङको मृत्यु भइसकेको र निजहरूको हकदार एकमात्र छोरी सुनमाया पाख्रिनबाहेक कोही नभएको भनी उल्लेख गरेको देखिने।

पुनरावेदक प्रतिवादी कर्मलाल घिसिङले पुनरावेदनपत्रमा उल्लेख गरेका आफ्नो नागरिकताको प्रमाणपत्र, बुबाको नाम कुलबहादुर भन्ने तुलबहादुर रहेको सिफारिस, जग्गाधनी दर्ता प्रमाणपुर्जा, नाता प्रमाणित प्रमाणपत्र, मोही नामसारी सम्बन्धमा मिति २०६२।८।३ को सिफारिस मुचुल्का, मिति २०४५।७।१५ गतेको साना किसान बैंकमा धितो लिँदाको धितोपत्रलगायतका कागजातहरूका प्रमाणित नक्कल निवेदन साथ पेस गरेको नदेखिने।

अतः विवेचित आधार प्रमाण र सिद्धान्तसमेतबाट बहसका क्रममा देखाइएको राजीनामा कागजमा आफ्नो, बाबुको र बाजेको नाम तीनै महलमा काटेको देखिएको र सो काटेको ठाउँमा सहीछाप भएको नदेखिएको, लगाउको जालसाजी मुद्दामा मिति २०२७।१०।२७, मिति २०३९।१२।१७ र मिति २०३८।२।७ का पारित राजीनामाका प्रतिलिपिहरू मालपोत कार्यालय, सर्लाहीबाट झिकाउँदा उक्त लिखतहरूको सक्कलप्रति मिति २०६२।१२।२३ मा माओवादीहरूले गराएको तोडफोड र आगजनीबाट नष्ट भएको भनी जवाफ पठाएको, उल्लिखित कागजातहरू जिल्ला अदालतमा प्रतिउत्तरपत्र साथ पेस नगरेको, सुनमायाले लिएको मृत्यु दर्ता प्रमाणपत्र र सिफारिस तथा यी वादीले लिएको सिफारिसलाई चुनौती दिई बदर गराउन यी पुनरावेदक प्रतिवादीले पहल गरेको नदेखिएको, राजीनामामा बाबुको नाम तुलबहादुर उल्लेख भएको, जग्गाधनी प्रमाणपुर्जामा बाबुको नाम कुलबहादुर उल्लेख भएकोसमेतबाट यी पुनरावेदक प्रतिवादी कर्मलाल घिसिङ कि.नं. ८५ को मोही कृष्णबहादुर घिसिङको नाति नाताका व्यक्ति हुन् भन्ने नदेखिएकाले वादी दाबीबमोजिम कि.नं.२९६ को ०-४-१३ जग्गा यी प्रतिवादीले खिचोला गरेकोले निजको कब्जा खिचोला मेटाई वादीले उक्त जग्गा चलनसमेत चलाई पाउने ठहर्‍याई सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।११।२३ मा भएको फैसला मिलेको

देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवलाल पाण्डेय

कम्प्युटर : सिजन रेग्मी

इति संवत् २०७५ साल श्रावण ३० गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६८-CI-०६११, ०६१२, ०६८-CR-०५७८, जग्गा खिचोला चलन, जालसाजी, *कर्मलाल घिसिङ वि. भरतबहादुर थापा, कर्मलाल घिसिङ वि. हेमकुमारी थापा, कर्मलाल घिसिङ वि. भरतबहादुर थापासमेत* भएको मुद्दाको फैसला यसैअनुसारको रहेको ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७२-CR-०३६२,* राष्ट्रिय वनको वनपैदावर साल सिसौ काठ ओसार पसार, *नेपाल सरकार वि. ज्ञानबहादुर वली*

प्रतिवादी ज्ञानबहादुर वलीको फर्निचर उद्योगबाट १२०.७९ क्यू.फिट सिसौ र १०१.७१ क्यू.फिट सालको काठ बरामद भएकोमा कुनै विवाद देखिँदैन । उक्त काठहरू राष्ट्रिय वनबाट ओसार पसार गरी ल्याएको भन्ने अभियोग दाबी रहेको छ । प्रतिवादी ज्ञानबहादुर वलीले अनुसन्धान अधिकारीसमक्ष बरामद काठहरू मैले जुनेद श-मिल तुलसीपुर, ज्वाला श-मिल तुलसीपुर, माउण्ट एभरेष्ट काठ उद्योग तुलसीपुर र जय माँ लक्ष्मी काष्ठ उद्योग घोराहीबाट खरिद गरेर ल्याएको हुँ । काठ खरिद गर्दा श-मिलले दिएको भ्याट बिल पेस छु भनी बयान गरेको र अदालतसमक्ष पनि बरामद काठ श-मिलहरूबाट खरिद गरी ल्याएको हो भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको देखिने ।

अनुसन्धान अधिकृत अनन्त डाँगीले अनुसन्धानको क्रममा श-मिललाई पत्र लेखेकोमा जुनेद श-मिलबाट प्रतिवादीको फर्निचर उद्योगले ३० क्यू. फिट साल जातको काठ खरिद गरेको, ज्वाला श-मिलबाट १२५.३८ क्यू.फिट सिसौको काठ खरिद गरेको, माउण्ट एभरेष्ट काष्ठ उद्योगबाट ४० क्यू.फिट सालको चिरान काठ र जय माँ लक्ष्मी काष्ठ उद्योगबाट साल सि ग्रेड कट पिस ७०.०५ क्यू.फिट खरिद गरी लिएको निज श-मिलहरूले उपलब्ध गराएको विवरणबाट देखिने ।

फौजदारी मुद्दामा अभियोग लगाउने पक्षले प्रमाणको भारसमेत पुऱ्याउन सक्नुपर्छ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेको छ । सोबमोजिम अभियोग दाबिमा लिएको जिकिर पुष्टि गर्ने गरी वादी नेपाल सरकारले शंकारहित रूपमा स-प्रमाण पुष्टि गर्न सकेको देखिँदैन । प्रतिवादीले श-मिलहरूबाट खरिद गरेको बिलसमेत पेस गरेको र मिसिल संलग्न प्रमाणहरू तथा मुचुल्कामा सही गर्ने व्यक्तिहरूको भनाइबाट समेत पुष्टि भएको अवस्था छ । यस्तो अवस्थामा प्रतिवादीको विजय तथा राप्ती फर्निचर उद्योगबाट बरामद भएका काठहरू अवैध स्रोतबाट बरामद गरेको भन्ने वादी नेपाल सरकारको जिकिर तथ्ययुक्त देखिन नआउने ।

मिति २०७०/०९/११ को बरामदी मुचुल्का हेर्दा टाँचा भए नभएको सम्बन्धमा कुनै उल्लेख भएको देखिँदैन । सोही मितिको काठ जिम्मा लगाएको भरपाइ कागजमा पनि टाँचा भए नभएको सम्बन्धमा उल्लेख भएको देखिँदैन । मिति २०७०/१०/१० मा भएको मुचुल्कामा भने सिसौका काठहरूमा टाँचा लगाइएको, सालका काठहरूमध्ये १४ थानमा टाँचा रहेको भन्ने उल्लेख भएको देखिन्छ । वादी नेपाल सरकारको साक्षी अनन्त डाँगीले अदालतमा बकपत्र गर्दा पछि मात्र टाँचा लागेको थियो भने पनि सो कुरालाई स-प्रमाण पुष्टि गर्न सकेको नदेखिने ।

मिति २०७०/१०/१० गतेको मुचुल्का सहायक वन अधिकृत ब्रह्मदेव महतोसमेत भई खडा गरेको र सो मुचुल्कामा कार्यालयको छाप र निज ब्रह्मदेव महतोको दस्तखतसमेत भएको अवस्थामा सो सरकारी कागजलाई प्रमाणमा लिन मिल्ने नै देखियो। बरामद भएको काठमा पछि टाँचा लागेको भए यो यसरी टाँचा लागेको हो भनी भन्न सकेको पनि देखिँदैन। बरामद भएको काठ विभिन्न व्यक्तिको जिम्मा लगाएको अवस्थासमेत देखिन्छ। यसरी सुरूको बरामदी मुचुल्कामा टाँचा रहे नरहेको भन्ने स्पष्ट यकिन हुन नसकेको र दोस्रो मुचुल्कामा टाँचा रहेको भनी स्पष्ट उल्लेख भएको अवस्थामा वादीका साक्षी अनन्त डाँगीको बकपत्रसमेतको आधारमा मात्र बरामद भएको काठमा पछि मात्र टाँचा लगाएको भनी मान्न मिल्ने देखिन आएन। यस्तो अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सक्ने अवस्था नदेखिने।

अत: उपरोक्तबमोजिमका प्रमाण, कारण र आधारहरूबाट काठको स्रोत अवैध भएको र बरामद भएको काठमा टाँचासमेत नलागेको हुँदा प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुर गरेको ठहऱ्याई सुरू दाङ देउखुरी जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने ठहरी पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२/२/१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल श्रावण १४ गते रोज २ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७०-CR-१६६५,* कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेश सुनार*

प्रस्तुत मुद्दामा ज्यान मार्नाको मनसाय, ज्यान लिनुपर्नेसम्मको इवी र लुकी चोरीकन हानेको पनि मिसिल संलग्न प्रमाणबाट देखिँदैन। आवेशप्रेरित हत्यामा प्रतिवादीले आफूले आफैँलाई नियन्त्रण गर्न नसकी उत्तेजित भई आफ्नो कर्तव्यबाट हुने परिणामको ख्यालै नगरी पीडितउपर आक्रमण गर्दा त्यस्तो आक्रमणको कारणबाट पीडितको मृत्यु भएको हुन्छ। तत्काल आवेश उत्पन्न हुने हुँदैन। बाह्य कुनै कारणबाट वा मृतकले नै गरेको क्रियाकलापबाट तत्काल आवेश उत्पन्न हुन जाने हुन्छ। त्यो आवेशको मात्राको हदबाट व्यक्तिले आत्मसंयम गुमाउन पुग्दछ र आवेश उत्तेजनाकै अवस्थामा कुनै परिमाणको ख्यालै नगरी कार्य (Action) गर्न पुगेको हुन्छ। आवेश उत्पन्न हुने मापनको सन्दर्भमा परिस्थिति कारणलाई हेरी सो अवस्थामा सामान्य समझ भएको व्यक्तिहरूसमेत उत्तेजनामा आउन सक्ने देखिनुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा लोग्ने स्वास्नीको बिच विवाद भइरहेको वातावरण रहेको छ। मृतकलाई सम्झाई बुझाई गरी बिचमा हस्तक्षेप गर्न मृतक लालमणि सुनार पुगेको देखिन्छ। यस अवस्थामा प्रतिवादीलाई उत्तेजित पार्ने कार्य भएको र सोही अवस्थामा आवेशमा आई आत्मसंयम गुमाई (Lose of Self-control) प्रतिवादीले ढुंगाले मृतकलाई टाउकोमा प्रहार गरेको देखिँदा प्रस्तुत वारदात घटना आवेशप्रेरित हत्याको

अपराधअन्तर्गत पर्न जाने देखिने।

अतः विवेचित आधार, कारणबाट प्रतिवादी गणेश सुनारलाई ज्यानसम्बन्धी महलको ६(२) नं. अनुसार भवितव्यको वारदात ठहऱ्याई २ वर्ष कैद सजाय गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०।२।२७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी गणेश सुनारलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर : विनोदकुमार बनिया

इति संवत् २०७४ साल पौष ३ गते रोज २ शुभम्।

**२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७२-RB-०४७१, आयकर (आ.व. २०५९/६०), *आनन्दराज ढकाल वि. पद्मज्योति*

प्रत्यर्थी करदाताले आफ्नो व्यवसायबाट प्राप्त रकमलाई बचतपत्रमा विगत वर्षहरूदेखि नै लगानी गरेको देखिन्छ। दाबी लिएको आ.व. मा कम्पनीले बचतपत्रमा लगानी गरेको नभई विगत आ.व. मा गरिएको लगानीलाई नै यस वर्ष पनि देखाएको पाइयो। कम्पनी नोक्सानीमा गएको र विभिन्न बैंकहरूबाट ऋण लिएको भए पनि सोही ऋण रकमबाट लगानी शिर्षकअन्तर्गत बचतपत्र खरिद गरेको अवस्था भने प्रमाणित देखिँदैन। विगत वर्षमा लगानी भएको बचतपत्रलाई यस आ.व. मा ऋण लिई बचतपत्रमा लगानी गरेको भन्ने अवस्था पनि देखिएन। व्यवसायमा बचतको महत्त्व रहने र कम्पनीको तरलताको स्थिति राम्रो भएको अवस्थामा आफ्नो आम्दानीको स्रोत बढाउन करदाताले पाउने नै हुँदा यस्ता बचतपत्रमा गरेको लगानीलाई अन्यथा मान्नुपर्ने अवस्था पनि नदेखिने।

कम्पनीले बचतपत्र कम्पनी सञ्चालनको लागि बैंक जमानतमा राखी ऋण लिएको बेहोरा उल्लेख भइरहेको र व्यापारिक प्रयोजनका लागि लिएको ऋणमा लागेको ब्याज आयकर ऐनबमोजिम मिनाहा हुने नै देखिएकोले विगत वर्षमा लगानी भएको बचतपत्रलाई यस आ.व. मा ऋण लिई बचतपत्रमा लगानी गरेको भन्ने अवस्थामा सुरू कार्यालयको निर्णय नमिलेको भनी राजस्व न्यायाधिकरणले गरेको फैसला मनासिब नै देखिने।

तसर्थ, बचतपत्रमा लगानी गरेको रकम विगत आ.व. को देखिँदा सो ब्याजलाई अमान्य गरेको हदसम्म ठुला करदाता कार्यालय, ललितपुरको मिति २०६४।०६।२७ को निर्णय र सोलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।०८।१८ को निर्णय मिलेको नदेखिँदा सो हदसम्म उल्टी हुने र सोबाहेक कमिसन खर्च र डिलरहरूबाट एडभान्सबापत रकममा दिएको ब्याजको हकमा सुरू कार्यालयको निर्णय मिलेकै देखिँदा सदर हुने भनी राजस्व न्यायाधिकरण, काठमाडौंबाट मिति २०६९।०२।१७ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर : चन्द्रशेर राना

इति संवत् २०७४ साल साउन १५ गते रोज १ शुभम्।

- यसमा यसै प्रकृतिको ०७२-RB-०४७२, आयकर (आ.व.२०६०/६१), *आनन्दराज ढकाल वि. पद्मज्योति* भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७५-CR-००५३, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेमबहादुर वि.क.*

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३

नं. बमोजिमको कसुर कायम हुन ज्यान मार्ने मनसाय रही ज्यान मार्ने उद्देश्य लिई सोचविचार गरी योजना बनाई तयारीसमेतका कार्य सम्पन्न गरी ज्यान मार्ने कार्य भएको हुनुपर्छ । ज्यान लिने मनसाय नभएको अवस्थामा ज्यानसम्बन्धी महलको १३ नं. आकर्षित हुन नसक्ने ।

ज्यान मार्ने मनसाय नभएको अवस्थामा विवाद, भनाभन, झै-झगडा हुँदा तत्काल उठेको रिसबाट प्रतिवादी आवेशमा आई आफूलाई नियन्त्रण गर्न नसकी अचानक, अनियन्त्रित अवस्थामा कसैको हत्या गरेमा यस प्रकारको हत्या आवेशप्ररित हत्यामा पर्न आउने हुन्छ । आवेशप्ररित हत्या हुनको लागि ज्यान मार्ने मनसाय नभएको, ज्यान लिनुपर्नेसम्मको पूर्वरिसइवी नरहेको, बाटो, गौंडा, छेकी थुनी एकान्तस्थान खोजी, लुकी चोरीकन प्रहार नगरेको, विष खुवाएको वा जोखिमी हतियारको प्रयोग नभएको, वादविवाद झै-झगडा हुँदा उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा लात, मुक्का प्रहार गरेको अवस्थामा ज्यान मरेको हुनुपर्ने हुन्छ ।

कर्तव्य ज्यानतर्फ आवेशप्रेरित हत्यालाई ज्यान मार्ने मनसाय राखेको नहुँदा कम सजाय हुने हत्याको रूपमा लिइन्छ । यस्तो हत्यामा तत्काल उत्पन्न परिस्थितीले व्यक्तिलाई उत्तेजनामा ल्याउने र आत्मा नियन्त्रण गुमाई कसैउपर आक्रमण गरिने हुन्छ । आवेशमा आएर गरिने कार्यबाट के परिमाण निस्कन्छ भन्ने अनुमानसमेत गरिएको नहुने ।

विवादित घटना वा वारदातका सम्बन्धमा हेर्दा अर्काको जग्गामा छाप्रो बनाई मजदुरी पेसा गरी जीवन निर्वाह गरी आएका मृतक र प्रतिवादी लोग्ने स्वास्नी नाताका देखिन्छन् । मृतक र प्रतिवादीबिच पूर्वरिसइवी रहेको देखिँदैन । घरायसी काम व्यवहारमा श्रीमान् श्रीमतीबिच हुने विवादहरू सामान्य नै हुन्छन्, ज्यानै मार्नुपर्नेसम्मको कुनै रिसइवी रहेको देखिँदैन । वारदात प्रतिवादी र मृतक बस्ने गरेको आफ्नै घरकोठामा भएको देखिन्छ, बाटो गौंडा छेकीथुनी लुकी चोरीकन प्रहार गरेको देखिँदैन । मृतकलाई मार्न विष खुवाएको वा वारदात हुँदाका अवस्थामा जोखिमी धारिलो हतियार प्रयोग भएको छैन । घरकोठाभित्रै रहेको सधैं प्रयोगमा आइरहने आगो फुक्ने फलामको पाइप प्रयोग भएको देखिन्छ । छोरा छोरीकी आमासमेत रहेकी आफ्नो श्रीमतीलाई मार्नेसम्मको प्रतिवादीको मनसाय योजना र तयारी रहेको नदेखिने ।

वारदातको दिन मिति २०७२।१।१५ मा समेत प्रतिवादी र मृतक दुवैजना विवाहित छोरीको घर लेकसाइडतर्फ गई बेलुका फर्कंदा बाटोमा दुवैजनाले मादक पदार्थ सेवन गरेको र घरमा समेत सेवन गर्न ३ बोतल रक्सी खरिद गरी घरतर्फ आएको देखिन्छ । बिच बाटोमा श्रीमतीसँग छुट्टिई प्रतिवादी घरमा पुगिसक्दा पनि श्रीमती आई नपुगेको, ढिलो गरी आएको हुँदा झगडा हुन गएको देखियो । मृतक श्रीमतीसँगै मादक पदार्थ सेवन गरी घरतर्फ फर्कने अवस्थामा प्रतिवादी र मृतकको कुनै झगडा भएको देखिँदैन । बिच बाटोबाट श्रीमती छुट्टिएकी, रातको समय ढिलो गरी घरमा पुगेकी, घरको चाबी निजैसँग रहेकोले प्रतिवादीलाई रिस उठ्नु स्वाभाविक देखिन्छ । सोही विषयमा तत्काल झै-झगडा हुँदा वारदातस्थलमा कोठाभित्र रहेको फलामको पाइपले मृतकलाई प्रहार भएको पाइन्छ । उसैबखत उठेको आवेशको फलस्वरूप प्रतिवादीले आत्मसंयम गुमाई वारदातस्थलमा नै रहेको फलामको पाइपले प्रहार गर्न पुगेको घटना परिस्थितिसमेतलाई विचार गर्दा प्रस्तुत वारदात ज्यानसम्बन्धी महलको १४ नं. मा वर्णित आवेशप्रेरित हत्याअन्तर्गत नै पर्न जाने देखिने ।

अतः प्रतिवादी प्रेमबहादुर वि.क.लाई मुलुकी

ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद हुने ठहऱ्याएको सुरू कास्की जिल्ला अदालतको मिति २०७२।१२।२ को फैसलालाई सदर गर्ने गरेको उच्च अदालत पोखराको मिति २०७४।१०।२३को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७६ साल श्रावण १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-०५०२, उत्प्रेषण, रामगोपाल साहसमेत वि. उच्च अदालत विराटनगरसमेत*

निवेदकहरू (अंश मुद्दाका प्रतिवादीहरू) लाई मिति २०७२/१२/२२ को डोरको तारेख तोकिएकोमा डोरमा उपस्थित भएकोसमेत देखिँदैन । अदालतबाट अन्तिम भई बसेको फैसला कार्यान्वयनको तहमा फिल्डमा उपस्थित भई चित्त नबुझेको बेहोरा तत्कालै उक्त बन्डा मुचुल्कामा उल्लेख गर्न सक्ने सुविधा यी निवेदकहरूलाई रहे भएकै समेत देखिन्छ । फैसलाअनुसारका सुनसरी जिल्लाअन्तर्गतका सम्पत्तिहरूको पनि बन्डा गर्नु बाँकी रहेको अवस्थामा फैसला कार्यान्वयन गर्ने अधिकारीले आफूले जानकारीमा लिएको फैसलामा उल्लिखित ऋण र विवाह खर्चतर्फ निर्णय गर्न सक्ने अवस्थासमेत विद्यमान रहे भएकै समेत देखियो । बालिका छोरीको संरक्षकसमेत भई महिलाले आफ्नो लोग्नेसमेत उपर अंश मुद्दा दिई अंश पाउने ठहरी अन्तिम फैसला भएको छ । अंश मुद्दाको फैसलाको कार्यान्वयनबाट नै वादीले जीवनयापनलगायत बच्चाको पालन पोषण र शिक्षा दिक्षालगायतका कार्यहरू गर्नुपर्ने हुन्छ । अदालतले सामान्यतया फैसला कार्यान्वयनको पक्षलाई प्राथमिकतामा राखेको हुन्छ । फैसला कार्यान्वयनको क्रममा साधारण क्षेत्राधिकारबाट तहतह समर्थन हुँदै आएको आदेश रिट क्षेत्रबाट बदर गर्न मनासिबसमेत नहुने।

फैसलाअनुसार यी वादीहरूले तायदातीमा उल्लिखित सम्पत्तिबाट ४ भागको १ भागको ५ भागको १ भागको ३ भागको २ भाग सम्पत्ति अंश पाउने ठहर भएको छ । उक्त फैसलाअनुसार प्रत्येक कित्ता जग्गामा बन्डा गर्दै जाने हो भने उक्त जग्गा प्रयोगको दृष्टिकोणबाट अनपयुक्त र क्षेत्रफलको दृष्टिकोणले बन्डा गर्न कठिनाइसमेत हुने देखिन्छ । फैसलालाई यान्त्रिक तरिकाले कार्यान्वयन गर्दा प्रयोग तथा उपभोग गर्नसमेत असुविधा उत्पन्न हुन जाने र नरम गरम मिल्नेसमेत देखिँदैन । मोरङ जिल्ला अदालतबाट भएको उक्त मुचुल्कामा जग्गाको नरम गरम मिलेको र भोगचलनको दृष्टिले मिलेकै देखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट रीतपूर्वक निवेदकलाई डोरको सूचना दिई मोरङ जिल्ला अदालतबाट मिति २०७२/१२/२२ मा भएको बन्डा मुचुल्कामा कुनै त्रुटि नदेखिँदा बन्डा मुचुल्कालाई समर्थन गर्ने गरी भएको मोरङ जिल्ला अदालतको मिति २०७३।२।१४ को आदेश र उच्च अदालत विराटनगरको मिति ०७३।६।७ को आदेश बदर गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः केदारप्रसाद पौडेल

इति संवत् २०७४ साल कार्तिक १७ गते रोज ६ शुभम्।

**५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७५-RC-०१६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुखधन राई*

मुलतः प्रतिवादीको मानसिक अवस्था वारदातको समयभन्दा केही दिनदेखि ठीक नरहेको

भनी मौकामा कागज गर्ने वीरबहादुर राई, जसधनी राई, हरिकुमार राई, सूर्यबहादुर राईसमेतले सुरू अदालतमा बयान गरेको देखिए पनि निज प्रतिवादीले नै सुरू अदालतमा बयान गर्दा आफूमा कुनै विराम नभएको र औषधिसमेत नखाएको बेहोरा उल्लेख गरेको पाइन्छ । प्रतिवादीको मानसिक अवस्था सामान्य नै रहेको भनी मौकामा कागज गर्ने प्रकाश राई, निशा राईसमेतले अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । मानसिक अस्पताल लगनखेलको प्रतिवेदनमा समेत वारदातको समयमा प्रतिवादीको मानसिक अवस्था यकिन हुन सकेको देखिँदैन । तसर्थ, प्रतिवादी सुखधन राईको मानसिक अवस्था वारदातको समयमा असाधारण तथा मानसिक बिरामी रहेको भन्ने तथ्य पुष्टि हुन आएको नपाइने।

विवेचित आधार, कारणबाट प्रतिवादी सुखधन राई सामान्य समझमा नै रही आफ्नो कामको परिणाम थाहा पाउने गरी होस ठेगानमा नै रहेको अवस्थामा आफ्नै झट्केलो छोरी ११ महिनाकी रनिशा राईलाई खुकुरी प्रहार गरी टाउको र शरीर छुट्याई मारेको तथ्य पुष्टि भएको देखिँदा निज प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसुर गरेको देखियो । यस स्थितिमा प्रतिवादी शुखधन राईलाई सोही १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी सुरू सोलुखुम्बु जिल्ला अदालतबाट भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको फैसला साधकको रोहमा अन्यथा भन्न नमिल्ने।

अतः सुरू सोलुखुम्बु जिल्ला अदालतबाट प्रतिवादी सुखधन राईलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी भएको फैसला सदर हुने गरी उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट मिति २०७४।०७।२६ मा भएको फैसला साधकको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । यद्यपि, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम निज प्रतिवादी सुखधन राईलाई सर्वस्वतर्फको सजाय नहुने भएकाले निजलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७६ साल अषाढ १८ गते रोज ४ शुभम्।

## ६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-०४५२, घर बहाल भराई घर खाली गराई पाउँ, *लक्ष्मी कायस्थ वि. रामकाजी कायस्थ*

प्रस्तुत मुद्दामा गणेशबहादुर कायस्थ मरी मु.स.गर्ने निजको श्रीमती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.६ बौद्ध टुसाल बस्ने लक्ष्मी कायस्थ उल्लेख गरी निजले यस अदालतमा पुनरावेदन दायर गरेबाट श्रीमान् गणेशबहादुर कायस्थको मृत्युपछि आफैँले मुद्दा सकार गरेको देखिन्छ। प्रस्तुत मुद्दा फैसला नहुँदै गणेशबहादुर कायस्थको मिति २०६५।१।२ मा मृत्यु भएको भन्ने कुरा लक्ष्मी कायस्थले सुरू काठमाडौं जिल्ला अदालतमा आफू नजिकको हकदार भएकाले मुद्दा सकारको लागि दिएको मिति २०६५।२।२ को निवेदनबाट प्रस्ट देखिएको छ। देवानी दायित्व भएको प्रस्तुत मुद्दामा सगोलमा रहेको पति गणेशबहादुर कायस्थलाई प्रतिवादी कुमार लामाले दाबीको घरमा घरबहालमा बसी घरबहाल बुझाएको पुष्टि भएको अवस्थामा मुद्दा सकार गर्ने एकासगोलको पत्निले अर्थात् गणेशबहादुर कायस्थको मु.स. गर्ने लक्ष्मी कायस्थमार्फत वादीले घर बहाल भराई पाउने ठहर गरेको फैसला नमिलेको भन्ने त्यसतर्फको पुनरावेदन जिकिरसमेत मनासिब र न्यायोचित मान्न नसकिने।

अतः विवेचित तथ्यगत आधार, कानूनी व्यवस्थासमेतबाट प्रतिवादी कुमार लामाको मिति २०६० फागुनदेखि २०६२ आषाढसम्मको घरभाडा मासिक रू.७,०००।– का दरले प्रतिवादीमध्येका गणेशबहादुर कायस्थको मु.स.गर्ने लक्ष्मी कायस्थमार्फत वादी रामकाजी कायस्थले भराई लिन पाउने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६६।१२।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भरतकुमार दहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल असार ३१ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-WO-०६१६, उत्प्रेषण, विनायकराज पाण्डे वि. श्रम अदालतसमेत*

नेपाल ग्रामीण विकास संस्थाको कर्मचारी विनियमावली, २०६० को व्यवस्था हेर्दा सो विनियमावलीको परिच्छेद-४ नियम २०(क) मा कर्मचारीले कार्यालयमा हाजिर भई काम गरेको मितिदेखि तलबमानबमोजिम भत्ता पाउने छ भन्ने उल्लेख छ । त्यसैगरी नियम २५ (क) मा प्रत्येक कर्मचारीको तलबबाट प्रत्येक महिना खाइपाई आएको तलबको १० प्रतिशत रकम अनिवार्यरूपमा कट्टा गरी सञ्चय कोषमा जम्मा गरिने छ भन्ने व्यवस्था रहेको र नियम २९ मा कर्मचारीलाई वार्षिक १२ दिनको बिरामी बिदा दिने र सो बिदा सञ्चित हुने तथा अवकाश हुँदा एकमुष्ठ दिने भन्ने व्यवस्था रहेको देखियो। यसरी निज रमेशराज पन्तलाई तलब, बिदा सुविधा, सञ्चयकोष तथा उपदानसमेत दिने गरी नियुक्ति गरिएको देखियो । संस्थाको कर्मचारी सेवा विनियमावली, २०६० अनुरूप संस्थाको कार्य समितिबाट निर्णय गरी नियुक्ति दिइएको छ। यस्तो अवस्थामा निजले आफू संस्थामा बहाल भई कार्य गर्दा आर्जित गरेको तलब, सञ्चयकोष तथा बिरामी बिदाबापतको रकमसमेत पाउने अवस्था देखियो । निजलाई ती सुविधाबाट वञ्चित गर्नु श्रम विधिशास्त्रविपरीत हुन जान्छ। तसर्थ निजले आर्जित गरेका सुविधा पाउने नै देखिने।

प्रत्यर्थी रमेशराज पन्त करार सेवामा नियुक्ति गरिएको हो । स्थायी कर्मचारी नहुँदा बिदाबापतको सुविधाका रकमहरू दिन नमिल्ने भन्नेसमेत निवेदन जिकिर देखिन्छ। त्यसतर्फ विचार गर्दा श्रम ऐन, २०४८ को दफा ७ मा उल्लिखित कानूनी व्यवस्थालाई मध्यनजर गर्दा सो करार सेवाको नियुक्ति प्रतिष्ठानको तत्काल उत्पादन वा सेवामा वृद्धि गर्नु परेको अवस्था र स्थायी प्रकृतिको कामबाहेकमा अथवा कुनै निश्चित कामको लागि समयावधिसमेत तोकी नियुक्ति गर्नु परेको अवस्थामा मात्र करार नियुक्ति गरिने हो। तर निवेदक संस्थाले उद्योगजस्तो कामदार विशेष अवस्थाको लागि तत्काल उद्योगको उत्पादन वा सेवामा वृद्धि गर्नुपर्ने सर्त राखी प्रत्यर्थी रमेशराज पन्तलाई नियुक्ति गरिएको देखिएन । निजलाई लेखा तथा व्यवस्थापनलगायत संस्थाको नियमित प्रशासनको कार्य गर्नका लागि २०६२ सालदेखि २०६५ साल आषाढ मसान्तसम्मको लागि मासिक तलब दिने गरी करारमा नियुक्ति गरेको देखिँदा उक्त कानूनी व्यवस्थाअनुरूप निजलाई कामदार भन्न मिल्ने देखिएन। तसर्थ प्रत्यर्थी रमेशराज पन्त करार सेवामा नियुक्ति गरिएको हो । स्थायी कर्मचारी नभएकाले निजले बिदासमेतको सुविधाका रकम नपाउने भन्ने निवेदन जिकिर मनासिब देखिन नआउने।

श्रम ऐन, २०४८ को दफा २(ख) मा उक्त कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा सो कार्यालय श्रम ऐन, २०४८ को दफा २(ख) ले गरेको प्रतिष्ठानको परिभाषाभित्र पर्ने नै देखियो। प्रत्यर्थी रमेशराज पन्त

सो संस्थाका कर्मचारी भएको तथ्य प्रमाणित नै छ । निज कामदार नभए तापनि सो संस्थाका व्यवस्थापक कर्मचारी भएको देखिँदा निजको हकमा पनि श्रम ऐन आकर्षित हुने नै देखिने।

यसै सन्दर्भमा यस अदालतबाट (ने.का.प. २०६३, मङ्सिर, नि.नं. ७७५३) भनी न्यायिक व्याख्यासमेत भएको पाइयो । यसर्थ निज रमेशराज पन्त नेपाल ग्रामीण विकास संस्थामा संस्थाका प्रबन्धक / व्यवस्थापक तथा लेखासमेतको जिम्मेवारी पाई सोही कार्य गर्ने कर्मचारी रहेको देखिँदा निजका हकमा श्रम ऐन, २०४८ आकर्षित हुन सक्दैन भन्ने विद्वान् वरिष्ठ अधिवक्ता तथा विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अब श्रम अदालतबाट प्रत्यर्थी रमेशराज पन्तलाई रकम रू.३,७६,५६९।७५ को हुने हर्जानाबापतको दोब्बर रकम रू.७,५३,१३९।५० नेपाल ग्रामीण विकास संस्थाका व्यवस्थापकबाट भराइदिनुपर्ने गरी फैसला भएको छ। सो हर्जानाबापत हुने दोब्बर रकम भराउने गरेको फैसला मिले नमिलेको के रहेछ सो सम्बन्धमा विचार गर्दा, प्रत्यर्थी रमेशराज पन्तलाई नेपाल ग्रामीण विकास संस्थाबाट पटकपटक संस्थामा उपस्थित हुन र स्पष्टीकरण पेस गर्न पत्राचारसमेत भएको देखिन्छ। निजलाई बर्खास्त गर्नु नपर्ने कारणसमेतको स्पष्टीकरण पेस गर्न २४ घण्टाभित्र उपस्थित हुनु भनी मिति २०६६।५।११ मा राष्ट्रिय दैनिक हिमालय टाइम्समा सूचना प्रकाशित भएको पाइयो । सोको कुनै वास्ता नगरी गैरहाजिर भई बसेको र निजलाई संस्थाको कर्मचारी सेवा नियमावली, २०६० (संशोधनसहित) को विपरीतको आचरण र क्रियापलाप गरेकोले बर्खास्त गर्ने गरी संस्थाको कार्यसमितिबाट मिति २०६६।५।१७ मा निर्णय गरी पदबाट बर्खास्त गरेको देखियो । सोको सूचनासमेत मिति २०६६।५।२४ को राष्ट्रिय दैनिक हिमालय टाइम्समा सूचना प्रकाशित भएको र निजलाई सोको जानकारीसमेत निजको घर ठेगानामा रजिस्ट्री पत्रमार्फत पठाएको देखिन्छ । संस्थाले पटकपटक हिसाब मिलान गर्न सम्पर्कमा आउन समय प्रदान गर्दा पनि संस्थाको सूचनालाई अटेर गरी बसेको अवस्था छ। निजले बर्खास्त भएपछि मात्र मिति २०६६।७।१७ मा मिति २०६६।३।१ बाट लागु हुने गरी राजीनामा पेस गरेको देखियो । यस्तो अवस्थामा नेपाल ग्रामीण विकास संस्थाबाट श्रम ऐन, २०४८ को दफा २५ अनुसार जानीजानी तलब सुविधा दिन ढिलाई गरेको, श्रम कार्यलयमा उजुरी दिन बाध्य पारेको भन्ने देखिन आएन। निजलाई संस्थामा उपस्थित हुन यथेष्ट अवसर दिँदा पनि उपस्थित नभएको, सम्पर्कमा नआई गैरहाजिर भई बसेको देखिन्छ। अतः श्रम ऐन, २०४८ को दफा २५(३) बमोजिम दोब्बर रकम रू.७,५३,१३९।५० भरी पाउने ठहर गरेको श्रम कार्यालयको मिति २०६७।१।१३ को निर्णय सदर गरेको श्रम अदालतको मिति २०६७।५।३१ को फैसला न्यायोचित तथा कानूनसङ्गत देखिन नआउने।

प्रत्यर्थी रमेशराज पन्तले लेखा परीक्षणले औंल्याएका बेरूजु रकमसमेत फछ्र्यौट नगरेको भनी निवेदन जिकिरमा उठाइएका सम्बन्धमा विचार गर्दा प्रचलित कानूनबमोजिम छुट्टै उपचारको बाटो अवलम्बन हुनै नै हुँदा यहाँ थप विवेचना गरिरहन नपर्ने।

विवेचित तथ्यगत आधार, कानूनी व्यवस्था र नजिरसमेतका आधारबाट श्रम अदालतबाट प्रत्यर्थी रमेशराज पन्तलाई हर्जानाबापत सोको दोब्बर हुने रकम रू.७,५३,१३९।५० नेपाल ग्रामीण विकास संस्थाका व्यवस्थापकबाट भराइदिनुपर्ने गरी श्रम अदालतबाट भएको मिति २०६७।५।३१ फैसला सो हदसम्म मिलेको देखिएन । निज प्रत्यर्थी रमेशराज

पन्तलाई बर्खास्त गरी पदबाट अवकाश दिए पनि निजले संस्थामा कार्य गरेको समयावधिको तलब, बिदाको सुविधाबापतको रकम, सञ्चय कोष तथा उपदानबापतको जम्मा रकम रू.३,७६,५६९।७५ निवेदक संस्थाबाट पाउने नै देखिने।

तसर्थः प्रत्यर्थी रमेशराज पन्तलाई २०६६ साल जेठ महिनाको तलब रू.३६,०००।–उपदानबापत २०६५ साल असारसम्मको रकम रू.३६,०००।-, उपदान २०६५ साल श्रावणदेखि २०६६ जेठसम्मको रू.७,०००।- का दरले ११ महिनाको रू.७७,०००।- बिदाबापतका रकम रू.९९,९९९।७५ तथा सञ्चय कोषबापतको रकम रू.१,२७,५७०।- समेतको बाँकी रकम रू.३,७६,५६९।७५ सम्म निवेदक संस्थाबाट दिलाई भराई पाउने ठहर्छ । सो बराबरको थप रकम रू.३,७६,५६९।७५ समेत हर्जाना दिलाई दिने गरेको हदसम्म श्रम कार्यालयको मिति २०६७।१।१३ को निर्णय र सो निर्णय सदर गर्ने गरेको श्रम अदालतको मिति २०६७।५।३१ को फैसला कानून र न्यायसङ्गत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः भरतकुमार दाहाल

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल भाद्र १८ गते रोज ४ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७३-WO-०३०८, उत्प्रेषण / परमादेश, कपिलमणि पोखरेल वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) मा रहेको प्रावधान पाको उमेरका राजपत्र अनङ्कित कर्मचारीहरूको हित संरक्षणका लागि गरिएको विशेष व्यवस्था हो । यसको समुचित पालना सरूवा गर्ने निकाय वा अधिकारीले गर्नु पर्दछ । पचास वर्ष नाघेका कर्मचारी भए पनि केही अपवाद स्वरूपका विशेष अवस्थामा सरूवा गर्न सकिन्छ । यसरी सरूवा गर्दा पनि कानूनद्वारा निर्धारित सर्त र प्रक्रिया पूरा गर्नु नै पर्ने हुन्छ। एउटा मन्त्रालयअन्तर्गतको कर्मचारीलाई अर्को मन्त्रालयअन्तर्गतको कार्यालयमा सरूवा गरिएको जस्ता कारण देखाएर उल्लिखित नियम ३६(३) बमोजिमको सर्त पूरा भएको सम्झन मिल्दैन । निवेदकलाई "क" वर्गको भौगोलिक क्षेत्रमा सरूवा गर्नुपर्ने कानूनसङ्गत आधार र कारण विपक्षीतर्फबाट प्रस्तुत हुन आएको नपाइने।

निजामती सेवा नियमावली, २०५० को नियम ३६(३) को कानूनी व्यवस्था प्रतिकूल हुने गरी सामान्य प्रशासन मन्त्रालयको मिति २०७३/०५/३१ को निर्णयानुसार पचास वर्ष उमेर पुगेका निवेदक कपिलमणि पोखरेललाई मालपोत कार्यालय, सुनसरी, इनरूवाबाट "क" वर्गको जिल्ला सोलुखुम्बुमा सरूवा गरिएको देखिँदा सो निर्णय उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निज निवेदकलाई मालपोत कार्यालय, सुनसरीमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम्।

२

**मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७३-WO-०४०१, उत्प्रेषण / परमादेश, इन्द्रप्रसाद न्यौपानेसमेत वि. शिक्षा मन्त्रालयसमेत*

निवेदकहरू शिक्षा ऐन, २०२८ को साबिक दफा १२(१) अनुसार जनज्योति उच्च मा.वि. र चतुर्भुजेश्वर जनता उच्च मा.वि.को व्यवस्थापन समितिको अध्यक्ष पदमा मिति २०७१/११/२४ र मिति २०७१/०५/२१ मा निर्वाचित भई हालसम्म विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्य गरिरहेको देखिन आयो । निजहरूको पदावधि बाँकी रहेको देखिन्छ । निजहरूलाई कानूनबमोजिमको प्रक्रिया अपनाएर पदबाट हटाएको भन्ने देखिँदैन । शिक्षा ऐन, २०२८ मा भएको पहिल्लो संशोधनबमोजिम विद्यालय व्यवस्थापन समिति गठन हुनु स्वाभाविक प्रक्रिया देखिन्छ । तथापि नयाँ व्यवस्थापन समिति गठन नहुन्जेलसम्म साबिकको व्यवस्थापन समितिले पदावधि पूरा नगर्दासम्म कार्य सञ्चालन गर्न पाउने नै हुन्छ । सोबमोजिम कार्य सञ्चालन गर्न नदिएको भन्ने अवस्था यस विवादको सन्दर्भमा देखिन आएन । यसरी कानूनअनुकूल भए गरिएका काम कारबाहीबाट निवेदकको कुनै प्रकारको हक अधिकारमा आघात परेको सम्झन नमिल्ने ।

अतः शिक्षा ऐन, २०२८ को दफा १२ मा भएको आठौं संशोधनबमोजिमको प्रावधान कार्यान्वयनका सन्दर्भमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा शिक्षा मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०७३/०३/२८ मा भएको निर्णय र सोबमोजिम जारी गरिएको परिपत्र र सूचना कानूनअनुकूल नै देखियो । तसर्थ सो निर्णय र परिपत्र बदर गरिरहन परेन । अर्को व्यवस्थापन समितिको गठन नहुँदासम्म विद्यालयका व्यवस्थापन कार्य नियमित रूपमा हुनुपर्ने भएकोले निवेदकहरूको तीन वर्ष अवधिको कार्यकाल पूरा नभएसम्मका लागि निजहरूलाई सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्षका हैसियतले काम कारबाही गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७४-CR-०७५८, लागु औषध कोकिन, मर्सी भनिने के मर्सी वि. नेपाल सरकार*

बरामदी मुचुल्का, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान, लागु औषधको परीक्षण प्रतिवेदन, प्रतिवेदक र बरामदी मुचुल्काका मानिसहरूको भनाइ, सहअभियुक्तको पोलसमेतका आधारमा प्रतिवादी K. Mercy को साथबाट लागु औषध कोकिन बरामद भएको तथ्य प्रमाणित भएको छ । आफ्नो साथमा लागु औषध रहनुपर्ने कुनै उचित र तर्कपूर्ण कारण खुलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम प्रतिवादीले आफ्नो निर्दोषिता सम्बन्धमा प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । यस अवस्थामा निज प्रतिवादी के. मर्सीले जानीजानी आफ्नो साथमा लागु औषध राखी सञ्जय, ओसारपसार तथा बिक्री वितरणसम्बन्धी कारोबार गरेको भनी अनुमान गर्नुपर्ने हुन्छ । तसर्थ निजले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (च) बमोजिम कसुर गरेकोले निजलाई सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम १५(पन्ध्र) वर्ष कैद र ५(पाँच) लाख रूपैयाँ जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसला मनासिब देखियो । प्रतिवादी मर्सी भनिने के. मर्सीको पुनरावेदन जिकिर एवं निजको तर्फबाट उपस्थित विद्वान् अधिवक्तको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः उच्च अदालत पाटनबाट मिति २०७४।५।१९ मा भएको फैसला मनासिब देखिँदा

सदर हुने।

इजलास अधिकृत:- अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल वैशाख २९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-०४३५, छुट जग्गा दर्ता नामसारी दा.खा., फूल कुमैर पासवान वि. जगनारायण यादव*

जिल्ला सुनसरी रामगन्ज सिनवारी वडा नं. ६ख कि.नं. २०६ को जग्गामध्ये ०-७-१० जग्गा र.नं. ११७२ मा फूल कुमैर पासवानका पति अगमलालबाट राजीनामा गरेको हो । जग्गाधनी पुर्जा बनाउन मात्र बाँकी रहेको भनी पुनरावेदक जगनारायण यादवले सुरूमा दाबी लिएको र सो कि.नं. २०६ को ससिम जग्गाको छुट दर्ता गरिपाउँ भन्ने फूलकुमैर पासवानको पनि सुरूमा जिकिर भएकोले एउटै जग्गामा दुवै पक्षको दाबी हुँदा उक्त जग्गामा हक बेहकको प्रश्न उपस्थित रहेको देखिने।

हक बेहक सम्बन्धमा प्रमाण बुझी इन्साफ गर्ने क्षेत्राधिकार मालपोत कार्यालयलाई नभएको र यस प्रकारका विषयमा अदालतबाट हक कायम गरी ल्याउन सुनाउनुपर्ने भनी मालपोत ऐन, २०३४ मा रहेका प्रावधानहरूको व्याख्या गर्दै यस अदालतबाट पटकपटक सिद्धान्त कायम भएकोसमेत देखिन्छ । यही प्रयोग वा प्रचलनको निरन्तरता स्वरूप मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ७ मा समेत प्रावधान समावेश भएको देखिन्छ । वस्तुतः यो एक स्थापित कानूनी प्रक्रिया हो र यस मान्यताको प्रतिकूल हुने गरी मालपोत कार्यालयले क्षेत्राधिकार ग्रहण गर्न सक्तैन । हक बेहकको प्रश्न उपस्थित भएपछि दुवै पक्षलाई अदालतबाट हक कायम गरी ल्याउन सुनाई दिनुपर्नेमा सोअनुसार नगरी आफैँले हक बेहकको प्रश्न निरूपण गरेको मालपोत कार्यालय सुनसरीको निर्णयमा अधिकार क्षेत्रात्मक त्रुटि रहेको देखिने।

अतः विवादित कि.नं. २०६ को दर्ता छुट भएकाले दर्ता गरिपाउँ भनी पुनरावेदक जगनारायण यादव र प्रत्यर्थी फूलकुमैर पासवानसमेतले निवेदन गरेकोमा हक कायम गरी ल्याउन सुनाई दिनुपर्नेमा अन्यथा निर्णय गरेको मिति २०७०/९/१२ गते मालपोत कार्यालय सुनसरीको निर्णय मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक र प्रत्यर्थी दुवै पक्षलाई अदालतबाट हक कायम गरी ल्याउन सुनाOदिने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको फैसला मनासिब देखिने।

तसर्थ, पुनरावेदन अदालत विराटनगरको मिति २०७१।१२।२९ फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : अम्बिकाप्रसाद दाहाल

इति संवत् २०७६ साल जेठ ३ गते ६ रोज शुभम्।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६–WO–०१८३, उत्प्रेषण, पवित्रा खिर्सिना वि. उच्च अदालत विराटनगरसमेत*

वादी उर्मिला तुम्बाहाम्फे पाण्डे र आयुषा पाण्डे प्रतिवादी पुष्पबहादुर पाण्डे भएको अंशचलन मुद्दामा भएको विवादित बन्डा मुचुल्का बदर गरिपाउँ भनी परेको यिनै निवेदकको निवेदनका सन्दर्भमा सुनुवाइ गरी विवादित बन्डा मुचुल्का रितपूर्वक भएकोले बन्डा मुचुल्का बदर गर्न परेन भनी मिति २०७६/२/१० मा सुरू अदालतबाट आदेश भएको देखियो । सो आदेश बेरीतको भयो भनी परेको निवेदनउपर सुनुवाइ भई उच्च अदालत विराटनगरबाट मिति २०७५।११।११ को बन्डा मुचुल्कामा यी निवेदक / वादीको पनि उपस्थिति भई मन्जुर गरेको स्थितिमा सुरू अदालतबाट मिति २०७६।२।१० मा

भएको आदेश मिलेकै देखिँदा परिवर्तन गरिरहनु परेन। कानूनबमोजिम गर्नु भनी उच्च अदालत विराटनगरबाट मिति २०७६/३/१२ मा आदेश भएको देखिने।

मिति २०७५/११/११ को बन्डा मुचुल्का हुँदा निवेदिका स्वयम् रोहवरमा बसी बन्डा छुट्याएको तथ्यमा विवाद छैन। बन्डा छुट्याउने कार्य हुँदा आफू स्वयम् उपस्थित भई बन्डा मुचुल्कामा रोहवरमा बसी सहीछापसमेत गरेपछि सोबमोजिम भएको बन्डामा नरम करम मिलेन भनी पछि आएर प्रश्न उठाउनुलाई सामान्यतयाः मनासिब ठान्न मिल्दैन । के कसरी बन्डा गर्दा न्यायोचित हुन्छ भन्ने कुराको दाबी वा जिकिर सम्बन्धित पक्षले बन्डा मुचुल्का गर्दाकै अवस्थामा गर्नुपर्दछ। सोअनुसार जिकिर नगरी बन्डा मुचुल्कालाई स्वीकार गरेर सहीछाप गरेको अवस्थामा पछि आएर अन्यथा जिकिर गर्नु उचित हुँदैन । यस प्रकारको विषयमा प्रमाण बुझी तथ्यको निरूपण रिट क्षेत्राधिकारबाट गर्न मिल्ने पनि देखिँदैन । यसका अतिरिक्त निवेदकले उठाएका प्रश्नहरूको नियमित न्यायिक प्रक्रियाबाट तहतह अदालतहरूबाट निरूपण भइसकेकोसमेत देखिन्छ । यसरी निरूपण भएको कुरामा कुनै कानूनी वा कार्यविधिगत त्रुटि रहेकोसमेत देखिएन। अतः यसमा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर: विजय खड्का

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-WO-०१९६, उत्प्रेषण, *बौएलाल मण्डलसमेत वि. गोविन्दप्रसाद ढुंगेलसमेत*

फौजदारी कसुरमा बाहेक निवेदकलाई पक्राउ नगर्नु भनी निषेधाज्ञा मुद्दामा उच्च अदालत जनकपुरबाट मिति २०७६/४/१२ मा अन्तरिम आदेश जारी भएको देखिन्छ। प्रस्तुत विवादसम्बन्धी कारबाही ठगीसम्बन्धी फौजदारी कसुरमा जाहेरी दरखास्त परी कारबाही भएको देखियो। निवेदकहरूका विरूद्धमा ठगी गरेको भन्ने जाहेरी दरखास्त परेको, सो दरखास्तमा नाम किटान गरिएका व्यक्तिलाई पक्राउ पुर्जी जारी गर्न अनुमति पाउँ भनी जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतसमक्ष अनुमति माग गरेको, अदालतले अनुमति प्रदान गरेको र त्यसको आधारमा पक्राउ गरी थुनामा राखेको देखिने।

देवानी प्रकृतिको व्यवहारको विषयमा पक्राउ गरी थुनामा राख्नु कानून प्रतिकूल हुन्छ भनी निवेदकले जिकिर गरेको पाइयो । निश्चय नै देवानी दायित्वको विषयमा पक्राउ गर्ने, थुनामा राख्ने जस्ता कार्य गर्नु कानूनअनुकूल हुँदैन । फौजदारी कसुरको अभियोगमा कुनै व्यक्तिलाई पक्राउ गर्दा सम्बन्धित जिल्ला अदालतको अनुमतिले पक्राउ गर्नुपर्ने कानूनी प्रावधानअनुसार गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा रहेको प्रावधानबमोजिम निवेदकहरूलाई पक्राउ गर्ने सम्बन्धमा मिति २०७६/४/१६ मा अनुमति प्रदान भएकोसमेत देखिन्छ । यो नियमित फौजदारी न्याय प्रक्रियामा रहेको विषय हो भन्ने देखिन्छ। ठगी गरेको भनी जाहेरी दरखास्त परेको क्रममा छानबिन भएको हुँदा अनुसन्धान छानबिनपश्चात् ठगीको कसुर भएको हो वा के हो भन्ने कुराको विवेचना, विश्लेषण र निरूपण हुन सक्ने नै देखिन्छ। यस प्रकार नियमित फौजदारी न्याय प्रक्रियामा रहेको कुरामा अनिवार्य रूपमा पालना गर्नुपर्ने कानूनी प्रक्रियाको पालना नगरिएको, प्रवृत्त धारणा राखी कार्य गरेको वा गम्भीर अन्यायको परिणाम देखिएको जस्ता अवस्थामा बाहेक सामान्यतयाः यस अदालतको रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु मनासिब

देखिँदैन । तसर्थ, निवेदन मागबमोजिम आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सृजना गौतम

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम् ।

## इजलास नं. ११

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७६-WH-००८१, बन्दीप्रत्यक्षीकरण, *निहाल सिंह बुढाथोकी वि. सिन्धुली जिल्ला अदालत, सिन्धुलीमाडी, सिन्धुलीसमेत*

निवेदकलाई जबरजस्ती करणी मुद्दामा अभियोग लागि जबरजस्ती करणी गरेको ठहर भई सिन्धुली जिल्ला अदालतबाट मिति २०६८।२।१ मा १२ वर्ष कैद हुने गरी फैसला भएको र पुनरावेदन अदालत जनकपुरबाट मिति २०६८।८।७ मा फैसला हुँदा १० वर्ष कैद हुने गरी फैसला भएकोमा सर्वोच्च अदालतबाट मिति २०७२।३।७ मा फैसला हुँदा पुनरावेदन अदालत जनकपुरको फैसला सदर हुने गरी फैसला भई उक्त मुद्दा अन्तिम भएर रहेको र यी निवेदक मिति २०६७/०५/२७ गतेदेखि कैद सजाय कट्टा हुने गरी मिति २०७७/०५/२६ गतेसम्म दश वर्ष कैदमा रही कैद भुक्तान भई छुटी जाने गरी जिल्ला अदालतको मितिः २०७३/०२/१० को कैदी पुर्जीअनुसार निवेदक हाल कारागार कार्यालय डिल्लीबजार, काठमाडौंमा कैदमा रहेको अवस्था देखिने ।

जेठ नागरिक ऐनको दफा १२(१)(क) मा उल्लेख भएको पैंसट्ठी वर्ष उमेर पूरा भई सत्तरी वर्ष ननाघेको जेठ नागरिकलाई पच्चिस प्रतिशतसम्म कैद सजाय छुट हुने भन्ने विषयलाई फौजदारी कसुर (सजाय निर्धारण) ऐन, २०७४ को दफा ३७(१) को खण्ड (ख) मा उल्लेख भएको जबरजस्ती करणीसम्बन्धी मुद्दामा सजाय पाएको व्यक्तिलाई कैदमा छुट गर्न निषेध गरेको पाइन्छ । यसरी कानूनले नै निषेध गरेको नकारात्मक सूचीमा उल्लेख भएको जबरजस्ती करणीको कसुर गरेको व्यक्तिलाई कैद छुट गर्न नमिल्ने देखियो । यसरी फौजदारी कसुर (सजाय निर्धारण) ऐन, २०७४ को दफा ३७(१) को खण्ड (ख) को कानूनी व्यवस्थालाई अनदेखा एवं बाहेक गरेर निवेदकले दाबी लिएको जेठ नागरिक ऐन, २०६३ को दफा १२(१) को देहाय (क) मा भएको व्यवस्थालाई मात्र हेरी एकल रूपमा कानूनको व्याख्या गर्न मिल्ने पनि भएन । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ मा सजाय माफी दिन सकिने भन्ने व्यवस्था भएको र उक्त १५९(४)(ग) अनुसार जबरजस्ती करणीसम्बन्धी कसुरका कसुरदारलाई भएको सजाय माफी गर्न, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन भन्ने व्यवस्था भएको देखिन्छ । यस व्यवस्थाले समेत जबरजस्ती करणीको कसुरमा भएको सजाय माफी गर्न, मुल्तबी राख्ने, परिर्तन गर्ने वा कम गर्ने कारबाहीमा स्पष्ट रूपमा निषेध नै गरेको पाइने । जेठ नागरिक ऐन, २०६३ विशेष कानून भएको र उक्त ऐनको दफा १२(२) मा भएको व्यवस्थाले मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्थालाई अन्यथा हुने गरी विशेष व्यवस्था गरेको नै देखियो । उक्त दफा १२(२) मा उल्लेख भएको जेठ नागरिकको उमेर र शारीरिक अवस्थाको हदसम्मका कुरामा अन्य कानूनको व्यवस्था आकर्षित नहुने देखिन्छ । निवेदकउपर जबरजस्ती करणी मुद्दा चली सर्वोच्च अदालतबाट मिति २०७२।०५।२७ मा फैसला भएको अवस्था छ । जेठ नागरिक ऐन, २०६३ को व्यवस्था निवेदकको हकमा आकर्षित हुने हो वा होइन भन्ने कुरा त्यसै अवस्थामा विचार हुन सक्नेमा

सो भएको देखिँदैन। यस परिप्रेक्ष्यमा निवेदकले जिकिर लिएको जेठ नागरिक ऐन, २०६३ को दफा १२(१)(क) अवस्थालाई फौजदारी (कसुर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७(१) को खण्ड (ख) मा उल्लेख भएको जबरजस्ती करणीसँग सम्बन्धित कसुरदारलाई भएको सजायमा छुट हुने भनी भएको व्यवस्थालाई निषेध गरेको नै देखिन्छ। यी निवेदकले जेठ नागरिक ऐन, २०६३ को दफा १२(२) मा भएको व्यवस्थाअनुसार पचहत्तर वर्ष नाघिसकेका असहाय जेठ नागरिक नदेखिँदा निवेदन जिकिरको विषय कानूनसङ्गत नहुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल कार्तिक ८ गते रोज ६ शुभम्।

## इजलास नं. १२

### १

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०६७-CR-०४५९*, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामेश्वर दाससमेत*

प्रस्तुत मुद्दामा प्रतिवादीहरू आमोद नारायण चौधरी, कौशल्यादेवी चौधरी र संजय चौधरीलाई सुरू अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा निज प्रतिवादीहरूको मृतकसँग कुनै विवाद भएको देखिँदैन । होटलमा भएको विवादपछि कुटपिटबाट बच्नलाई मृतक लुक्न यी प्रतिवादीहरूको चामल गोदाममा आउँदा त्यहाँ भएको कुटपिट वारदातलाई यी प्रतिवादीहरूले रोक्ने प्रयास गरेको भन्ने कुरा प्र.रामेश्वर दासको बयानबाट खुल्न आएको देखिन्छ। आफ्नो घरपसल गोदाममा अन्यत्रबाट सुरू भएको झगडाको परिणाम स्वरूप कोही भाग्दै लुक्न आएमा त्यस्तो विवाद रोक्ने र आफ्नो जिउज्यान सम्पत्तिसमेत बचाउन प्रयत्न हुनु स्वाभाविकै देखिन्छ। यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भन्न मिल्ने अवस्था प्रमाणित गर्न स्वतन्त्र प्रमाणको उपलब्धतासमेत नभएकोले निजहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।१२।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी वैजु दासको अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरतर्फ विचार गर्दा, प्रतिवादीहरू वैजु दास, ज्ञान दास र रामेश्वर दास मुस्कान होटलका सञ्चालक रहेका, निजैहरूको उक्त होटलमा मृतक शम्भु झाले खाजा खाएको र पैसा नदिएको विषयलाई लिएर विवाद सुरू भएको तथा तीनैजना प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको कुरा प्रतिवादीमध्येका रामेश्वर दासले अनुसन्धान अधिकारीका समक्ष गरेको बयानमा पाइन्छ । त्यसैगरी घटना विवरण कागज गर्ने दानी झासमेतका व्यक्तिहरूको कागजबाट समेत उक्त वारदातमा यी प्रतिवादीहरूको संलग्नता थियो भन्ने कुरा देखिन्छ । प्रस्तुत मुद्दामा खाजा खाई पैसा नदिएको विषयमा वादविवाद भई कुनै किसिमको पूर्वतयारीबिना एक्कासी वारदात भएको पाइन्छ। मृतकलाई मार्नेसम्मको कुनै तयारी, इवी तथा दुस्मनीसमेत यी प्रतिवादीहरूमा रहे भएको पाइँदैन । प्रतिवादीहरूले उक्त वारदातमा कुनै किसिमको हातहतियारसमेत प्रयोग गरेको पाइँदैन। सामान्य प्रकृतिको पैसा तिर्ने विवादमा यसरी उग्ररूप लिनु स्वीकार्य विषय पनि होइन, कुटपिटमा संलग्न भइहाल्नु अक्षम्य पनि होइन, तर त्यस्तो

कुटपिटको परिणामका बारेमा विचार गर्नुपर्ने थियो । यद्यपि तत्काल भएको विवादमा हात हालाहालसम्मको परिस्थिति सिर्जना भएको, प्रतिवादीहरूको उक्त कार्यबाट मृतक मर्न पनि सक्छ भन्ने सामान्य सोच प्रतिवादीहरूमा नभएको अवस्थामा मृतकको मृत्यु वारदात स्थलमा नभई उपचारको क्रममा अस्पतालमा भएको पाइयो। पुनरावेदक बैजु दासले आफू वारदातको समयमा अन्यत्र थिए भनी जिकिर लिई साक्षी प्रस्तुत गरे पनि अन्य कुनै वस्तुनिष्ठ प्रमाणबाट निज घटनास्थलमा नरहेको र मृतकलाई हात नहालेको भन्ने पुष्टि हुन सकेको पाइँदैन । प्रतिवादीहरू ज्ञान दास र रामेश्वर दासको समेत संलग्नतामा कुटपिट भएको भनी अनुसन्धानमा विश्वम्भर झा, स्वयम्भर झा, शशिकान्त झासमेतले गरेको कागजबाट घटना विवरणमा एकरूपता देखिन्छ, यसबाट यी प्रतिवादीहरू घटनास्थलमा थिएनन् भन्ने जिकिर खण्डित हुन पुगेको छ। तथापि यी कागज गर्ने व्यक्तिहरूबाट पनि यी मृतकलाई मार्न सक्ने प्रकृतिबाट कुटपिट भइरहेको थियो भनी भन्न सकेको नदेखिने।

अत: उल्लेख भएबमोजिमको तथ्य सबुत प्रमाण रहेको प्रस्तुत मुद्दामा गरिएको विवेचनाका आधारमा प्रस्तुत मुद्दामा भएको वारदात मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) को अवस्थाको देखिन आएन साथै उक्त वारदातमा ऐ.ऐ. को १४ नं. को पूर्वावस्था विद्यमान रहेको पनि देखिएन । प्रस्तुत मुद्दाको वारदातमा होटलमा खाजा खाएर पैसा नदिएको कारणबाट कुटपिट गर्दा मृतकको मृत्यु भएको देखिएकोले पुनरावेदन अदालत जनकपुरको मिति २०६६।१२।२२ को फैसला केही उल्टी भई प्रतिवादीहरू रामेश्वर दास, ज्ञान दास र वैजु दासले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(४) नं. बमोजिमको कसुर गरेको देखिँदा निजहरूलाई सोही नं. बमोजिम दुई (२) वर्ष कैद र रू. पाँच सय (५००।-) जरिवाना हुने ठहर्छ तथा प्रतिवादीहरू आमोद नारायण चौधरी, कौशल्यादेवी चौधरी र संजयकुमार चौधरीको हकमा निजहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको मिति २०६६।१२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दिपेन्द्रनाथ योगी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति सवंत् २०७६ साल भाद्र १६ गते रोज २ शुभम्।

## २

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-WH-०१२१, बन्दीप्रत्यक्षीकरण, जङ्गबहादुर भण्डारीसमेत वि. गृह मन्त्रालयसमेत*

निवेदकहरू जङ्गबहादुर भण्डारी, काजी गुरूङ र मिलन राईलाई मिति २०७६/७/१ मा सार्वजनिक हित, स्वास्थ्य सुरक्षा, सुविधा र नैतिकता विरूद्धको अन्तर्गतको अभद्र व्यवहार कसुरमा पक्राउ गरेको भन्ने लिखित जवाफबाट देखिए पनि मिति २०७६।२।२५ गते कास्की जिल्लाबाट विद्यार्थीहरूको बैठकबाट निवेदकहरू ३ जनालाई पक्राउ गरी राजद्रोहसम्बन्धी कसुरमा कास्की जिल्ला अदालतबाट म्याद थप गरिएकोमा बन्दीप्रत्यक्षीकरणको मुद्दा परी उच्च अदालत पोखरा, कास्कीबाट मिति २०७६।२।३० मा निवेदकहरूलाई थुनामुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएकोमा उच्च अदालत बार पोखराको कक्षमा बसिरहेको अवस्थामा मिति २०७६।२।३१ गते दिउँसो अं.१२.३० बजे रातको समयमा पक्राउ गरी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा राखी सार्वजनिक मुद्दामा म्याद थप गरेकोमा निवेदकहरूको हकमा बन्दीप्रत्यक्षीकरणको निवेदन परी मिति २०७६।३।३ मा उच्च अदालत पोखराबाट पुनः बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई थुनामुक्त भएकोमा मिति २०७६।३।४ गते बिहान निवेदकहरूलाई

पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, दमौली, तनहुँमा हिरासतमा राखिएको र राजद्रोहको कसुरमा तनहुँ जिल्ला अदालतबाट मिति २०७६।३।३१ मा साधारण तारेखमा रही मुद्दा पुर्पक्ष गर्ने आदेश भएकोमा सो लगत्तै पक्राउ गरी राजद्रोह मुद्दामा स्याङ्जा लगी म्याद थप गरेकोमा मिति २०७६।४।२३ गते स्याङ्जा जिल्ला अदालतमा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश भएकोमा लगत्तै पक्राउ गरी गोरखामा पुऱ्याई सार्वजनिक शान्ति विरूद्धको कसुरमा म्याद थप गरेकोमा मिति २०७६।५।१६ मा जिल्ला प्रशासन कार्यालय, गोरखाबाट थुनामुक्त गरिएको लगत्तै पक्राउ गरी जिल्ला प्रशासन कार्यालय बैँसीसहर लमजुङबाट म्याद थप गरिएकोमा निवेदकहरूले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०७६।०६।०२ गते बन्दीप्रत्यक्षीकरण (०७६-WH-००७१) को आदेश जारी भई थुनामुक्त भएकोमा साँझ ५:३० बजे यस अदालतकै सेरोफेरोमा महानगरीय प्रहरी वृत्त, सिंहदरबारबाट खटिई आएका प्रहरीद्वारा पक्राउ गरिएको देखिने।

तसर्थः पक्राउ गरी थुनामै राख्नुपर्ने अपरिहार्यताको अभावमा विना वस्तुनिष्ठ आधार र कारण प्रस्तुत नगरी निवेदकको संविधान प्रदत्त मौलिक हकहरूमाथि अनुचित बन्देज लगाउने गरी मिति २०७६/२/२५ देखि यी बन्दीहरूलाई अनवरत रूपमा एकपछि अर्को तथाकथित कसुरको अभियोगमा पटकपटक पक्राउ गरी निवेदकको थुनालाई निरन्तरता दिई राखेको देखिएको अवस्थामा यी बन्दीलाई थुनामै राख्ने प्रवृत्त भावना छैन भन्न नसकिने हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७(क) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ । अन्य कसुरमा थुनामा राख्नुपर्ने नभए आजैका मितिदेखि थुनामुक्त गरिदिनु भनी संक्षिप्त आदेश जारी भई यस अदालतको च.नं.७६३०६-३१५५८६, मुद्दा नं.०७६-WH-०१२१, मिति २०७६।७।१९ मा पत्राचार भएको देखिँदा अरू केही गरिरहनु नपर्ने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल कार्तिक १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०६७-CR-०६२७,* कर्तव्य ज्यान, *नेपाल सरकार वि. हिमप्रसाद शर्मा*

प्रस्तुत मुद्दामा जाहेरवालाले यी प्रतिवादीउपर किटानी जाहेरी दिएको भएपनि निजले अदालतमा बकपत्र गर्दा मृतकसँग सम्बन्ध नराम्रो रहेकोले प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनेका छन् । सम्बन्ध जस्तोसुकै चरित्र, चालचलन जस्तोसुकै भए पनि विना ठोस आधार, कारण र प्रमाणविना कसैलाई दोषी ठहऱ्याउन मिल्दैन । यी जाहेरवाला थानेश्वरभन्दा पहिले नै प्रतिवादीले प्रहरीसमक्ष श्रीमती झुन्डिएर मरेको भन्ने जाहेरी दर्ता गराएको अवस्था छ। मृतकको शवपरीक्षण प्रतिवेदनमा टाउकोमा चोट लागेको सम्भावनासम्म औंल्याइएको छ। यसरी बुझिएका मानिसहरूको शंका एवं शव परीक्षण प्रतिवेदनमा औंल्याइएको कुटपिट चोटको सम्भावनालाई प्रतिवादीको कसुर सिद्ध गर्ने आधार बनाउन सकिने अवस्था देखिँदैन । कुटपिट गरी मारेको भए कुन स्थानमा कुटपिट गरिएको हो ? टाउकोमा गम्भीर चोट पुऱ्याएर मारेको स्थान कुन हो ? कस्तो हतियार प्रयोग भयो ? उक्त स्थानमा सङ्घर्षको प्रमाण रगतलगायत ठोस प्रमाण देखिनु भेटिनुपर्ने सो केही भेटिएको नदेखिने ।

प्रतिवादीका साक्षीहरू रामलाल शर्मा, जायस्वर जैसीले मृतक आफैँ झुन्डिई आत्महत्या गरी

मरेकी हुन् भनी प्रतिवादीको अदालतसमेतको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्रसमेत गरिदिएका छन्। आँखा र टाउकोमा घाउको खत छ भन्ने सन्दर्भमा घटनास्थल प्रकृति मुचुल्कामा सो उल्लेख भएको छैन । उक्त मुचुल्कामा बस्नेले घाउ भएको भए त्यहाँ तिनीहरूले बोल्ने थिए, लेखाउने थिए। तर आँखामा र टाउकोमा भएको घाउ सुरू घटनास्थित लास प्रकृति मुचुल्कामा उल्लेख भएको पाइँदैन। लास जाँच गराउन पहाडको बाटोमा करिब १२ कोष टाढाबाट गाडीमाथि लास राखेर ल्याएको अवस्था देखिँदा लासमा चोटपटक लाग्न सक्ने सम्भावना देखिन्छ । शंका र परिस्थितजन्य प्रमाणबाहेक ठोस आधार प्रमाणहरू नदेखिने।

प्रतिवादीले मृतकलाई मार्न लागेको भए मृतक कराएको, चिचाएको, हार गुहार गरेको अन्य व्यक्तिले सुन्नुपर्ने सो कुरा देखाउन खुलाउन सकेको पाइँदैन। परिवारले लगी मृतकलाई झुन्ड्याइएको भए जमिनमा विभिन्न चिह्न हुनुपर्ने त्यस्तो केही देखिएको छैन । हिमप्रसाद शर्मालाई मात्र प्रतिवादी बनाएको छ, अन्य व्यक्ति एवम् परिवारको सदस्यलाई प्रतिवादी बनाएको छैन । एक्लै प्रतिवादीले मारी झुन्ड्याउन सक्ने सम्भावनासमेत नदेखिने।

ज्यान मार्ने कसुर जस्तो आरोपमा-अपराध अपराधीले नै गरेको हो भनी प्रमाणित हुनुपर्छ । अपराध गरेको होला, हुनसक्छ जस्ता काल्पनिक एवम् अनुमानको आधारबाट अपराध पुष्ट्याई हुँदैन । परिस्थितिजन्य प्रमाण निर्णयात्मक एवम प्रामाणिक हुनुपर्छ। अपराध मालाकारको रूपमा गाँसिएर जोडिएर प्रमाणित गरेको हुनुपर्छ । तर प्रस्तुत मुद्दामा त्यस्तो प्रमाणहरू पेस गर्न सकेको नपाइने।

अत: प्रतिवादीले कसुर गरेको भन्न सकिने ठोस प्रमाणको अभाव हुँदा निजले अभियोगबाट सफाइ पाउने ठहऱ्याई प्यूठान जिल्ला अदालतबाट मिति २०६५।५।१५ को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुर, दाङबाट भएको मिति २०६६।७।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

इति संवत् २०७६ साल कार्तिक २६ गते रोज २६ शुभम्।

४

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७१-CR-१४०९, बन्दीप्रत्यक्षीकरण, *डम्बरबहादुर थापा मगर वि. उदयपुर जिल्ला अदालतसमेत*

पुनरावेदक प्रतिवादीलाई कर्तव्य ज्यान मुद्दामा उदयपुर जिल्ला अदालतको मिति २०६७।३।२८ को फैसलाबमोजिम लागेको कैदको लगत बाँकी रहेकोमा कानूनबमोजिमको सम्पूर्ण प्रक्रिया पुऱ्याई निजका विरूद्ध कैद म्याद ठेगी, निजले सो कैदीपुर्जी रीतपूर्वक बुझिलिई कानूनबमोजिम कैद भुक्तान गरिरहेको अवस्था देखियो । प्रस्तुत मुद्दाका अर्का प्रतिवादी महेश चौधरीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा शम्भु मगर भन्ने डम्बरबहादुर मगरको खास घर झापातिर हो भन्ने सुनेको हुँ। निज रामपुर ठोक्सिला वडा नं.५ मा अस्थायी रूपले बसोबास गर्दै आएका थिए । निज घटनास्थलबाट भागी गई म पक्राउ नपर्ने बेलासम्म गाउँमा आएका थिएनन् भनी लेखाई दिएको पाइन्छ। निजको ठेगाना मिसिल संलग्न कागजातहरूबाट पनि झापा सतासीधाम भन्ने खुलेको र जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा शम्भु मगर नै डम्बरबहादुर मगर हुन् भनी लेखाई दिई सनाखतसमेत गरेको देखिन्छ । निजको पहिचानमा तात्त्विक अन्तर हुने गरी फरक पर्ने नदेखिएको तथा निवेदकले पेस गरेको नागरिकताको प्रमाणपत्रमा निजको वतन झापा सतासीधाम वडा नं. ४ र

मतदाता परिचयपत्रमा झापा सतासीधाम वडा नं. ९ उल्लेख भएको देखिएबाट पनि निज नाम तथा वतन परिवर्तन गरेर हिँड्ने गरेको देखिन्छ । प्रस्तुत मुद्दाका सन्दर्भमा यस अदालतबाट जाहेरवाला दीपककुमार खत्वेलाई म्याद दिई झिकाई, निवेदकलाई उपस्थित गराई कानूनको रीतपूर्वक सनाखतको प्रक्रिया सम्पन्न गरी पेस गर्नु भनी मिति २०७५।१।७ मा भएका आदेशानुसार मिति २०७५।५।२८ मा जाहेरवाला उदयपुर जिल्ला अदालतमा उपस्थित भई वारदात हुँदाको अवस्थामा निज प्रतिवादी र म एउटै गाउँमा बस्ने गरेको र गाउँघरमा निजलाई शम्भु मगर भनेर बोलाउने हुँदा जाहेरीमा निजको नाम शम्भु मगर भनेर लेखिएको हो । आज मलाई देखाइएका डम्बरबहादुर मगर नै मैले जाहेरीमा उल्लेख गरेका शम्भु मगर हुन् भनी सनाखत गरिदिएको देखिने ।

कुनै पनि निर्दोष व्यक्तिले आफूले नगरेको कामबापत कुनै पनि किसिमको सजाय पाउनु हुँदैन भन्ने न्यायको स्थापित मान्यता रहेको छ । प्रस्तुत विवादमा यी निवेदकले आफूलाई आरोपित व्यक्तिभन्दा फरक व्यक्ति भएको भनी दाबी लिएको र अन्य व्यक्तिको शंकामा गलत व्यक्तिलाई पक्राउ गरेको (case of mistake identify) भन्ने दाबी लिएको देखियो । यो कुरा पुष्टि गर्न आफू जिल्ला झापा सतासीधाम गा.वि.स. वडा नं. ४ मा जन्म भई सोही वतनमा बसोबास गरी आएको भनी नागरिकता प्रमाणपत्रलाई आधार लिएको देखिन्छ भने पुनरावेदन गर्दा आफू बाबुसँग अंश लिई वडा नं. ९ मा बसोबास गरी मतदाता प्रमाणपत्रसमेत सोही वडा नं. ९ बाट लिएको देखिन्छ । प्रहरी हवलदार दुर्गाप्रसाद श्रेष्ठको प्रतिवेदनमा यी पुनरावेदक झापा स्थायी घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ परेको र यिनको स्थायी वतन झापा जिल्लामा भए पनि उदयपुर जिल्ला रामपुर ठोक्सीमा गा.वि.स. वडा नं. ५ अस्थायी बसोबास भएको शम्भु मगर हुन् भनी उल्लेख गरेको, जाहेरवालाले सनाखत गर्दासमेत वारदात हुँदा आफू र यी पुनरावेदक एकै गाउँघरमा बस्ने गरेको र उक्त गाउँमा यिनलाई शम्भु मगर भन्ने गरेको तथा शम्भु मगर र डम्बरबहादुर थापा मगर एकै व्यक्ति हो भनी किटानी कागज गरेको पाइयो । जाहेरवालाले यी पुनरावेदकलाई पोल्नुपर्ने कारण र अवस्थाबारे यी पुनरावेदकको कुनै भनाइरहेको देखिँदैन । आफूले कैदी पुर्जी बुझी लिँदासमेत उक्त कैदी पुर्जी आफ्नो होइन, आफू असम्बन्धित व्यक्ति हो भनी विरोध गरी सो सम्बन्धमा कुनै बेहोरा लेखाएको पनि देखिँदैन । तसर्थ प्रस्तुत मुद्दाको मिसिलबाट यी डम्बरबहादुर थापा मगर नै प्रतिवादी शम्भु मगर हो भन्ने सम्बन्धमा विवाद नदेखिएको हुँदा उक्त रिट निवेदन खारेज गरेको मिलेकै देखिँदा पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१०।२६ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृत: दिपेन्द्रनाथ योगी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-CI-०६८५, ०७९५, जग्गा खिचोला मेटाई घर हटाई भत्काई चलनसमेत पाऊँ, *भगतदास श्रेष्ठ वि. सिमला गुरूङ (तामाङ), सिमला गुरूङ (तामाङ) वि. भगतदास श्रेष्ठ*

पुनरावेदक वादीको कि.नं.८११ को ०-१-३-० को जग्गा वादीको पति राजेन्द्र तामाङले सञ्चबहादुर तामाङसँग मिति २०६९।१२।२५ मा र.नं. ५१७८

बाट पारित गराई लिएकोमा सो जग्गा वादीले वादीका पति राजेन्द्र तामाङसँगबाट हालैको बकसपत्र गरी मिति २०७०।३।११ मा र.नं. ७१०२ बाट प्राप्त गरेको देखिई अर्का पुनरावेदक प्रतिवादी भगतदास श्रेष्ठ वादीका साँध सँधियार भएका र निजका नाउँमा कि.नं.८१० र ९९४ का जग्गाहरू दर्ता रहेको देखिन्छ । यी पुनरावेदक प्रतिवादी भगतदास श्रेष्ठले आफ्नो नाउँमा दर्ता स्रेस्ता कायम रहेका कि.नं.८१० समेतका कित्ता जग्गाहरूमा सीमित रही आफूले घर निर्माण गरेको जिकिर लिएको भए पनि सुरू नुवाकोट जिल्ला अदालतबाट मिति २०७१।२।१९ मा भई आएको नक्सा मुचुल्का हेर्दा "कि.नं. ८११ को जग्गाको क्षेत्रफल ०-१-०-० मध्ये उत्तर पूर्व सडकतर्फ प्रतिवादीले आफ्नो कि.नं. ८१० तर्फबाट मिची बनाएको विवादित घरजग्गा रहेको न.नं. ४ को क्षेत्रफल ०-०-०-३ देखिन आयो।" भन्नेसमेत बेहोराको प्रतिवेदन प्रस्तुत भई मिसिल संलग्न रहेको ट्रेस नक्साको प्रमाणित प्रतिलिपिबाट कि.नं. ८१० र ८११ लाई दक्षिणदेखि उत्तरतर्फ गएको सिधा रेखाले छुट्ट्याएको देखिन आएकोले प्रतिवादीले आफ्नो जग्गामा मात्र सीमित रही घर बनाएको भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. मा "**जग्गा मिची घर बनाएकोमा घर तयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन**" भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा यी पुनरावेदक प्रतिवादी भगतदास श्रेष्ठले २०६८ साल मङ्सिरमा आफ्नो नाउँ दर्ता रहेको कि.नं. ८१० समेतमा घर निर्माण गरी मिति २०६९।५।२७ मा मालपोत कार्यालय, नुवाकोटमा घर कायम गरिपाउँ भनी निवेदन दिई मालपोत कार्यालयको मिति २०६९।८।२८ को निर्णयले मेरो नाममा घर कायम भएको भन्ने कुरा मिसिल संलग्न कागजात प्रमाणबाट तथा स्वयं यी पुनरावेदक प्रतिवादीको स्वीकारोक्तिबाट स्थापित भएको देखिन्छ । पुनरावेदक वादीका दाता तथा पति राजेन्द्र तामाङले सञ्चबहादुरसँग कि.नं. ८११ को ज.वि. ०-१-३-० जग्गा मिति २०६९।१२।२५ मा र.नं. ५९७८ को पारित लिखतबाट प्राप्त गरेकोमा निज राजेन्द्र तामाङले आफ्नी श्रीमती पुनरावेदक वादीलाई मिति २०७०।३।११ मा र.नं. ७१०२ बाट हालैदेखिको बकसपत्र पारित गरी दिएको कुरा मिसिल संलग्न पारित लिखतहरूको प्रतिलिपिबाट देखिन आउँछ । यसरी प्रतिवादीले बनाएको घर मालपोत कार्यालयबाट मिति २०६९।८।२८ को टिप्पणी आदेशबाट प्रमाणित भएको देखिन आएकोले सोही मितिमा घर निर्माणको कार्य सम्पन्न भएको मिति मान्नुपर्ने देखिई वादीका दाताहरूसमेतले मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. बमोजिम उजुरी दिन सक्ने हदम्याद बाँकी रहेको अवस्थामा वादीले हदम्याद नघाई फिराद गरेको भनी पुनरावेदक प्रतिवादीले लिएको जिकिरसमेत कानूनसम्मत नदेखिने।

मिति २०७१।२।१९ को नक्सा मुचुल्काबाट विवादको न.नं. ४ को जग्गा वादीको कि.नं. ८११ भित्रको भई सो जग्गामा वादीको हक रहेको देखिएको हुँदा वादीको दाबी पुग्न नसक्ने ठहराएको सुरू नुवाकोट जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई वादीले विवादको न.नं. ४ मा रहेको घरको भाग भत्काई सो विवादको न.नं. ४ को जग्गाबाट प्रतिवादीको खिचोला मेटाई चलन चलाई पाउने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७२।७।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ साल भाद्र १९ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-००३५, ००४८, ०१०२, ०५३४, कर्तव्य ज्यान, *माधव लोनिया चौहान वि. नेपाल सरकार, शान्ति लोनिया चौहान वि. नेपाल सरकार, बद्री लोनिया चौहान वि. नेपाल सरकार, नेपाल सरकार वि. दिनेश लोनिया चौहानसमेत*

प्रतिवादीहरू माधव लोनिया, बद्री लोनिया र शान्ति लोनियासमेतले आरोपित कसुरमा इन्कारी बयान गरेको पाइए तापनि जाहेरी, जाहेरी मुताबिकको जाहेरवालाको बकपत्र, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयान कागज, अन्य प्रतिवादीहरूको सोही मिलानको अधिकारप्राप्त अधिकारीसमक्षको बयान कागज, बुझिएका मानिसहरूको भनाइ, वादीका साक्षीहरू गुलाम धोवी र दिनेशकुमार ज्ञवालीसमेतले अदालतसमक्ष गरिदिएको बकपत्रसमेतका सबुत प्रमाणहरू एक अर्कासँग श्रृङ्खलाबद्ध तवरले मिल्न आएको सन्दर्भमा यी प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि हुन आएकाले अभियोग मागदाबीअनुसार प्रतिवादीहरू बद्री लोनिया र माधव लोनियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र अर्का प्रतिवादी शान्ति लोनिया चौहान जसले भिक्षुलाई मार्नको निमित्त यो बुढालाई तह लगाउनु पर्दछ, मारिदेउ भनी प्रतिवादीहरू माधव लोनिया र बद्री लोनियालाई वचन दिएको देखिन आई रस्सीसमेत उपलब्ध गराएको हुँदा यी प्रतिवादी शान्ति लोनियालाई ऐ.महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिँदा अन्यथा भन्न मिलेन । तर प्रस्तुत मुद्दामा प्रतिवादीहरू माधव लोनिया र बद्री लोनियालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि **"मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा **"कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ"** भन्ने कानूनी व्यवस्था रहेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरू माधव लोनिया र बद्री लोनियालाई सर्वस्वको सजाय हुने देखिएन। तसर्थ निज प्रतिवादीहरूलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजहरूको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ठहर्ने ।

प्रतिवादीहरू सोनी लोनिया, गुलावी लोनिया र मोहम्मद रहिस खाँ घरमूली नभएको, वारदातको समयमा वारदातस्थलमा रहेको नपाइएको, मार्ने मराउने कार्यका योजनाकार एवं मिलोमतोमा रहेको र सहयोग गरेको भन्ने नदेखिएको, अन्य प्रतिवादीहरूसमेतले यी प्रतिवादीहरूको यो यस्तो भूमिका थियो भनी भन्न लेखाउन नसकेको साथै प्रतिवादी रहिस खाँ ज्यान मार्ने

परिवारको सदस्यसमेत नभएको अवस्था स्थितिमा यी प्रतिवादीहरूसमेतले आरोपित कसुर गरेका हुन् भनी भन्न मान्न मिलेको नदेखिँदा यी प्रतिवादीहरू सोनी लोनिया, गुलाबी लोनिया र महम्मद रहिस खाँलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसलालाई सदर गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलले गरेको फैसला मिलेकै देखिने।

प्रतिवादी दिनेश लोनियाको मार्ने मनसाय रहेको नपाइएको, मार्ने कार्यमा प्रत्यक्ष रूपले संलग्न रहेको नदेखिएको, मार्ने कार्यमा यिनको संलग्नता रहेको थियो भनी कसैले पोल गर्न नसकेको, आरोपित कसुरमा प्रतिवादीको इन्कारी बयान रहेको पाइए तापनि अन्य प्रतिवादीले भिक्षुलाई मारिसकेपछि खबर पाई कोदालो लिई गई लास पुर्ने कार्यमा सहयोग गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरेको, सोहीबमोजिमको बयान कागज अन्य प्रतिवादीहरूसमेतको रहेको, प्रतिवेदक एवं जाहेरवालाले प्रतिवादीको पनि लास गाड्ने कार्यमा संलग्नता रहेको भनी उल्लेख गरेको, बुझिएका रामशरण मुराउ, नारायणप्रसाद ज्ञवालीको कागज आदिसमेतबाट यी प्रतिवादीले भिक्षु सुर्यमानलाई आफ्ना दाजुहरू र आमा शान्ति लोनियाले मारेको थाहा जानकारी पाई कसैलाई नभनी लास दबाउनलाई लगी गाड्ने कार्यमा सहयोग पुऱ्याई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. को कसुर गरेको देखिन आयो । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. मा " ........लास जाँच भई नसक्दै दबाउनका मतलबले लास जलाउने, गाड्ने, फाल्ने वा सो कुरा गर्न लगाउनेलाई अरू कुनै कानूनले हुने सजायमा सो गरेबापत ६ महिना थपी कैद गर्नुपर्छ ।" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रतिवादी दिनेश लोनियाले मृतकको लास जाँच नहुँदै लास दबाउन अन्य प्रतिवादीहरूलाई सहयोग गरेको पुष्टि भएको अवस्था देखिन आएकोले यी प्रतिवादी दिनेश लोनियालाई ज्यानसम्बन्धी महलको २५ नं. र ऐ.को ४ नं. बमोजिम जम्मा रू. ३०।-(तीस) जरिवाना हुने गरी सुरू कपिलवस्तु जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी दिनेश लोनियालाई भएको जरिवाना रू.३० यथावत् रही मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. बमोजिम कैद महिना ६(छ) थप सजाय हुने ठहर्ने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७५ साल पौष २६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** ०७६-WH-०३४१, बन्दीप्रत्यक्षीकरण, *मनु के.सी. वि. जिल्ला प्रहरी कार्यालय, बाग्लुङसमेत*

बन्दी निवेदक रामबहादुर कुँवरलाई पहिलो पटक मिति २०७६।१२।१७ मा जिल्ला नवलपरासी (बर्दघाट सुस्तापूर्व) कावासोती नगरपालिका वडा नं.२ बाट अभद्र व्यवहारको कसुरमा पक्राउ गरी कानूनबमोजिमको प्रक्रिया पूरा गरी म्याद थप गराई हिरासतमा राखिएको, अनुसन्धान कार्य पूरा भएपश्चात् जिल्ला प्रशासन कार्यालय, नवलपरासी (बर्दघाट सुस्तापूर्व) मा अभियोगपत्र दायर भएको देखिएको, उक्त कार्यालयबाट मिति २०७७।१।९ मा आदेश हुँदा निज बन्दी निवेदकसँग रू.१,०००।– (एक हजार) धरौट माग भएको र माग भएको धरौटी रकम दाखिला गरी निवेदक सोही मितिमा थुनामुक्त भएको तथ्य विपक्षी जिल्ला प्रहरी कार्यालय, नवलपरासी (बर्दघाट सुस्तापूर्व) समेतको लिखित जवाफबाट

देखिन आएको छ। बन्दी निवेदक रामबहादुर कुँवरलाई मिति २०७७।१।१० मा अभद्र व्यवहारको कसुरमा जिल्ला बाग्लुङ, बाग्लुङ नगरपालिका वडा नं.१ बाट पक्राउ गरिएको, अनुसन्धान कार्य पूरा गरी जिल्ला प्रशासन कार्यालय, बाग्लुङसमक्ष मुद्दा पेस गरिएकोमा मुद्दा हेर्ने अधिकारीबाट मिति २०७७।१।२२ मा आदेश हुँदा साधारण तारेखमा छुटी गएको भनी जिल्ला प्रशासन कार्यालय, बाग्लुङसमेतको लिखित जवाफमा उल्लेख भएको पाइयो । जिल्ला प्रशासन कार्यालय, बाग्लुङको आदेशबाट हिरासत मुक्त भएकै दिन यी निवेदकलाई अभद्र व्यवहारकै कसुरमा जिल्ला पर्वत, कुश्मा नगरपालिका वडा नं.१ बाट पक्राउ गरिएको, अनुसन्धान कार्य पूरा गरी जिल्ला प्रशासन कार्यालय, पर्वतसमक्ष मुद्दा पेस गरिएकोमा सो कार्यालयबाट मिति २०७७।१।२९ मा आदेश हुँदा निवेदकलाई साधारण तारेखमा छाड्ने गरी आदेश भएको कुरा विपक्षीहरूको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय, पर्वतको आदेशबाट थुनामुक्त भएका यी निवेदकलाई मिति २०७७।१।२९ मा जिल्ला म्याग्दी बेनी नगरपालिका वडा नं. ८ बाट पक्राउ गरी अभद्र व्यवहारमा मुद्दा चलाई जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट मिति २०७७।२।४ मा साधारण तारेखमा छाड्ने गरी आदेश भई बन्दी निवेदक थुनामुक्त भएको तथ्य जिल्ला प्रशासन कार्यालय, म्याग्दीको तर्फबाट पेस गरेको लिखित जवाफमा उल्लेख भएको पाइन्छ। जिल्ला प्रशासन कार्यालय, म्याग्दीले जिल्ला प्रहरी कार्यालय, म्याग्दीलाई प्रतिवादी रामबहादुर कुँवरलाई अन्य कारणबाट थुनामा राख्न नपर्ने भए प्रस्तुत मुद्दाबाट हिरासत मुक्त गरिदिनु भनी मिति २०७७।२।४ मा गरेको पत्राचारबाट बन्दी निवेदक प्रस्तुत मुद्दाको रोहबाट थुनामुक्त भएको देखियो। साथै निवेदक थुनामुक्त भई साधारण तारेखमा रहेको भनी इजलाससमक्ष निवेदकको तर्फबाट बहसमा उपस्थित विद्वान् अधिवक्ताहरूले समेत जानकारी गराएको हुँदा हाल बन्दी निवेदक थुनामा रहेको नदेखिने।

बन्दी निवेदक रामबहादुर कुँवर जिल्ला प्रशासन कार्यालय, म्याग्दीको मिति २०७७।२।४ को आदेशबाट साधारण तारेखमा छुटी थुनामुक्त भई रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृतः मुना अधिकारी ढकाल

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७७ साल जेठ ६ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०१०६, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रकाश मल्लसमेत*

अन्य प्रतिवादीहरूको हकमा सर्वोच्च अदालतबाट मिति २०६३।१०।१० मा फैसला भइसकेको हुँदा त्यसतर्फ केही बोलिरहन परेन। मिति २०५७।९।६ गते राति मेरो भिनाजु जयश्वर भट्टराईलाई शेरबहादुर बस्नेत, प्रकाश मल्लसमेतका प्रतिवादीहरूले बाटो छेकी साङ्घातिक हमला गरी धारिलो हतियारले प्रहार गरी कर्तव्य गरी मारेको र साथमा रहेको नगद रू.१,८०,०००।- समेत लुटी लगेको हुँदा आवश्यक कारबाही गरिपाउँ भनी बाबुराम अर्यालले किटानी जाहेरी दिएको देखिन्छ भने यी दुवै प्रतिवादीहरूउपर गढाउ गरी आफ्नो जाहेरी बेहोरालाई पुष्टि गरी बकपत्रसमेत गरिदिएको पाइन्छ । प्रतिवादीमध्येका गोरे पुनले मौकामा बयान गर्दा, मिति २०५७।९।६ गते राति म र प्रकाश मल्लसमेतका साथीहरूको सल्लाहअनुसार चोरी गर्ने, लुट्ने भनी मैत्रीपथमा

पुग्दा जयश्वर भट्टराईलाई भेटी निजलाई बाटो छेकी शेरबहादुरले हात मर्काई छटपटाउन दिएनम्, प्रकाश मल्लले मुख थुनेपछि मसमेतले पछाडिबाट खुकुरीले हानी मारेको हो भनी उल्लेख गरेको पाइन्छ । बुटवल चाँदवारीस्थित रहेको रूखको स-साना पोथ्राहरू फाँडेको चौर सो चौरको बिचमा ६१/२ इन्चको दाप नभएको नाङ्गो खुकुरी बरामद भएको भन्ने बरामदी मुचुल्का रहेको छ । मौकामा कागज गर्ने व्यक्ति शंकर मल्लाहले घटनास्थलमा कुरी बसेको अवस्थामा यिनै प्रतिवादीहरू हुन् कि भनी लखेट्दै जाँदा शेरबहादुर र प्रकाश मल्ललाई चिन्यौं भनी बकपत्रसमेत गरिदिएको देखिन्छ । मृतक जयश्वर भट्टराईलाई प्रतिवादी शेरबहादुर बस्नेतसमेतले धारिलो हतियार प्रहार गरी मारेको र निजको साथमा रहेको नगदसमेत लुटी लगेकोमा विश्वास लाग्छ भनी बुझिएका भिम तुलाचन, उमेश गुरागाईंको मौकाको कागज एवं सोही बेहोरा मिलान गर्ने गरी वस्तुस्थिति मुचुल्काका राजेन्द्र शाही, रामकृष्ण भण्डारी, तुलसी रानासमेतका मानिसहरूले आफ्नो बेहोरा लेखाई कागज तथा बकपत्र गरिदिएको पाइन्छ । जाहेरी बेहोरा, जाहेरवालालगायत बुझिएका व्यक्तिहरूको कागज तथा बकपत्र, सहअभियुक्त गोरे पुनले यी प्रतिवादीहरूउपर पोल गरी गरेको साबित बयानसमेतबाट यी प्रतिवादीहरूको उक्त वारदातमा संलग्नता रहेको भन्ने तथ्य समर्थित हुन आएकोले निज प्रतिवादीहरू निर्दोष रहेछन् भनी भन्न सकिने अवस्था नदेखिने ।

प्रतिवादीहरू शेरे भन्ने शेरबहादुर बस्नेत र प्रकाश मल्लबाहेकका अन्य प्रतिवादीहरूको हकमा डाँकातर्फ दाबी नपुग्ने र कर्तव्य ज्यानतर्फको वादी दाबी पुग्ने ठहर गरी सुरू र पुनरावेदन तहमा भएको फैसला यसै अदालतबाट सदर भई अन्तिम भएर रहेको देखिएको छ । यी प्रतिवादीहरूउपर जाहेरवालाको किटानी जाहेरी परी निज अदालतमा उपस्थित भई जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्र गरिदिएको पाइन्छ । यी प्रतिवादीहरूउपर लागेको अभियोगलाई अदालतमा उपस्थित भई आफू निर्दोष रहेको भनी प्रमाण प्रस्तुत गर्न सक्नुपर्नेमा उपस्थित नभई कसुरलाई स्वीकार गरेर बसेको देखिन आयो । कसुरदार ठहर भएका प्रतिवादीमध्येका गोरे पुनले बयान गर्दा शेरबहादुरले मृतकको हात मर्काई छटपटाउन नदिएको, प्रकाश मल्लले मुख थुनेपछि मसमेतले पछाडिबाट मृतकको टाउकोमा खुकुरी प्रहार गरी हामी सबै मिली मारेका हौं भनी यी प्रतिवादीहरूलाई पोल गरेको, निज गोरे पुन कसुरदार ठहर भएकोले निजले गरेको प्रामाणिक महत्त्व हुने हुँदा निज गोरे पुनसमेतको हकमा यस अदालतबाट भएको फैसलासमेतका आधारमा यी प्रतिवादीहरूसमेतको संलग्नतामा अभियोग दाबीको कसुर गरेको देखिन आउने ।

उक्त वारदातमा उपस्थित भई यी प्रतिवादीहरूले मृतकको हात समात्ने, मुख थुन्ने जस्ता कार्य गरी अन्य प्रतिवादीहरूसँग मिली योजना बनाई मनसायका साथ जयश्वर भट्टराईलाई कर्तव्य गरी मारेको अवस्था रहेको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला साधकको रोहमा हेर्दा मनासिब नै देखिन आउने ।

साधकको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी शेरे भन्ने शेरबहादुर बस्नेत र प्रकाश मल्ललाई तत्कालीन मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम जन्मकैदको सजाय हुने र डाँकातर्फको अभियोग दाबी पुग्न नसक्ने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट

मिति २०७६।२।२६ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्ने।

इजलास अधिकृत: नवराज कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७६ माघ महिना २३ गते रोज ५ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०६९-CI-०५४६, रोक्का बदर, आलोककुमार शर्मा वि. करूणा खड्गी*

नेपाल एस.वि.आई. बैंक लिमिटेडको मिति २०६३।५।१५, प.सं. ६२९ अन्तर्गत रोक्का राखिएको दिव्य खड्गी, रोशनी खड्गी र करूणा खड्गीको नाममा संयुक्त दर्ता कायम रहेको ललितपुर जिल्ला लुभु गा.वि.स. वडा नं.३/क कि.नं. ५९८ को क्षे.फ.२-०-०-० र ऐ. कि. नं.६०० को क्षे.फ.१-१४-०-० जग्गामध्ये जग्गाधनी दिव्य खड्गी र रोशन खड्गीसँग कर्जाको कुनै दायित्व नदेखिएकोले निजको भागको दुई हिस्सा कित्ताकाट गरी रोक्का फुकुवा गरिदिनु र बाँकी करूणा खड्गीको १ हिस्सा जग्गा रोक्का राख्नु भन्ने उल्लेख भई उक्त कि.नं. ५९८ र ६०० को जग्गा कित्ता काट भई कि.नं. १५३८ र १५४५ कित्ताको जग्गा करूणा खड्गीको नाममा कायम भई बैंकको पत्रानुसार सि.नं. १२५ मा रोक्का राखिएको भन्ने मालपोत कार्यालय ललितपुरको च.नं. ३६७७ मिति २०६७।९।९ को मिसिल संलग्न पत्रबाट देखिने।

वादी करूणा खड्गीको नाममा समेत सयुक्त दर्ता रहेको कि.नं. ५९८ र ६०० दुई कित्ता जग्गा रोक्का राखेको कुरामा विवाद देखिँदैन । उक्त दुई कित्ता जग्गाहरू कलर स्कान नेपाल लिमिटेडले थप ऋण लिएको अवस्थामा पुनरावेदक एस.वि.आई. बैंक लिमिटेडलाई जग्गा धितोमा पास गरिदिन मन्जुर रहेको भनी प्रत्यर्थीले स्वीकार गरेको भन्ने मिसिल संलग्न मन्जुरनामाको कागजबाट देखिन्छ । उक्त जग्गाहरू सहवित्तीयकरण ऋणको सुरक्षणबापत मात्र दिएको देखिने।

वादी करूणा खड्गी स्वयम् ऋणी नभई ऋणी कलर स्कान नेपाल लिमिटेड र नेपाल एस.वि. आई. बैंकबिचको ऋण कारोबारको सम्बन्धमा नपुग थप ऋणका लागि मात्र आफ्नोसमेतको कि.नं.५९८ र ६०० का दुई कित्ता जग्गा धितोमा राख्न मन्जुरसम्म गरेको भन्ने मिसिल संलग्न निजले गरेको मन्जुरीको लिखतबाट देखिए पनि मन्जुरी दिएको सुरक्षणबापतको धितोका उक्त दुई कित्ता जग्गाहरू कानूनबमोजिम रजिस्ट्रेसन पारित गराई धितो सुरक्षित गराउनुपर्ने दायित्व पुनरावेदक प्रतिवादी एस.वि.आई. बैंकबाट पूरा भएको अवस्था नदेखिने।

बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६(३) अनुसार सुरक्षणबापतको जग्गा रोक्का राख्न सकिने भनिए तापनि पुनरावेदक नेपाल एस.बि.आई. बैंक स्वयमले संयुक्त जग्गाधनीहरूमध्ये बैंकसँगको आर्थिक कारोबारमा दिव्य खड्गी र रोशन खड्गीको कर्जाको सम्बन्धमा कुनै किसिमको दायित्व नदेखिएकोले करूणा खड्गीको हक हिस्सामा बैंकको रोक्का यथावत् राखी दुईजना जग्गाधनीहरू दिव्य खड्गी र रोशन खड्गीका हकमा कित्ताकाट तथा फुकुवा गरिदिनु भनी पत्र संख्या ९३३ मिति २०६५।५।१७ मा मालपोत कार्यालय ललितपुरलाई पत्र पठाएको देखिन्छ । बैंकको ऋणका सम्बन्धमा प्रत्यर्थी वादीको कुन दायित्व सिर्जना भएको र निजको हकको जग्गा मात्र रोक्का राख्नुपर्ने आधार कारणसमेत मिसिल संलग्न जग्गा रोक्कासम्बन्धी पत्र तथा अन्य

कागज प्रमाणबाट नदेखिने।

ऋणको धितो दिने मन्जुरीको कागजबाट मात्र निजको ऋण तिर्ने दायित्व सिर्जना हुन नसक्ने देखिँदा निजको ऋणको दायित्वतर्फ ध्यान नै नदिई भएको पुनरावेदन अदालत पाटनको फैसला फरक पर्न सक्ने भनी यस अदालतको संयुक्त इजलासबाट भएको प्रत्यर्थी झिकाउने आदेश र पुनरावेदन अदालतको फैसला बदर गरी रोक्का यथावत् हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

धितोसम्बन्धीको लिखत रजिस्ट्रेसन पारित नभएको र प्रत्यर्थीलाई ऋण दायित्वको जानकारी नदिएको अवस्थामा संयुक्त रोक्का रहेको दिव्य खड्गी, रोशन खड्गीको भागसम्म ऋण दायित्व नभएको भनी फुकुवा गरी वादी करूणा खड्गीको नाममा कि.नं. ५९८ र ६०० को जग्गा कित्ताकाट भई कायम कि. नं. १५३८ र १५४५ का दुई कित्ता जग्गा मात्र मालपोत कार्यालय, ललितपुरले प्रत्यर्थीको हकमा मात्र रोक्का राखेको नमिलेकोले रोक्का फुकुवा गरिदिने भनी पुनरावेदन अदालत पाटनबाट मिति २०६८।७।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदिशप्रसाद भट्ट

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल पौष ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-WO-०३६१, उत्प्रेषण / परमादेश, उद्धवप्रसाद आचार्य वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

रिट निवेदकले छोरा बिरामी भएको हुनाले मिति २०६७।६।१७ मा ४ दिनको क्या.वी. को फाराम भरी प्रशासन फाँट प्रमुखलाई बुझाई छोराको उपचार गर्न गएको र छोराको उपचारपछि मिति २०६७।६।२१ मा हाजिर हुन जाँदा हाजिर हुन नदिएको भनी लिएको जिकिरतर्फ विचार गर्दा, प्रहरी सेवालगायत जुनसुकै सार्वजनिक सेवामा समेत सांगठनिक तथा पदीय अनुशासन रहनु अनिवार्य सर्त नै हुन्छ। निज कार्यरत रहेको प्रहरी सङ्गठन chain of command अन्तर्गत नै सञ्चालन हुनुपर्छ भन्ने कुरामा विवाद हुन सक्दैन। प्रहरी कर्मचारी कठोर अनुशासनमा रही देश र जनताको सेवामा समर्पित हुनुपर्दछ। कुनै पनि कर्मचारीको बिदा अधिकार नभई सहुलियत मात्र हो। बिदा स्वीकृत गर्ने अधिकार कार्यालय प्रमुखलाई हुन्छ। कार्यालय प्रमुखले सङ्गठनको आवश्यक्ता र बिदा माग्ने कर्मचारीको बिदा बस्नुपर्नेको कारणसमेतलाई विचार गरी बिदा स्वीकृत गर्न वा अस्वीकृत गर्न सक्ने नै हुन्छ। निजले बिदाको निवेदन कार्यालय प्रमुखलाई नदिई प्रशासन शाखामा बुझाएर बिदा स्वीकृत नगराई हिँडेको भनी रिट निवेदनमा स्वीकार गरेको पाइन्छ। कुनै पनि कर्मचारी बिदामा बस्नु पर्दा अनिवार्य रूपमा बिदा स्वीकृत गराएर मात्र बस्नुपर्ने हुन्छ। कर्मचारीले बिदा स्वीकृत गराएर मात्र बिदामा बस्नुपर्ने कुरा सामान्य अनुशासनभित्र पर्दछ। रिट निवेदकले लेखेको ४ दिन बिदापछि मिति २०६७।४।२१ मा पनि हाजिर हुन कार्यालयमा नगएको भन्ने बेहोरा उक्त मितिमा गेटमा आर.पि. ड्युटीमा रहेका प्रहरी जवान सुदर्शन सापकोटाले प्रहरी जवान उद्धवप्रसाद आचार्य कार्यालयमा हाजिर हुन नआएको र मैले मेरो ड्युटीको समयमा निजलाई नदेखेको भनी दिएको प्रतिवेदनबाट समेत निज कार्यालयमा हाजिर हुन गएको नदेखिँदा कार्यालयमा हाजिर हुन जाँदा हाजिर हुन नदिएको भन्ने जिकिरसँग सहमत हुन नसकिने।

रिट निवेदकलाई सुनुवाइको मौका नदिई एकतर्फी रूपमा नोकरीबाट हटाइएको भन्ने जिकिरतर्फ

विचार गर्दा, कोही कसैउपर निजको हितविपरीत कुनै निर्णय गर्दा उचित र पर्याप्त सुनुवाइको मौका दिनुपर्ने कुरामा विवाद देखिँदैन । कानूनले नै सफाइको मौका नदिए पनि हुने अपवादको व्यवस्था गरेकोमा बाहेक स्वच्छ सुनुवाइको सुनिश्चितता गर्नु प्राकृतिक न्यायको सिद्धान्त पनि हो । यसरी हेर्दा निज निवेदकलाई सेवाबाट हटाउनुपूर्व मिति २०६७।०७।०८ मा कार्यालयमा हाजिर हुनु भनी मुलुकी ऐन, अ.बं. ११० नं. बमोजिम म्याद तामेल गरेकोमा निज कार्यालयमा हाजिर नभएपछि मिति २०६७।०७।२६ मा राष्ट्रिय दैनिक पत्रिकामा कार्यालयमा ७ दिनभित्र हाजिर हुन आउनु भनी सूचना प्रकाशित गरेको पाइन्छ । उक्त सूचना प्रकाशित भएपछि निज कार्यालयमा उपस्थित भएपछि मिति २०६७।०८।०३ मा कार्यालयमा अनुपस्थित हुनुको कारणबारे स्पष्टीकरण सोधिएकोमा निजले मिति २०६७।०८।०४ मा स्पष्टीकरणको जवाफ पेस गरेकोमा उक्त स्पष्टीकरणको जवाफ सन्तोषजनक नभएकोले पुन: मिति २०६७।०८।०४ गते स्पष्टीकरण सोधेको र निजले मिति २०६७।०८।०५ मा जवाफ पेस गरेकोमा उक्त जवाफ सन्तोषजनक नभएको हुनाले पुन: मिति २०६७।०८।०५ मा स्पष्टीकरण सोधेको र निजले सोही मितिमा स्पष्टीकरणको जवाफ दिएको मिसिल संलग्न कारबाहीसम्बन्धी फाइलबाट देखिन्छ । निजले दिएको स्पष्टीकरण सन्तोषजनक भए नभएको निर्णय गर्ने अधिकार अख्तियारवालालाई नै हुन्छ । निजलाई सेवाबाट हटाउने निर्णय गरी भएको निर्णयउपर निजले पुनरावेदन गरी पुनरावेदन सुन्ने निकायबाट पनि कानूनबमोजिम पुनरावेदन सुनी निर्णय भएको देखिन्छ । प्रहरी सङ्गठनलाई अनुशासित मर्यादित बनाई जनताको जिउधनको सुरक्षा गरी समाजमा अमन चयन कायम राख्नु, प्रहरी कर्मचारीलाई सेवामा तल्लीन बनाउनु सो सङ्गठनको नेतृत्वको भूमिका रहन्छ । कानूनले दिएको अधिकार प्रयोग गरी कानूनबमोजिम सबुद प्रमाण बुझी सुनुवाइको मौकासमेत दिई आधार र कारणसहित पर्चा खडा गरी प्रक्रियागत रूपमा अख्तियारवालाबाट निर्णय भएको हुँदा निवेदकलाई सुनुवाइको मौका नदिई नोकरीबाट हटाइएको भन्ने निवेदन जिकिर एवं निवेदकका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अत: माथि उल्लिखित आधार, कारण एवं कानूनी व्यवस्थासमेतबाट इलाका प्रहरी कार्यालय, गौरीगन्ज, झापामा दरबन्दी रही जिल्ला प्रहरी कार्यालय, झापामा कार्यरत प्रहरी जवान उद्धवप्रसाद आचार्यलाई प्रहरी नियमावली, २०४९ को नियम ८८ को देहाय (ग) र (झ) अनुसारको कसुरमा ऐ. नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीका लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, झापाका प्रहरी उपरीक्षकबाट मिति २०६७।८।६ मा भएको निर्णय तथा सो निर्णयउपर पुनरावेदन परी पूर्वक्षेत्रीय प्रहरी कार्यालय, रानी, विराटनगरका प्रहरी नायब महानिरीक्षकबाट मिति २०६८।५।१८ मा भएको निर्णय कानूनसम्मत मिलेको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सूर्यप्रसाद भण्डारी

इति संवत् २०७६ कार्तिक १४ गते रोज ५ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-२०२७, ज्यान मार्ने उद्योग र डाँका,

*नेपाल सरकार वि. विक्रम तामाङसमेत*

ज्यान मार्ने उद्योग भयो भन्नलाई मनसायपूर्वक ज्यान मार्नेसम्मको कार्य प्रतिवादीहरूबाट भएको प्रमाणले स्थापित हुनुपर्ने र तेस्रो पक्षको बचाउको कारणले प्रतिवादीहरूबाट भएको कार्य पूरा हुन नसकी पीडितको ज्यान मर्न नपाएको भन्ने कुरा देखिनुपर्ने ।

घाइते डिकबहादुर तामाङ र विपन तामाङलाई ज्यानै लिने उद्देश्यले कुटपिट गरी निजहरूसँग भएको नगद धनमालसमेत डाँका गरेको भन्ने आरोपित कसुरमा प्रतिवादीहरू इन्कार रहेका, घाइतेहरूलाई ज्यान मार्नुपर्नेसम्मको मनसाय वा पूर्वरिसइवी, कारण प्रतिवादीहरूमा रहेको भन्ने मिसिलबाट नदेखिएको साथै घाइतेहरूको घाउ जाँच केस फारामबाट निजहरूलाई सामान्य चोटपटक लागेको भन्ने देखिई ज्यानै मर्नेसम्मको गम्भीर चोटपटक लागेको, निजहरूको अवस्था गम्भीर रहेको वा मर्नेसम्मको अवस्था रहेको भन्ने पनि नदेखिएको, तेस्रो पक्षको उपस्थितिको कारण ज्यान मर्न नपाएको भन्नेसमेत नदेखिएको र प्रतिवादीहरूका सँगसाथबाट डाँका गरी लगेको भनेको नगद धनमाल केही बरामद हुन नसेकेको, त्यति ठुलो रकम सँग साथमा बोकी हिँडेको भनी विश्वास गर्न सकिने स्रोतसमेत तथ्ययुक्त तवरमा पुष्टि हुन सकेको मिसिलबाट नदेखिने ।

ज्यानसम्बन्धी महलको १५ नं. मा **"...सो काम गर्दा पनि ज्यान भने मर्न पाएको रहेनछ"** भन्ने व्यवस्थाले पनि तेस्रो तत्त्वको अप्रत्यासित उपस्थितिले रोकावट उत्पन्न गरेको भन्ने देखिनु आवश्यक देखिन्छ । प्रतिवादीहरूले पहिलेदेखि नै मानसिक रूपमा तयारी गरी जोखिमी हतियारले योजनाबद्ध रूपमा ताकेर प्रहार गरेको भन्ने नदेखिएको, अन्य कुनै काबुबाहिरको तेस्रो तत्त्वले निज प्रतिवादीहरूलाई रोकेको नपाइएको र घाइतेहरूलाई लागेको घाउ चोट मर्नेसम्मको प्रकृतिको थियो भन्ने पनि मिसिल संलग्न घाउ जाँच केस फारामहरूबाट नदेखिनु, प्रतिवादीहरूले डाँका गरी धनमाल लगेको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट पुष्टि नहुनुका साथै प्रतिवादीहरूबाट अपराधसँग सम्बन्ध राख्ने दसीको मालसामान धनमाल बरामद हुन नसक्नुसमेतको कारणबाट प्रस्तुत वारदातमा ज्यान मार्ने उद्योग तथा डाँकाको वारदात स्थापित हुन सक्ने शंकाविहीन प्रमाणिक प्राचुर्यताको अभाव रही विश्वासलायक युक्तिसङ्गत प्रत्यक्ष प्रमाणको अभावसमेत देखिँदा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम नै सजाय हुनु पर्दछ भन्ने पुनरावदेक वादी नेपाल सरकारको पुनरावेदन तथा पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नु भएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूमध्येका विधान तामाङ, रामकुमार तामाङ र कमल तामाङले ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबीबाट र सबै प्रतिवादीहरूले डाँकातर्फको अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला सो हदसम्म सदर गरी प्रतिवादीमध्येका विक्रम तामाङ, अमृत तामाङ, शुक्र तामाङ, रामबहादुर तामाङ र लक्ष्मी प्रसाद तामाङलाई ज्यान मार्ने उद्योगतर्फ कसुर ठहर गरी सजाय गर्ने गरेको भोजपुर जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म आंशिक बदर गरी प्रतिवादीहरू विक्रम तामाङ, अमृत तामाङ, शुक्र तामाङ, रामबहादुर तामाङ र लक्ष्मीप्रसाद तामाङसमेतले ज्यान मार्ने उद्योगतर्फ समेत अभियोग दाबीबाट सफाइ पाउने घटनाको प्रकृति र रूपसमेतलाई मध्यनजर राखी घटित सो वारदातको सम्बन्धमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवालाले सकार गर्न आएमा प्रस्तुत मुद्दाको मिसिलबाटै कारबाही

किनारा गरी दिने गरी कुटपिटमा परिणत हुने ठहऱ्याई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७५।०९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७७ साल जेठ १८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७६-RC-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमलेशकुमार यादव*

पुनरावेदक उपेन्द्रकुमार यादवको जाहेरीले वादी नेपाल सरकार प्रत्यर्थी सत्यनारायण यादवसमेत भएको कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतबाट मिति २०७५।१०।०९ मा सर्वस्वसहित जन्मकैद हुने ठहरी फैसला भएको कमलेशकुमार यादवको कैदमै बसेको अवस्थामा २०७४/१०/१६ मा मृत्यु भएकोले सजाय माफी हुने भएकोले जन्मकैदको लगत कट्टा गरिदिन साधक जाँचको लागि मिसिल नं. २०७३-CS-०३७७ (रे.नं.१२१९१) र २०७१-CS-०७५६ (रे.नं.१२१९१) सक्कल मिसिल र ०६८-CR-००२५ को सुरू सक्कल मिसिलसमेत थान-१ र उच्च अदालतको सक्कल मिसिल थान -२ जम्मा ३ थानसमेत यसै पत्रसाथ पठाइएको बेहोरा सादर अनुरोध छ भन्नेसमेत बेहोराको उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७६।५।१८ च.नं. २५९५ को पत्र प्राप्त भई पेस हुन आएको देखियो। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ हेर्दा *"अदालतबाट कसुरदार ठहरी सजाय पाएको व्यक्तिको मृत्यु भएमा मृत्यु हुँदाका बखतसम्म कार्यान्वयन हुन बाँकी रहेको सम्पूर्ण कैद सजाय वा जरिवाना स्वतः मिनाहा हुने छ"* भन्ने व्यवस्था भएको देखिँदा सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०७१।०५।०५ मा सर्वस्वसहित जन्मकैद हुने ठहरी भएको फैसलाअनुसार कैदमा रहेका कमलेशकुमार यादवको कैदमै बसेको अवस्थामा २०७४/१०/१६ मा मृत्यु भएकोले सजाय माफी हुने हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५८ बमोजिम सजाय माफी हुने ठहर्छ। साधक सदरको लागि प्राप्त हुन आएको उच्च अदालत जनकपुर, राजविराज इजलासको मिति ०७५।१०।०९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा सर्वश्वको सजायसम्बन्धी व्यवस्था नरहेको र सो संहिताको दफा ४० को उपदफा (२) मा सर्वस्व गर्ने व्यवस्था नरहेकोले कमलेशकुमार यादवको सर्वस्वको लगतसमेत कट्टा हुने ठहर्ने।

इजलास अधिकृत: अम्बिकाप्रसाद दाहाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७६ साल मङ्सिर २ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०६८-WO-०४६७, उत्प्रेषण, *जीतकुमारी लिम्बू वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

जिल्ला इलाम बाझो गा.वि.स. वडा नं. ९(ख) कि.नं. ५१ को जग्गा नै पुन: नाप जाँच गरी कि.नं. ३० को जग्गा भएको हो वा होइन भन्ने विषय प्रस्ट हुन आएको देखिँदैन। दधिराम लिम्बुले सो जग्गा पहिले नै छाडी सो जग्गाबापत मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ६क कि.नं. ४५ ज.वि. ४-०-० जग्गा २०३५ सालतिरै सट्टा भर्ना पाई जग्गाधनी प्रमाण पुर्जासमेत पाइसकेको भन्ने अवस्थामा दधिराम लिम्बुबाट मिति २०६३।८।१३ मा राजीनामा गरी लिएको भनिएको

उक्त कि.नं. ५१ को जग्गा २०३५ सालमा सट्टा भएका हुन्, होइनन् ? उक्त जग्गामा २०६४ सालदेखि हालसम्म मालपोत कार्यालयमा क-कसको मोठ स्रेस्ता कायम रहेको र साबिकदेखि हालसम्म कसको तिरो तिरान हुँदै आएको छ ? उक्त जग्गामा कुन कुन समयावधिमा क-कसले भोग चलन गर्दै आएका छन् र क-कसको घरबास बनेको छ ? यी सबै विषयहरूको कुरा बुझी निर्णय हुनुपर्ने देखिन्छ । सो सम्बद्ध विषयहरूका सम्बन्धमा आवश्यक सबै प्रमाण बुझी विवादित भनिएको उक्त जग्गाको निक्र्यौल गर्ने कानूनी उपचारको साधारण अधिकार क्षेत्रअन्तर्गतको मार्गहरू अवलम्बन गरी आउनुपर्नेमा इलाम जिल्लाअन्तर्गत चुलाचुली क्षेत्रको अव्यवस्थित बसोबाससम्बन्धी समस्या समाधान गर्न कानूनबमोजिम गठित अधिकार सम्पन्न निकायबाट कार्य सम्पन्न भई निकाय नै विघटन भएको लामो समयपछि आएर असाधारण अधिकारक्षेत्रको बाटो प्रयोग गरी अदालत प्रवेश गर्न मिल्ने देखिन नआउने ।

तसर्थ, माथि विवेचित तथ्यगत आधार र कारणहरूसमेतबाट उक्त विवादित भनिएको जग्गाको कानूनी उपचार साधारण अधिकार क्षेत्रबाट नै हुने र निवेदिकाले सो मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा मागबमोजिम रिट जारी हुने अवस्था नदेखिएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः माधव भण्डारी

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७६ साल मङ्सिर १२ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-WO-०४६८, उत्प्रेषण / परमादेश, *जीतकुमारी लिम्बू वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## एक न्यायाधीशको इजलास

**१**

**मा.न्या.श्री सुष्मालता माथेमा**, *०७५-WO-१२७८, उत्प्रेषण / परमादेश, नीता हमाल राणा वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

नेपालको संविधानको धारा १३३ को उपधारा (२) ले संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार यस अदालतलाई प्रदान गरेको छ । सोही परिधिभित्र रहेर असाधारण अधिकारको प्रयोग गर्नुपर्ने हुन्छ । निवेदनमा उल्लिखित निवेदकको सम्पत्तिसम्बन्धी हक अंशसँग सम्बन्धित कानूनी हक भएकोमा विवाद छैन । सो प्रचलनको लागि निज स्वयम्ले एकातर्फ उच्च अदालतको फैसला दोहोर्‍याई पाउन निवेदन दिई विचाराधीन रहेको अवस्था छ भने अर्कोतिर बन्डा मुचुल्कामा चित्त नबुझेको अवस्थामा वा मुचुल्का बेरितसँग भएमा पनि त्यसको लागि कानूनी उपचारको व्यवस्था रहेको पाइने ।

निवेदकले उच्च अदालतको उल्लिखित फैसला दोहोर्‍याई हेर्नका लागि सर्वोच्च अदालतमा दिएको निवेदन विचाराधीन रहेको भनी निवेदनमा उल्लेख गरेको देखिँदा यससम्बन्धी मुद्दाको कारबाही अदालतको साधारण अधिकार क्षेत्रअन्तर्गत भइरहेको

सन्दर्भमा पनि निवेदकको कानूनी उपचारको मार्ग नै बन्द रहेको भन्ने तथ्य स्थापित हुन सकेन। अदालतबाट ठहरेबमोजिम हुने नै हुँदा कानूनी हकको प्रचलनका लागि यी निवेदकलाई असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्नुपर्ने बाध्यात्मक स्थितिको विद्यमानता रहेको भन्ने निवेदन जिकिर कानूनसङ्गत देखिन नआउने।

त्यस्तै, अदालतको फैसला कार्यान्वयनका लागि भएको बन्डा मुचुल्कामा आफूलाई रोहबरमा नराखी नरमकरम नमिलाई बेरित र अन्यायपूर्ण भएको भन्ने निवेदन जिकिर सम्बन्धमा हेर्दा, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को फैसला कार्यान्वयनसम्बन्धी परिच्छेद २२ को दफा २५० मा फैसला कार्यान्वयनको सिलसिलामा सम्बन्धित कर्मचारीले गरेको कामकारबाहीउपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले १५ दिनभित्र सम्बन्धित जिल्ला अदालतका न्यायाधीशसमक्ष उजुर गर्नसक्ने कानूनी व्यवस्था रहेको छ। सोबमोजिम परेको उजुरीमा भएको निर्णयमा चित्त नबुझे पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिने गरी भएको नियमित कानूनी व्यवस्थाको मार्ग अवलम्बन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्रबाट न्याय माग्न आएको पाइयो । यसरी कानूनी उपचारको विकल्प हुँदाहुँदै रिट क्षेत्रलाई सुविधाका हिसाबले प्रयोग गर्न खोजेको अवस्थामा निवेदन जिकिरतर्फ प्रवेश गर्नसक्ने अवस्था नदेखिने।

उपर्युक्त कारण र आधारबाट प्रस्तुत रिट निवेदनलाई निरन्तरता दिन आवश्यक नदेखिएको हुँदा विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । रिट खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल असार ४ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सुष्मालता माथेमा,** ०७५-WO-१२८७, उत्प्रेषण / परमादेश, *नानीकाजी मगर वि. रामकाजी मगरसमेत*

जग्गा रोक्का फुकुवाका उल्लिखित आदेशहरू मुलुकी ऐन, दण्ड सजायको महलको ४६ नं. र ने.का.प. २०५९ अङ्क ९/१०, पृष्ठ ६६७, नि.नं. ७१३९ मा उल्लिखित सिद्धान्तसमेतको विपरीत भएको भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा, अदालतको फैसला अन्तिम भई हक बेहकको किनारा लागी रोक्का रहेको जग्गामध्ये विपक्षीतर्फ कायम हुनेसम्मको हकको जग्गाबाहेक गरी बाँकी फुकुवा गरिदिनु भनी सम्बन्धित मालपोतलाई लेखी पठाएकै देखियो। मुलुकी ऐन, दण्ड सजायको महलको ४६ नं. को म्यादभित्र अंशहक कायम गराउन नगएकै आधारमा अंशजस्तो नैसर्गिक हक समाप्त हुन्छ भनी अर्थ गर्न मिल्ने हुँदैन। अर्काको हक कायम भइसकेको जग्गालाई नामसारी गरी नलिई बसेको र चलन चलाउने म्याद समाप्त भइसकेको कारणबाट मात्र स्वतः आफ्नो हक कायम भएको हुँदा फुकुवा गरिदिनुपर्छ भनी लिइएको निवेदन दाबी र विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन सकिएन । निवेदकले निवेदनमा आधार लिएको फैसलामा यसप्रकार व्याख्या भएको पाइन्छ *"... तर दण्ड सजायको ४६ नं. को म्याद नघाई फैसला कार्यान्वयन नगराएको कारणले फैसला कानूनबमोजिम कार्यान्वयन हुन नसक्नु र अस्तित्वहीनताको स्थितिमा पुग्नु एउटा कुरा भएको र त्यसको विपरीत कुनै पनि अंशियारको अंशसम्बन्धी हक सो फैसला कार्यान्वयन नभएको कारणले स्वतः समाप्त हुन जाने भन्नु बेग्लै कुरा भएको देखिन आउँछ । अंश मुद्दाको फैसलाबाट फैसला कार्यान्वयन गराई पाउने हकसम्मलाई दण्ड सजायको ४६ नं. ले प्रभावित गर्ने भएकोमा अंशियार*

*भएको व्यक्तिको सगोलको अंशियारको हक समाप्त भई अंशियारै नहुने स्थितिमा फैसला कार्यान्वयन नगराएको कारणबाट पुग्नजाने भन्ने देखिन आउँदैन । दुवै थर अंशियारहरूको सम्पूर्ण हकलाई दण्ड सजायको ४६ नं. को म्याद भुक्तान भएको कारणबाट कार्यान्वयन गराउन रोक्का राखिरहनुपर्ने स्थिति नभएकोमा समेत पर्सा जिल्ला अदालत र पुनरावेदन अदालत हेटौंडाले रोक्का राख्ने गरेको क्रमशः मिति २०५७।५।८ र मिति २०५७।८।९ को आदेशहरू कानूनबमोजिमको देखिन आएन । सगोलको अंशियारको नाताबाट निवेदक जादोलाल साह कानूसमेतले कानूनबमोजिम जे जति हक हस्तान्तरण गर्न पाउने हुन् सो कुरालाई उपरोक्त अंश मुद्दाको आदेशले दण्ड सजायको ४६ नं. को म्याद भुक्तान भइसकेको स्थितिले गर्दा बन्देज लगाएको मान्न सकिने भएन । तसर्थ रिट निवेदकहरूले कानूनबमोजिमको रीत पुऱ्याई हस्तान्तरण गर्न पाउने आ–आफ्नो हकमा समेत बन्देज लाग्ने परिणामको उपरोक्त आदेशहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।"* यसरी उक्त नजिरमा समेत चलन चलाउन नआएकै कारणबाट अंशभाग समाप्त नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको देखिएबाट उक्त नजिरले निवेदकलाई मद्दत गर्न सक्ने देखिएन। अर्काको हक लाग्ने भनी न्यायिक निर्णयबाट निरूपण भइसकेको अंशभागको जग्गा हकवालाले चलन नगरेको कारण सो जग्गा पनि मेरै हुन्छ भनी कानूनी आधारबिना नै दाबी लिनुलाई कानूनी अधिकार हनन् भएको भनी मान्नसमेत मिल्ने नहुने।

अतः अदालतबाट तहतह निर्णय भई अंशहकको निरूपण भइसकेको अवस्थामा कोही आफ्नो हकको प्रचलन गर्न आएन भन्दैमा, कानूनले नै नदिएको अधिकार निवेदकले रिटमार्फत प्राप्त गर्नसक्ने अवस्था रहँदैन। आफ्नो हक नै नलाग्ने रोक्का जग्गा फुकाई जग्गाको स्वामित्व प्राप्त गर्न रिट दायर गर्ने हकदैया निवेदकमा रहेको देखिन नआएकोले सो सम्बन्धमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन। प्रस्तुत रिट प्रारम्भमै खारेज हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रावती तिमल्सेना

इति संवत् २०७६ साल असार ४ गते रोज ४ शुभम्।